# भन्सार सुधार तथा आधुनिकीकरण योजना

## आर्थिक वर्ष २०८३/८४ - २०८७/८८

### डिजिटल रूपान्तरण




### सूचनामा आधारित जोखिम व्यवस्थापन




### व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धि




### अनौपचारिक व्यापार नियन्त्रण



नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

२०८३


तीन वर्षे भन्सारसुधार तथा आधुनिकीकरण
कार्ययोजना
(२०६०–२०६३)
श्री ५ को सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ४२५९७९३ फ्याक्स् नं. ४२५९८०८
E-mail: npdoc@ntc.net.np
२०६१ श्रावण


तीन वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना (दोश्रो चरण)
(२०६३–२०६६)
नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं
२०६३ श्रावण


भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना
तेश्रो चरण
(२०६६/६७–२०६९/७०)
नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
असार, २०६६


भन्सार सुधार तथा आधुनिकीकरण
रणनीति एवं कार्य योजना
(२०७० साउन १ देखि २०७४ असार ३१)
चौथो चरण
नेपाली संस्करण
नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
काठमाण्डौ, नेपाल
२०७० असार


भन्सार सुधार तथा आधुनिकीकरण
रणनीतिहरु र कार्ययोजना
(२०७४/७५ - २०७७/७८)
नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
काठमाडौं, नेपाल
भाद्र, २०७५


भन्सार सुधार तथा आधुनिकीकरण योजना
(आर्थिक वर्ष २०७८/७९–२०८२/८३)
नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
साउन, २०७८

# भन्सार सुधार तथा आधुनिकीकरण योजना

## आर्थिक वर्ष २०८३/८४ - २०८७/८८

नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

२०८३

प्रकाशक: नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

त्रिपुरेश्वर, काठमाडौं

प्रकाशन मिति: २०८३ श्रावण

योजना तर्जुमाको लागि प्राविधिक सहायता: एशियाली विकास बैंक

नेपाल सरकार
अर्थ मन्त्रालय

डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना

व्यापार सहजीकरण, राजस्व संकलन, सीमा सुरक्षा, राष्ट्रिय अर्थतन्त्रको संरक्षण तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनमा भन्सार प्रशासनको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। बदलिँदो विश्व व्यापार प्रणाली, डिजिटल अर्थतन्त्र, इ-कमर्स, आपूर्ति शृङ्खलाको सुरक्षा, अतिकम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति एवं सुशासनप्रतिको बढ्दो अपेक्षालाई दृष्टिगत गर्दै भन्सार सेवालाई पारदर्शी, आधुनिक र सेवाग्राहीमैत्री बनाउनु आजको आवश्यकता हो।

**सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०८३-२०८८)** को सफल कार्यान्वयनबाट वैधानिक व्यापारको समय र लागत उल्लेख्य रूपमा घट्ने, वैध व्यापार प्रवर्द्धन हुने, राजस्व संरक्षण सुदृढ हुने र मुलुकमा लगानीमैत्री वातावरण निर्माणमा ठूलो योगदान पुग्ने विश्वास लिएको छु।

नेपालको समग्र आर्थिक रूपान्तरण र समृद्धिको यात्रामा यो योजना मजबुत आधार बन्नेछ भन्ने अपेक्षा गरेको छु। यस योजनाको कार्यान्वयनमा सबै सरोकारवालाको सक्रिय सहभागिता र साझा प्रतिबद्धता रहने विश्वास राख्दै सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु।

डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

टेलिफोन नं: +९७७-१-४२११८०९ ; इमेल: swarnim.wagle@mof.gov.np ; वेबसाईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

## मन्तव्य

आर्थिक सुशासन, दिगो राजस्व परिचालन, व्यापार सहजीकरण तथा अन्तर्राष्ट्रिय व्यापारको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा भन्सार प्रशासनको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ । आधुनिक, पारदर्शी, प्रविधिमैत्री र उत्तरदायी भन्सार प्रशासनले मात्र आर्थिक विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्न उल्लेखनीय योगदान पुऱ्याउँछ ।

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (२०८३-२०८८) यसै उद्देश्यलाई मूर्तरूप दिन तयार गरिएको रणनीतिक दस्तावेज हो । यो योजनाले राष्ट्रिय विकास नीति तथा अन्तर्राष्ट्रिय मापदण्डसँग तादात्म्यता कायम गर्दै व्यापार सहजीकरण, राजस्व व्यवस्थापन, जोखिममा आधारित नियन्त्रण प्रणाली, डिजिटल रूपान्तरण तथा संस्थागत क्षमता विकासलाई एकीकृत रूपमा अघि बढाएको छ ।

विशेषतः सूचना प्रविधिमा आधारित सेवा प्रवाह, कृत्रिम बौद्धिकता, तथ्याङ्क विश्लेषणको उपयोग, अन्तर-निकाय समन्वय, नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विस्तार, कागजरहित जाँचपास, जोखिम व्यवस्थापन प्रणालीको सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित व्यवस्थापनले भन्सार प्रशासनलाई थप प्रभावकारी, पारदर्शी, जिम्मेवार र विश्वसनीय बनाउने अपेक्षा गरेको छु । यस योजनाको कार्यान्वयनबाट राजस्व परिचालन सुदृढ हुनुका साथै वैध व्यापार प्रवर्द्धन, निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा लगानीमैत्री वातावरण निर्माणमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु ।

यस योजना तर्जुमा कार्यमा संलग्न भन्सार विभाग परिवारप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । योजनाको सफल कार्यान्वयनका लागि सम्बद्ध उद्योगी, व्यवसायी र अन्य सम्पूर्ण सरोकारवालाबीच प्रभावकारी समन्वय र प्रतिबद्धता कायम रहने विश्वास समेत व्यक्त गर्दछु ।

डा. घनश्याम उपाध्याय
सचिव
अर्थ मन्त्रालय, सिंहदरबार।

१५ श्रावण, २०८३

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७ .
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२११११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:-
च.नं.:-

# प्रतिवद्धता

नेपालको भन्सार प्रशासनले विगत दुई दशकदेखि सुधार योजनाको कार्यान्वयन गर्दै कानुनी, प्रक्रियागत, संस्थागत तथा प्रविधिगत क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ। निरन्तर सुधारको प्रयासलाई थप परिणाममुखी, दिगो र भविष्य उन्मुख बनाउने उद्देश्यले **सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना** (२०८३–२०८८) तर्जुमा गरिएको छ।

योजनाको तर्जुमा प्रक्रियामा विगतका भन्सार सुधार योजनाको समीक्षा, अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन, सम्बन्धित नीति तथा कानुनी व्यवस्थाको विश्लेषण तथा सरकारी निकाय, निजी क्षेत्र, विकास साझेदार, विज्ञ र अन्य सरोकारवालासँग व्यापक परामर्श गरिएको छ। यस योजनामा समावेश गरिएका रणनीति, उद्देश्य, क्रियाकलाप तथा कार्यहरू कार्यान्वयनयोग्य, मापनयोग्य र परिणाममुखी ढङ्गले तयार गरिएको छ। साथै, यस योजनाको कार्यान्वयनको लागि स्पष्ट कार्ययोजना तयार गरिएको र सो को अनुगमन गर्ने प्रणाली विकास गरी कार्यान्वयन सुनिश्चित गर्ने प्रयास गरिएको छ।

यस योजनाले व्यापार सहजीकरण, राजस्व व्यवस्थापन, नियन्त्रण तथा समाजको संरक्षण, भन्सार स्वचालन तथा नवप्रवर्तन र संस्थागत विकासलाई पाँच रणनीतिक आधारस्तम्भका रूपमा निर्धारण गर्दै नेपालको भन्सार प्रशासनलाई पूर्ण रूपमा डिजिटल, कृत्रिम बुद्धिमत्तामा आधारित, सेवाग्राहीमैत्री तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको आधुनिक संस्थाका रूपमा विकास गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

यस योजनाको प्रभावकारी कार्यान्वयनमार्फत "पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस" सेवा प्रवाह, जोखिममा आधारित निर्णय प्रणाली, पारदर्शी राजस्व व्यवस्थापन, सुरक्षित सीमा व्यवस्थापन तथा संस्थागत सुशासनलाई व्यवहारमा उतार्न भन्सार विभाग पूर्ण रूपमा प्रतिबद्ध छ। यस योजनाले नेपालको भन्सार प्रशासनलाई विश्वसनीय, उत्तरदायी, नवप्रवर्तनशील तथा भविष्यउन्मुख संस्थाका रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु। प्रस्तुत योजनाको सफल कार्यान्वयनमा सबै पक्षको निरन्तर सहयोग र सहकार्य रहने विश्वास समेत व्यक्त गर्दछु।

यस योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्नुहुने माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, तथा अर्थ मन्त्रालय परिवारमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै, योजना तर्जुमामा सहयोग पुऱ्याउनुहुने विभाग तथा भन्सार कार्यालयहरू, सरकारी तथा निजी क्षेत्रका सरोकारवाला, विकास साझेदार संस्थाहरूमा आभार व्यक्त गर्दछु। यस योजना तर्जुमामा प्रत्यक्ष रूपमा संलग्न योजना तर्जुमा कार्यदलका कर्मचारी र विज्ञहरूप्रति विशेष आभार व्यक्त गर्दछु। साथै, यस योजना तर्जुमाको लागि प्राविधिक सहयोग उपलब्ध गराउने एसियाली विकास बैङ्कलाई समेत विशेष धन्यवाद दिन चाहन्छु।

**श्रावण,** २०८३

यमलाल भूसाल
**महानिर्देशक**

# विषय सूची


**छोटकरी रूप** ............ क

**कार्यकारी सारांश** ............ ङ

**परिच्छेद १– सामान्य जानकारी** ............ १

१.१ समष्टिगत आर्थिक परिदृश्य र भन्सार प्रशासन ............ १

१.२ नेपालको भन्सार प्रशासनको अवस्था ............ ४

१.३ भन्सार सुधारको योजनाबद्ध विकास ............ ६

१.३.१ पहिलो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०६०/६१-०६२/६३)............ ६

१.३.२ दोस्रो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०६३/६४-०६५/६६)............ ६

१.३.३ तेस्रो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०६६/६७-०६९/७०)............ ७

१.३.४ चौथो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०७०/७१-०७३/७४)............ ७

१.३.५ पाँचौं भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना (२०७४/७५-०७७/७८)............ ७

१.३.६ छैटौं भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना (२०७७/७८-०८२/८३)............ ८

१.४ भन्सार प्रशासनका विद्यमान चुनौतीहरू ............ १०

**परिच्छेद २– भन्सार सुधार तथा आधुनिकीकरण योजना** ............ १२

२.१ औचित्य ............ १२

२.२ सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाको खाका तथा कार्यान्वयन समयावधि ............ १२

२.३ दूरदृष्टि ............ १३

२.४ ध्येय ............ १३

२.५ मूल्य मान्यताहरू ............ १३

२.६ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ............ १५

२.६.१ रणनीतिक आधारस्तम्भ (उपलब्धि) १ः व्यापार सहजीकरण ............ १५

रणनीति (प्रतिफल) १ः अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल वैदेशिक व्यापार सहजीकरण गर्ने ............ १५

रणनीति (प्रतिफल) २ः आर्थिक रूपान्तरणमा भन्सारको योगदान अभिवृद्धि गर्ने ............ १६

रणनीति (प्रतिफल) ३ः यात्रु जाँचपास सुदृढ गर्ने ............ १७

२.६.२ रणनीतिक आधारस्तम्भ (उपलब्धि) २ः राजस्व व्यवस्थापन ............ १८

रणनीति (प्रतिफल) ४ः राजस्व व्यवस्थापन सुदृढ गर्ने ............ १८

२.६.३ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ३ः नियन्त्रण तथा समाजको संरक्षण ............ १९

रणनीति (प्रतिफल) ५ः सूचना विश्लेषणमा आधारित नियन्त्रणको लागि आधार निर्माण गर्ने ............ १९

रणनीति (प्रतिफल) ६ः भन्सारको नियन्त्रण क्षमता सुदृढ गर्ने ............ २०

रणनीति (प्रतिफल) ७ः समाजको संरक्षण तथा हरित भन्सारका उपायहरू अवलम्बन गर्ने ............ २१

रणनीति (प्रतिफल) ८ः भन्सार प्रयोगशालाको आधुनिकीकरण र सेवाहरूको विस्तार गर्ने ............ २२

२.६.४ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ४: भन्सार स्वचालन तथा नवप्रवर्तन ................................ २३

रणनीति (प्रतिफल) ९: स्वचालन तथा अन्तरआवद्ध प्रणालीको विकास गर्ने ............................. २३

२.६.५ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ५: संस्थागत विकास .................................................. २४

रणनीति (प्रतिफल) १०: सक्षम, उत्तरदायी तथा भविष्य उन्मुख भन्सार सङ्गठन निर्माण गर्ने .............. २४

२.७ प्रमुख उपलब्धि सूचकहरू ........................................................................................... २५

**परिच्छेद ३ – भन्सार रूपान्तरणका क्षेत्रहरू** ................................................................... **२७**

१. डिजिटल रूपान्तरणः भन्सार प्रशासन पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस प्रशासनको रूपमा रूपान्तरण ......... २७

२. सूचनामा आधारित जोखिम व्यवस्थापनः कृत्रिम बुद्धिमत्तामा र डेटामा आधारित प्रशासनतर्फ रूपान्तरण.........२८

३. व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धिः निर्यात प्रवर्द्धन, SME सहजीकरण तथा उत्पादनशील उद्योग सहजीकरणतर्फ रूपान्तरण ........................................................................................................२८

४. अनौपचारिक व्यापार नियन्त्रणः सुदृढ समन्वयात्मक सीमा व्यवस्थापनतर्फ रूपान्तरण ..............................२९

**परिच्छेद ४ – बजेट अनुमान तथा स्रोत व्यवस्थापन** ......................................................... **३०**

४.१ बजेट अनुमान ................................................................................................. ३०

क) बजेट संरचना .................................................................................................. ३०

ख) रणनीतिक आधारस्तम्भगत बजेट ...................................................................... ३०

ग) रणनीतिगत बजेट ............................................................................................ ३०

४.२ स्रोत व्यवस्थापन ..............................................................................................३१

**परिच्छेद ५– योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन** .................................................... **३३**

५.१ योजना तर्जुमा ................................................................................................. ३३

५.२ योजना कार्यान्वयन ..........................................................................................३४

५.३ व्याख्यात्मक टिप्पणी ........................................................................................३५

५.४ अनुगमन तथा मूल्याङ्कन ................................................................................... ३५

५.५ कार्यान्वयनका चुनौती र मान्यताहरू ...................................................................... ३६

**अनुसूची १– भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना** ................................................**३९**

**अनुसूची २– बजेट अनुमानको गणना विधि** .................................................................. **११८**

**अनुसूची ३– भन्सार सुधार अनुगमन सूचना प्रणाली** ........................................................ **१२२**

**अनुसूची ४– योजना तर्जुमा निर्देशन समिति तथा प्राविधिक कार्यटोली** ................................. **१२५**

**अनुसूची ५ – योजना तर्जुमाको चरणमा सम्पन्न अन्तरक्रिया र छलफलमा सहभागीहरूको सूची** ................ **१२६**

# छोटकरी रूप

| | |
|---|---|
| ABP | Authorized Business Person |
| ACV | Agreement on Customs Valuation |
| AI | Artificial Intelligence |
| API | Advanced Passenger Information |
| BBIN MVA | Bangladesh, Bhutan, India and Nepal Motor Vehicle Agreement |
| BCP | Business Continuity Plan |
| BI | Business Intelligence |
| BIA | Business Impact Analysis |
| BPR | Business Process Reengineering |
| CBM | Coordinated Border Management |
| CBRA | Cross Border Regulatory Agency |
| CBRN | Chemical, Biological, Radioactive, Nuclear |
| CIU | Co-ordination and Implementation Unit |
| CMAA | Customs Mutual Assistance Agreement |
| CPC | Customs Procedure Code |
| CRMP | Customs Reform and Modernization Plan |
| CRMS | Customs Risk Management System |
| CTFC | Central Trade Facilitation Committee |
| CVDS | Customs Valuation Database System |
| DNPWC | Department of National Parks and Wildlife Conservation |
| DOC | Department of Customs |
| ECTS | Electronic Cargo Tracking System |
| FIU | Financial Intelligence Unit |
| FTIS | Fourier Transform Infrared Spectrophotometry |
| GATT | General Agreement on Tariffs and Trade |
| GCMS | Gas Chromatography–Mass Spectrometry |
| GCP | Green Customs Program |
| GDP | Gross Domestic Product |
| GESI | Gender Equality and Social Inclusion |
| HPLC | High-Pressure Liquid Chromatography |
| HRD | Human Resource Development |
| IMF | International Monetary Fund |
| IPR | Intellectual Property Rights |
| IVR | Interactive Voice Response |
| KPI | Key Performance Indicators |
| KSA | Knowledge Skills Attitude |
| LDC | Least Developed Country |
| LIMS | Laboratory Information Management System |

| | |
|---|---|
| LPCO | License Permit Certificates and Others |
| LTFC | Local Trade Facilitation Committee |
| MEA | Multilateral Environment Agreement |
| ML | Machine Learning |
| MOF | Ministry of Finance |
| MOU | Memorandum of Understanding |
| MRA | Mutual Recognition Agreement |
| NCCIS | Nepal Customs Compliance Improvement Strategy |
| NECAS | Nepal Customs Automation System |
| NII | Non-Intrusive Inspection |
| NNSW | Nepal National Single Window |
| NTIS | National Trade Integration Strategy |
| OECD | Organization for Economic Co-operation and Development |
| OGA | Other Government Agency |
| PBIMS | Performance Based Information Management System |
| PCA | Post Clearance Audit |
| PNR | Passenger Name Record |
| RILO | Regional Intelligence Liaison Office |
| RKC | Revised Kyoto Convention |
| SASEC | South Asia Sub-Regional Economic Cooperation |
| SLA | Service Level Agreement |
| SME | Small and Medium Enterprises |
| TBML | Trade Based Money Laundering |
| TFA | Trade Facilitation Agreement |
| TNA | Training Need Assessment |
| TRS | Time Release Study |
| TSC | Tariff Specification Code |
| UNCTAD | United Nations Conference on Trade and Development |
| UNODC | United Nations Organization on Drugs and Crime |
| WCO | World Customs Organization |
| WTO | World Trade Organization |
| XRF | X-ray fluorescence |

**भन्सार विभागका शाखाहरूसँग सम्बन्धित**

| | |
|---|---|
| ACS | Arrears and Collection Section |
| ARS | Administrative Review Section |
| CFS | Client Facilitation Section |
| CRIRS | Customs Reform and International Relations Section |
| CS | Classification Section |
| CVS | Customs Valuation Section |
| FAS | Financial Administration Section |
| GAHRDS | General Administration and Human Resource Development Section |
| IS | Investigation Section |
| ITIS | Information Technology Infrastructure and Security Section |
| ITSADS | Information Technology System Automation and Development Section |
| LSS | Live Surveillance Section |
| LS | Laboratory Section |
| MS | Monitoring Section |
| PTS | Policy Tariff Section |
| RMS | Risk Management Section |
| SMS | Statistics Management Section |

# कार्यकारी सारांश

## पृष्ठभूमी

नेपालको भन्सार प्रशासन अन्तर्राष्ट्रिय व्यापारको मुख्य प्रवेशद्वार, राजस्व परिचालनको प्रमुख आधार र सीमा व्यवस्थापनको महत्त्वपूर्ण संस्थागत संयन्त्र हो। आर्थिक वर्ष २०८१/८२ मा भन्सार प्रशासनबाट सङ्कलित राजस्वले कुल राजस्वमा ३७ प्रतिशतभन्दा बढी र कुल कर राजस्वमा ४१ प्रतिशतभन्दा बढी योगदान गरेको छ। यही तथ्यमा उभिएर भन्सार प्रशासनले व्यापार सहजीकरण, सीमा सुरक्षाजस्ता अन्य रणनीतिक क्षेत्रलाई समेत अगाडि बढाइरहेको छ। विगत दुई दशकमा कार्यान्वयन गरिएका छ वटा भन्सार सुधार तथा आधुनिकीकरण योजनाले नेपालको भन्सार प्रशासनलाई सुधार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। यस अवधिमा नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) र नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW) जस्ता स्वचालन प्रणालीहरूको विकास गरी प्रयोगमा ल्याइएको छ। यसका साथै जोखिममा आधारित जाँचपास तथा जाँचपासपछिको परीक्षण, मूल्याङ्कन प्रणालीमा सुधार, व्यापार सहजीकरण, भौतिक पूर्वाधार विकास एवम् अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल कानुनी र प्रक्रियागत सुधारजस्ता क्षेत्रमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। तथापि, डिजिटल अर्थतन्त्र, ई-कमर्स, क्षेत्रीय आबद्धता, आपूर्ति शृङ्खलाको सुरक्षा, विकासशील मुलुकमा स्तरोन्नति भए पछिको चुनौती, राजस्व चुहावट नियन्त्रण र सूचनामा आधारित निर्णय प्रणालीका नयाँ आवश्यकताले नेपालको भन्सार प्रशासनलाई अब अझ गहिरो र परिणाममुखी सुधार मार्फत रूपान्तरणतर्फ अघि बढाउन वाञ्छनीय देखिएको छ।

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (वि.सं. २०८३-२०८८) ले नेपालको भन्सार प्रशासनलाई व्यापार सहजीकरण, सुरक्षित सीमा व्यवस्थापन, डिजिटल सेवा प्रवाह र बुद्धिमत्तामा आधारित निर्णय प्रणालीबाट सञ्चालित आधुनिक प्रशासनको रूपमा रूपान्तरण गर्ने दीर्घकालीन रणनीति लिएको छ। यस योजनालाई नेपालको सोह्रौं योजना, Domestic Revenue Mobilization Strategy, वाणिज्य नीति, नेपाल व्यापार एकीकृत रणनीति (NTIS), उच्चस्तरीय आर्थिक तथा कर सुधार सुझाव आयोगका प्रतिवेदन लगायतमा उल्लेखित राष्ट्रिय नीतिगत प्राथमिकता तथा विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता, विश्व भन्सार सङ्गठनको संशोधित क्योटो महासन्धि, WCO SAFE Framework, WCO Data Model, SASEC Trade Facilitation Framework, BBIN Motor Vehicle Agreement र Electronic Cargo Tracking System (ECTS) जस्ता अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मापदण्डसँग आबद्ध गरिएको छ। यस योजना तर्जुमा गर्दा भन्सार विभाग, प्रमुख भन्सार कार्यालयहरू, निजी क्षेत्र, आयातकर्ता, निर्यातकर्ता, उद्योग व्यवसायी, विज्ञहरू तथा SMEs सहितका सरोकारवालासँग विस्तृत परामर्श गरिएको छ। भन्सार विभागका महानिर्देशकको नेतृत्वमा गठित निर्देशक समिति र भन्सार

सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाको निर्देशकको नेतृत्वमा रहेको योजना तर्जुमा प्राविधिक कार्य टोलीले योजना तर्जुमाको कार्य गरेको छ। यस कार्यमा एसियाली विकास बैङ्कका विज्ञ सल्लाहकारबाट प्राविधिक सहायता समेत प्राप्त भएको छ।

यो सुधार योजना केवल एउटा नीतिगत दस्तावेज मात्र नभई सञ्चालन तहमा सेवाग्राही, भन्सार कर्मचारी, व्यवसायी र सीमा नियमन निकायले प्रत्यक्ष अनुभव गर्न सक्ने रूपान्तरणको कार्यान्वयन खाका समेत हो। यस सातौं योजना भित्र दुरदृष्टि (Vision), ध्येय (Mission), मूल्य मान्यता (Values), ५ रणनीतिक आधारस्तम्भ, १० रणनीति, ३१ उद्देश्य, ८० क्रियाकलाप तथा ३६९ कार्यहरू समेटिएको छ। यस योजनाले अन्तर्राष्ट्रिय व्यापारलाई सहज र सुरक्षित बनाउँदै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्न योगदान पुऱ्याउने अग्रणी भन्सार प्रशासन हुने दुरदृष्टि (Vision) अघि सारेको छ। यसको ध्येय (Mission) "पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस" भन्सार सेवा उपलब्ध गराउनु हो। यसै गरी योजनाले सदाचारिता, सेवा उत्कृष्टता, व्यावसायिक दक्षता, नवप्रवर्तन, पारदर्शिता र पारस्परिक सम्मान तथा शिष्टाचारलाई आफ्नो मूल मूल्य मान्यताका रूपमा ग्रहण गरेको छ।

यस भन्सार सुधार तथा आधुनिकीकरण योजनाले पाँचवटा प्रमुख आधारस्तम्भहरूलाई केन्द्रबिन्दुमा राखी सुधारका कार्य अघि सारेको छ।

### पहिलो आधारस्तम्भः व्यापार सहजीकरण

यस आधारस्तम्भले नेपालको भन्सार प्रशासनमा WTO TFA, RKC लगायतका अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गर्दै सीमापार व्यापार लाई छिटो, पारदर्शी, पूर्वानुमानयोग्य र व्यवसायमैत्री बनाउने लक्ष्य राखेको छ। कानुनी तथा नीतिगत सुधार, भन्सार प्रक्रियाको सरलीकरण र पुनर्संरचना, कागजरहित तथा डिजिटल जाँचपास, कार्यसम्पादन मापन, ई-कमर्स र द्रुत जाँचपास, आन्तरिक तथा अन्तर्राष्ट्रिय समन्वयात्मक सीमा व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा निरन्तरतालाई प्राथमिकतामा राखिएको छ। योजना कार्यान्वयनबाट स्वैच्छिक अनुपालन, गुनासो व्यवस्थापन, सूचना प्रवाह र सेवाग्राही केन्द्रित सेवा प्रवाहको प्रवर्द्धन गरी व्यापार लागत, समय र प्रशासनिक जटिलता घटाइनेछ। साथै, निर्यातमूलक उद्योग र साना तथा मझौला उद्यमको सहजीकरण, यात्रु जाँचपासको आधुनिकीकरण, द्विपक्षीय तथा क्षेत्रीय रूपमा भन्सार प्रशासनहरूसँग सहकार्य, आन्तरिक तथा अन्तरदेशीय सूचना आदानप्रदान जस्ता पहलमार्फत वैध व्यापारको विस्तार, उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, राजस्व संरक्षण, सीमा सुरक्षा र सेवाको गुणस्तर अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

### दोस्रो आधारस्तम्भः राजस्व व्यवस्थापन

यस आधारस्तम्भले नेपालको भन्सार प्रशासनले गर्ने राजस्व व्यवस्थापनलाई निष्पक्ष, पारदर्शी, पूर्वानुमानयोग्य, तथ्यमा आधारित र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउँदै आर्थिक विकासमा योगदान

पुऱ्याउने लक्ष्य राखेको छ। महसुल दर संरचनाको वैज्ञानिक पुनरावलोकन, WTO प्रतिबद्धताअनुरूप महसुल संरचनामा सुधार, HS 2028 संस्करणको कार्यान्वयन, WTO Customs Valuation Agreement (ACV) को प्रभावकारी कार्यान्वयन, किटानी घोषणा, भन्सार मूल्याङ्कन डाटाबेस (CVDS) को स्तरोन्नति, जोखिममा आधारित मूल्याङ्कन र डिजिटल विश्लेषण क्षमताको विकासलाई यसले समेटेको छ। राजस्व व्यवस्थापनलाई सुदृढ गर्न महसुल छुट व्यवस्थालाई पारदर्शी, डिजिटल र दुरूपयोगरहित बनाउँदै Tax Expenditure Mechanism तर्फ क्रमिक रूपान्तरण गर्ने विषयलाई जोड दिएको छ। राजस्व पूर्वानुमान मोडेल, वास्तविक समयमा राजस्व सङ्कलनको अनुगमन, विश्लेषणात्मक निर्णय प्रणाली, पूर्ण विद्युतीय भुक्तानी, अन्तरआबद्ध सूचना प्रणाली र राजस्व विश्लेषण संयन्त्रमार्फत राजस्व चुहावट न्यूनीकरण, वैध व्यापार प्रवर्द्धन, वित्तीय अनुशासन र सार्वजनिक स्रोतको प्रभावकारी परिचालन सुनिश्चित गर्ने अपेक्षा गरेको छ।

## तेस्रो आधारस्तम्भः नियन्त्रण तथा समाजको संरक्षण

यस आधारस्तम्भले व्यापार सहजीकरण र प्रभावकारी नियन्त्रणबीच सन्तुलन कायम गर्दै नेपालको भन्सार प्रशासनलाई सूचना तथा जोखिममा आधारित, प्रविधिमैत्री र समन्वयात्मक नियन्त्रण प्रणालीमा आधारित आधुनिक प्रशासनको रूपमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ। Data Governance and Analytics को पूर्वाधार विकास, जोखिम व्यवस्थापनमा AI को प्रयोग, Post Clearance Audit (PCA) को सुदृढीकरण, व्यापारिक छली तथा Trade-based Money Laundering (TBML) नियन्त्रण, चोरी निकासी-पैठारी नियन्त्रण, Non-Intrusive Inspection (NII) उपकरणको प्रयोग र अन्तर-निकाय समन्वयलाई सुदृढ गरिनेछ। समाज, वातावरण र राष्ट्रिय सुरक्षाको संरक्षणका लागि निषेधित, प्रतिबन्धित तथा हानिकारक वस्तुको अवैध कारोबार, लागूऔषध, नक्कली वस्तु, नियन्त्रित वन्यजन्तुजन्य स्रोत, सांस्कृतिक सम्पदा र जोखिमयुक्त सामग्रीमाथि प्रभावकारी निगरानी गरिनेछ। WCO Green Customs Program, बहुपक्षीय वातावरणीय सम्झौता, आधुनिक भन्सार प्रयोगशाला, Laboratory Information Management System (LIMS) र वैज्ञानिक परीक्षण क्षमता विकास मार्फत प्रमाणमा आधारित नियन्त्रण तथा निर्णय प्रणाली सुदृढ गरिनेछ।

## चौथो आधारस्तम्भः भन्सार स्वचालन तथा नवप्रवर्तन

यस आधारस्तम्भले नेपालको भन्सार प्रशासनलाई पूर्णतः डिजिटल, अन्तरआबद्ध, डेटा-सञ्चालित र नवप्रवर्तनमुखी प्रशासनका रूपमा विकास गर्ने लक्ष्य राखेको छ। पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस सेवा प्रवाहका लागि NECAS, NNSW तथा अन्य प्रणालीहरूको प्रभावकारी कार्यान्वयन, अन्तरआबद्धता कायम गर्दै प्रणालीमा नसमेटिएका बाँकी प्रक्रियालाई स्वचालित बनाइनेछ। अन्य सरकारी निकाय, वित्तीय संस्था र विदेशी भन्सार प्रशासनहरूसँग वास्तविक समयमा सूचना आदानप्रदान, डिजिटल कार्यप्रवाह र सेवा प्रवाहको आधुनिकीकरणमार्फत व्यापार सहजीकरण, पारदर्शिता र कार्यदक्षता

अभिवृद्धि हुनेछ। Customs Business Intelligence (BI), विश्लेषणात्मक प्रतिवेदन, तथ्यमा आधारित निर्णय प्रणाली, गुणस्तरीय वैदेशिक व्यापार तथ्याङ्क, साइबर सुरक्षा, Central User Authentication, सूचना सुरक्षा र डिजिटल पूर्वाधारको विश्वसनीयताले भन्सार प्रणालीलाई सुरक्षित, निरन्तर र भरपर्दो रूपमा सञ्चालन गर्न आधार प्रदान गर्नेछ।

### पाँचौं आधारस्तम्भः संस्थागत विकास

यस आधारस्तम्भले नेपालको भन्सार प्रशासनलाई सक्षम, व्यावसायिक, उत्तरदायी र भविष्य उन्मुख संस्थाका रूपमा विकास गर्दै दिगो सुधारलाई संस्थागत गर्ने लक्ष्य राखेको छ। पूर्वाधारको आधुनिकीकरण, कार्यात्मक पुनर्संरचना, नेतृत्व तथा मानव स्रोत विकास, कार्यसम्पादनमा आधारित व्यवस्थापन, ज्ञान व्यवस्थापन, अनुसन्धान तथा नवप्रवर्तन, सरोकारवालाको क्षमता अभिवृद्धि र साझेदारी प्रवर्द्धनलाई यसले प्राथमिकता दिएको छ। Competency-based Human Resource Development Framework, तालिम र विशिष्टीकृत संस्थागत संयन्त्रमार्फत दक्ष, परिणाममुखी र परिवर्तन व्यवस्थापन गर्न सक्षम जनशक्ति विकास गरिनेछ। सुशासन, निष्ठा, पारदर्शिता, उत्तरदायित्व र सेवामुखी कार्य संस्कृतिलाई संस्थागत गर्दै Anti-Commercial Fraud Unit, Green Customs Laboratory, Research and Innovation Unit र Integrity Unit जस्ता संरचनाहरूको व्यवस्थापन र सुदृढीकरण गरिनेछ।

### प्रमुख उपलब्धि सूचकहरू (KPI)

यस योजनाको प्रगति मापन गर्न रणनीतिक आधारस्तम्भ र रणनीति स्तरमा अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने प्रमुख कार्यसम्पादन सूचकहरू (KPIs) निर्धारण गरिएको छ। यी सूचकहरूले व्यापार सहजीकरण, राजस्व व्यवस्थापन, नियन्त्रण तथा समाजको संरक्षण, डिजिटल रूपान्तरण र संस्थागत प्रगतिलाई वस्तुगत रूपमा मापन गर्ने आधार प्रदान गर्नेछन्। विक्रम सम्वत् २०८८ सम्म औसत भन्सार जाँचपास समय १० प्रतिशतले घटाउने, WTO TFA को अनुपालनस्तर ९० प्रतिशतभन्दा माथि पुऱ्याउने, मूल्यको आधारमा वस्तुको भौतिक निरीक्षण दर २० प्रतिशत वा सोभन्दा कममा सीमित गर्ने, सबै जाँचपासलाई कागजरहित बनाइने, LPCO जारी गर्ने सबै निकायहरूलाई NNSW मा आबद्ध गर्ने, TBML को अनुसन्धान गर्ने, र जाँचपासमा संलग्न सबै भन्सार कर्मचारीलाई कम्तीमा एक विषयमा तालिम उपलब्ध गराउने लक्ष्य राखिएको छ।

### भन्सार रूपान्तरणका क्षेत्रहरू

सातौं सुधार योजनाको कार्यान्वयनबाट चारवटा क्षेत्रहरूमा रुपान्तरणकारी सुधार हुने अपेक्षा गरिएको छ। पहिलो, डिजिटल रूपान्तरणमार्फत भन्सार प्रक्रिया "पेपरलेस, कन्टयाक्टलेस र फेसलेस" हुनेछ। दोस्रो, Business Intelligence, AI तथा Machine Learning मा आधारित जोखिम विश्लेषण प्रणालीको विकास हुनेछ। तेस्रो, निकासी तथा पैठारी प्रक्रियामा सरलीकरणबाट व्यापारको प्रतिस्पर्धी क्षमता वृद्धि

हुनेछ। चौथो, सीमा सुरक्षा तथा अन्तर-निकाय समन्वय मार्फत वैध व्यापारको सहजीकरण र अवैध कारोबार नियन्त्रण गरिनेछ।

### बजेट अनुमान

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाका कार्यक्रमहरू कार्यान्वयनका लागि योजना अवधिमा कूल रू. ७ अर्ब ५६ लाख रकम लाग्ने अनुमान गरिएको छ। यसमा पुँजीगत खर्च रु. ५ अरब ९१ करोड १२ लाख (करिब ८४%) र कार्यक्रम खर्च रु. १ अर्ब ०९ करोड ४४ लाख (करिब १६%) परिचालन हुने अनुमान गरिएको छ।

### योजना तर्जुमा तथा कार्यान्वयन

प्रस्तुत सातौं सुधार योजनाको तर्जुमा गर्दा विगतका योजनाको समीक्षा तथा विश्लेषण, अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन र सरोकारवालासँग परामर्श, राष्ट्रिय नीतिहरू, विभिन्न आयोग/समितिका सुझाव, WCO तथा WTO ले निर्धारण गरेका अन्तर्राष्ट्रिय मापदण्ड र भन्सार प्रशासनको व्यावहारिक सन्दर्भलाई समायोजन गरिएको छ। प्रभावकारी कार्यान्वयनका लागि विभागका शाखा र कार्यालयलाई जिम्मेवार बनाइ कार्यान्वयनको अनुगमन गर्ने संयन्त्र समेत तोकिएको छ।

### अनुगमन तथा मूल्याङ्कन

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न भन्सार विभागका महानिर्देशकको संयोजकत्वमा एक निर्देशन समिति र उपमहानिर्देशकको संयोजकत्वमा एक समन्वय तथा कार्यान्वयन एकाइ रहनेछ। योजनामा समावेश भएका कार्यहरूको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनको लागि भन्सार सुधार अनुगमन सूचना प्रणाली विकास गरी अर्धवार्षिक तथा वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन र डिजिटल प्रणालीमार्फत कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

### कार्यान्वयनका चुनौती र मान्यताहरू

योजनाको सफल कार्यान्वयनका लागि नीतिगत, कानुनी, वित्तीय, संस्थागत, समन्वयात्मक, प्राविधिक, सरोकारवाला र बाह्य वातावरणसँग सम्बन्धित प्रमुख चुनौतीहरूको पूर्व पहिचान गरी तिनको व्यवस्थापनका लागि स्पष्ट मान्यता र न्यूनीकरणका उपायहरू समावेश गरिएको छ। सरकारी बजेट र विकास साझेदारको सहयोग, कानुनी तथा सङ्गठनात्मक सुधार, अन्तर निकाय समन्वय, सूचना प्रविधि प्रणालीको दिगोपन, योग्यतामा आधारित मानव स्रोत व्यवस्थापन, प्रभावकारी परिवर्तन व्यवस्थापन, निजी क्षेत्रको सक्रिय सहभागिता तथा विपद् र बाह्य आर्थिक जोखिमप्रति संस्थागत तयारीलाई सफल कार्यान्वयनका आधारभूत पूर्व सर्तका रूपमा लिइएको छ। कार्यान्वयनका चुनौतीहरूलाई योजना

कार्यान्वयनको अभिन्न अङ्गका रूपमा समेट्दै सम्भावित चुनौतीहरूलाई समयमै सम्बोधन गरी सुधार कार्यक्रमलाई दिगो, लचकशील (Resilient) र परिणाममुखी रूपमा अघि बढाउने आधार तयार गरिएको छ।

## भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना

भन्सार सुधारका ५ आधारस्तम्भमा आधारित १० रणनीति र ती रणनीतिलाई कार्यान्वयनमा लैजान ३१ उद्देश्य तर्जुमा गरिएको छ। ती उद्देश्य अन्तर्गत ८० क्रियाकलाप पहिचान गरिएका छन् र प्रत्येक क्रियाकलाप कार्यान्वयनका लागि ३६९ कार्यहरू निर्धारण गरी तिनको उपलब्धि सूचक, कार्यान्वयन गर्ने समय सीमा, आवश्यक बजेट र कार्यान्वयन गर्ने जिम्मेवार निकाय किटान गरिएको छ।

## निष्कर्ष

समग्रमा, सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाले नेपालको भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय असल अभ्यासअनुरूप व्यापार सहजीकरण, राजस्व व्यवस्थापन, सीमा सुरक्षा, समाज तथा वातावरण संरक्षण, डिजिटल रूपान्तरण र संस्थागत सुदृढीकरण गर्ने आधुनिक, बुद्धिमत्तामा आधारित र सेवामुखी प्रशासनका रूपमा विकास गर्ने लक्ष्य राखेको छ। रूपान्तरणमुखी सुधार कार्यक्रम, स्पष्ट कार्यान्वयन संरचना, मापनयोग्य कार्यसम्पादन सूचक, र प्रभावकारी जोखिम व्यवस्थापनमार्फत यस योजनाले नेपालको आर्थिक रूपान्तरण, वैध व्यापार प्रवर्द्धन, राजस्व व्यवस्थापन, सीमा व्यवस्थापन र सुशासनमा महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। सरकार, निजी क्षेत्र, विकास साझेदार र अन्य सरोकारवालाको सक्रिय सहकार्य तथा साझा प्रतिबद्धताबाट यो योजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। यसको प्रभावकारी कार्यान्वयनबाट वि.सं. २०८८ सम्म नेपालको भन्सार प्रशासन डिजिटल, पारदर्शी, विश्वसनीय, सेवाग्राहीमैत्री र भविष्य उन्मुख संस्थाका रूपमा स्थापित हुने विश्वास लिइएको छ।

# सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना परिदृष्य




## व्यापार सहजीकरण

**अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल वैदेशिक व्यापार सहजीकरण गर्ने**

- ७ उद्देश्य
- १९ क्रियाकलाप
- ८१ कार्य

**आर्थिक रूपान्तरणमा भन्सारको योगदान अभिवृद्धि गर्ने**

- १ उद्देश्य
- ३ क्रियाकलाप
- ११ कार्य

**यात्रु जाँचपास सुदृढ गर्ने**

- १ उद्देश्य
- ३ क्रियाकलाप
- १४ कार्य

## राजस्व व्यवस्थापन

**राजस्व व्यवस्थापन सुदृढ गर्ने**

- ४ उद्देश्य
- ८ क्रियाकलाप
- ४६ कार्य


नियन्त्रण तथा समाजको संरक्षण
सूचना विश्लेषणमा आधारित नियन्त्रणको लागि आधार निर्माण गर्ने
१ उद्देश्य
३ क्रियाकलाप
५ कार्य
भन्सारको नियन्त्रण क्षमता सुदृढ गर्ने
३ उद्देश्य
८ क्रियाकलाप
५१ कार्य
समाजको संरक्षण तथा हरित भन्सारका उपायहरू अवलम्बन गर्ने
२ उद्देश्य
६ क्रियाकलाप
१७ कार्य
भन्सार प्रयोगशालाको आधुनिकीकरण र सेवाहरूको विस्तार गर्ने
3 उद्देश्य
६ क्रियाकलाप
23 कार्य
भन्सार स्वचालन तथा नवप्रवर्तन
स्वचालन तथा अन्तरआवद्ध प्रणालीको विकास गर्ने
४ उद्देश्य
१० क्रियाकलाप
५२ कार्य
संस्थागत विकास
सक्षम, उत्तरदायी तथा भविष्य उन्मुख भन्सार सङ्गठन निर्माण गर्ने
५ उद्देश्य
१४ क्रियाकलाप
६९ कार्य

# परिच्छेद १ - सामान्य जानकारी

## १.१ समष्टिगत आर्थिक परिदृश्य र भन्सार प्रशासन

नेपालको अर्थतन्त्र संरचनागत रूपान्तरण, क्षेत्रीय आर्थिक एकीकरण, डिजिटल प्रविधिको तीव्र विस्तार र अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा बढ्दो अन्तरनिर्भरताको चरणबाट अघि बढिरहेको छ। पछिल्ला वर्षहरूमा विश्वव्यापी महामारी, आपूर्ति शृङ्खलामा देखिएका अवरोध, भूराजनीतिक तनाव तथा ऊर्जा र खाद्य सुरक्षासम्बन्धी चुनौतीहरूले विश्व अर्थतन्त्रलाई प्रभावित गरेतापनि नेपालको अर्थतन्त्रले भने क्रमशः पुनरुत्थानको सङ्केत देखाएको छ। आर्थिक गतिविधिमा आएको सुधार, विप्रेषण आप्रवाहमा भएको वृद्धि, विदेशी मुद्रा सञ्चितिको सुदृढ अवस्था र वैदेशिक व्यापारको विस्तारले चुनौतीका बीच पनि समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याएका छन्। नेपालको समष्टिगत आर्थिक परिदृश्यलाई तल संक्षेपमा प्रस्तुत गरिएको छः

### (क) आर्थिक वृद्धि, उत्पादन संरचना तथा मूल्य स्थिति

आर्थिक वर्ष २०८१/८२ मा अर्थतन्त्रको आकार करिब रु. ६१ खर्ब ९९ अर्ब ८७ करोड पुगेको छ। सो वर्ष कुल गार्हस्थ्य उत्पादन (GDP) वृद्धि दर ४.४३ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ। उक्त अवधिमा कृषि, उद्योग तथा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः ३.०५ प्रतिशत, ३.४ प्रतिशत र ४.३६ प्रतिशतले वृद्धि भएको छ। मूल्य स्थितिका दृष्टिले आर्थिक वर्ष २०८१/८२ को वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति औसत ४.७२ प्रतिशत रहेको छ।

पछिल्ला दशकहरूमा नेपालको आर्थिक संरचनामा उल्लेखनीय परिवर्तन आएको छ। कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ तर सोही अनुरूप उद्योग क्षेत्रमा योगदान बढ्न सकेको छैन। कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान दुई अङ्क भन्दा कममा सीमित हुन पुगेको छ। सेवा क्षेत्रको हिस्सा निरन्तर बढ्दै गएको छ। हाल कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६० प्रतिशतभन्दा बढी पुगेको छ। तर उद्योग क्षेत्र अपेक्षित रूपमा विस्तार हुन नसक्दा अर्थतन्त्र अझै आयातमुखी छ। अर्थात्, नेपालको उत्पादनमुखी आर्थिक आधार अझै पर्याप्त रूपमा विस्तार हुन सकेको छैन।

### (ख) वैदेशिक व्यापार, प्रतिस्पर्धात्मकता तथा आर्थिक रूपान्तरण

नेपालको आर्थिक विकासमा वैदेशिक व्यापारको महत्त्वपूर्ण भूमिका रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु. २७७ अर्बभन्दा बढी पुगेको छ।

भारततर्फको निर्यातमा उल्लेखनीय वृद्धि भएको छ भने चीन तथा अन्य मुलुकतर्फको निर्यात पनि क्रमशः विस्तार हुँदै गएको छ।

अर्कोतर्फ, कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु. १८ खर्बभन्दा बढी पुगेको छ। औद्योगिक कच्चा पदार्थ, पेट्रोलियम पदार्थ, खाद्यान्न, निर्माण सामग्री तथा उपभोग्य वस्तुहरूको आयात उच्च रहेको छ। घरेलु उत्पादन क्षमताको सीमितता र बढ्दो उपभोग प्रवृत्तिका कारण आयात निर्भरता अझै उच्च हुँदै गएको छ।

आर्थिक वर्ष २०८१/८२ मा नेपालको वस्तु निर्यात/आयात अनुपात १५.३६ प्रतिशत रहेको छ। अर्थात् नेपालले प्रत्येक रु. १ को निर्यातको तुलनामा करिब रु. ६.५१ बराबरको वस्तु आयात गरेको छ। फलस्वरूप व्यापार घाटाको उच्च आयतनले अर्थतन्त्रको स्थायित्वमा चुनौती खडा गरेको छ।

आर्थिक वर्ष २०८१/८२ मा निर्यात वृद्धि उत्साहजनक भए तापनि निर्यात संरचना अझै सीमित वस्तु र सीमित बजारमा केन्द्रित रहेको छ। उच्च मूल्य अभिवृद्धियुक्त उत्पादनहरूको हिस्सा न्यून रहनु दीर्घकालीन व्यापार प्रतिस्पर्धात्मकताका लागि चुनौतीको विषय बनेको छ।

### (ग) विप्रेषण, विदेशी विनिमय सञ्चिति

आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाह १९.२ प्रतिशतले वृद्धि भई रु. १,७२३ अर्बभन्दा बढी पुगेको छ। विप्रेषणले विदेशी मुद्रा आर्जन, गरिबी न्यूनीकरण, उपभोग विस्तार तथा वित्तीय स्थायित्वमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। आर्थिक वर्ष २०८१/८२ मा विदेशी मुद्रा सञ्चिति रु. २,६७७ अर्बभन्दा बढी पुगेको छ, जुन १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

विदेशी मुद्रा सञ्चितिले बाह्य क्षेत्रको स्थायित्व र आर्थिक लचकता सुदृढ भएको देखाउँछ। तथापि, दीर्घकालीन आर्थिक रूपान्तरणका लागि विप्रेषणमा अत्यधिक निर्भरता मात्र पर्याप्त आधार हुन सक्दैन। विप्रेषणबाट सिर्जित वित्तीय स्रोतलाई उत्पादन, उद्यमशीलता, निर्यात तथा पूर्वाधार विकासतर्फ परिचालन गर्नु आवश्यक छ।

### (घ) राजस्व सङ्कलन

नेपालको राजस्व सङ्कलनमा भन्सार प्रशासनको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा कुल राजस्व सङ्कलन ११ प्रतिशतभन्दा बढीले वृद्धि भई रु. १,१७९ अर्बभन्दा बढी पुगेको छ। यसमा कर राजस्व रु. १,०४९ अर्ब र गैर कर राजस्व रु. १२८ अर्ब रहेको छ।

सोही आर्थिक वर्षमा भन्सार कार्यालयहरूले रु. ४३४ अर्ब राजस्व सङ्कलन गरेका छन्। यसरी भन्सार प्रशासनले सङ्कलन गरेको राजस्व कुल राजस्वको करिब ३६ प्रतिशत तथा कर राजस्वको ४१ प्रतिशतभन्दा बढी रहेको छ।

### (ङ) सुशासन, डिजिटल रूपान्तरण तथा अन्तर्राष्ट्रिय दायित्व

विश्वव्यापी रूपमा व्यापार प्रणाली र सार्वजनिक सेवा प्रवाह तीव्र रूपमा डिजिटल रूपान्तरणतर्फ उन्मुख भइरहेका छन्। नेपाल सरकारले पनि डिजिटल नेपाल, सुशासन र सार्वजनिक सेवा सुधारलाई उच्च प्राथमिकता दिएको छ। भन्सार प्रशासन यस रूपान्तरणको अग्रपङ्क्तिमा रहेको निकाय हो। कागजरहित जाँचपास, विद्युतीय भुक्तानी, राष्ट्रिय एकद्वार प्रणाली, जोखिम व्यवस्थापन प्रणाली, डेटा विश्लेषण तथा अन्तर प्रणाली आबद्धताका लागि गरिएका पहलहरूले भन्सार सेवाको गुणस्तर र विश्वसनीयता अभिवृद्धि भएको छ।

नेपाल WTO, WCO तथा विभिन्न क्षेत्रीय स्तरका सङ्गठनहरूको सदस्यका रूपमा अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न प्रतिबद्ध छ। व्यापार सहजीकरण सम्झौता (TFA), संशोधित क्योटो महासन्धि (RKC), SAFE Framework लगायतका अन्तर्राष्ट्रिय मापदण्डहरूको प्रभावकारी कार्यान्वयनले नेपालको व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरमा विश्वास निर्माण गर्न सहयोग पुऱ्याउँदै आएको छ।

### (च) अल्पविकसित मुलुक (LDC) बाट विकासशील मुलुकमा स्तरोन्नति

अल्पविकसित राष्ट्र (LDC) बाट विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि आवश्यक प्रति व्यक्ति राष्ट्रिय आय, मानव विकास सूचक तथा आर्थिक एवं वातावरणीय जोखिम सूचकमा निर्धारण गरिएका न्यूनतम मापदण्ड पूरा गरी नेपाल आगामी सन् नोभेम्बर २०२६ मा स्तरोन्नति हुने घोषणा भइसकेको छ। तथापि, मुलुकको वर्तमान आर्थिक, सामाजिक तथा विकासगत अवस्थालाई दृष्टिगत गर्दै नेपाल सरकारले स्तरोन्नतिको मिति सन् नोभेम्बर २०३० सम्म सार्न संयुक्त राष्ट्रसंघ समक्ष अनुरोध गरेको छ।

### (छ) भन्सार प्रशासनको रणनीतिक महत्त्व

आर्थिक वृद्धि, निर्यात विस्तार, लगानी प्रवर्द्धन, LDC स्तरोन्नति, डिजिटल अर्थतन्त्रको विकास तथा अन्तर्राष्ट्रिय व्यापारमा प्रतिस्पर्धी हुने लक्ष्यहरू प्राप्त गर्न सक्षम, आधुनिक र विश्वसनीय भन्सार प्रशासन अपरिहार्य छ। भन्सार प्रशासनले व्यापार सहजीकरण, निर्यात प्रवर्द्धन, आर्थिक रूपान्तरण, सीमा सुरक्षा, अन्तर निकाय समन्वय, वातावरणीय संरक्षण तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनमा समेत सक्रिय भूमिका निर्वाह गर्नुपर्दछ। आधुनिक प्रविधिमा आधारित जोखिम व्यवस्थापन, कागजरहित तथा सम्पर्करहित भन्सारको सेवाले व्यापार लागत घटाउने, व्यावसायिक वातावरण सुधार गर्ने, राजस्व संरक्षण गर्ने तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने आधार तयार गर्नेछ। यो कार्य भन्सार सुधारको दीर्घकालीन रणनीतिअनुरूप तयार गरिने योजनाबद्ध मार्गचित्रबाट मात्र सम्भव हुनेछ।

यसै सन्दर्भमा सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना तर्जुमा गरिएको छ। यसले नेपालको भन्सार प्रशासनलाई डिजिटल, बुद्धिमत्तामा आधारित, सेवा उन्मुख तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूपको आधुनिक संस्थामा रूपान्तरण गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। योजनाको सफल कार्यान्वयनले नेपालको आर्थिक समृद्धि, व्यापार प्रतिस्पर्धात्मकता तथा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। भन्सार सुधार योजनाको पूर्ण कार्यान्वयन पश्चात् भन्सार प्रशासनले बहुआयामिक भूमिका निर्वाह गर्दै राष्ट्रिय आकांक्षा पूरा गर्न सक्षम र महत्त्वपूर्ण निकायका रूपमा आफूलाई रूपान्तरण गर्नेछ।

## १.२ नेपालको भन्सार प्रशासनको अवस्था

भन्सार विभाग अन्तर्गत ३९ वटा मूल भन्सार कार्यालयहरू तथा एक भन्सार जाँचपास परीक्षण कार्यालय रहेका छन्। भारतीय सीमातर्फ २६ वटा, चीनको सीमातर्फ ९ वटा, आन्तरिक परिवहनमा आधारित १ वटा (चोभार) र अन्तर्राष्ट्रिय विमानस्थलमा आधारित ३ वटा मूल भन्सार कार्यालयहरू रहेका छन्। विभिन्न मूल भन्सार कार्यालयहरू अन्तर्गत १८ वटा छोटी भन्सार कार्यालयहरू रहेका छन्।

प्रादेशिक स्तरमा कोशी प्रदेश मा ७ वटा मूल भन्सार कार्यालय, मधेस प्रदेशमा ८ वटा मूल भन्सार कार्यालय, बाग्मती प्रदेशमा भन्सार विभाग, १ भन्सार जाँचपास परीक्षण कार्यालय र ५ वटा मूल भन्सार कार्यालय, गण्डकी प्रदेशमा ४ वटा मूल भन्सार कार्यालय, लुम्बिनी प्रदेशमा ८ वटा मूल भन्सार कार्यालय, कर्णाली प्रदेशमा २ वटा मूल भन्सार कार्यालय र सुदूर पश्चिम प्रदेशमा ५ वटा मूल भन्सार कार्यालयहरू रहेका छन्। कोशी प्रदेश र गण्डकी प्रदेशमा भारत र चीन दुबैतर्फ जोडने भन्सार नाका रहेका छन्। मधेस प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा भारततर्फमात्र जोडने भन्सार नाका रहेका छन् भने बाग्मती प्रदेश र कर्णाली प्रदेशमा चीनतर्फमात्र जोडने भन्सार नाका रहेका छन्। काठमाडौंमा रहेको भन्सार जाँचपास परीक्षण कार्यालय अन्तर्गत हाल विराटनगर, वीरगञ्ज र भैरहवामा इकाई कार्यालयहरू समेत रहेका छन्।

आर्थिक वर्ष २०८१/०८२ को राजस्व सङ्कलनको दृष्टिबाट नेपालका प्रमुख भन्सारहरूमा वीरगञ्ज (४७%), भैरहवा (२०%), विराटनगर (७%), त्रिभुवन विमानस्थल (५%), नेपालगञ्ज (४%), तातोपानी (४%) र मेची (३%) रहेका छन्। कुल राजस्वमा यी ७ भन्सार कार्यालयहरूको योगदान करिब ९६ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/०८२ को निकासी पैठारी मूल्यको दृष्टिकोणबाट नेपालका प्रमुख भन्सार कार्यालयहरू वीरगञ्ज (४६%), भैरहवा (१४%), विराटनगर (१४%), त्रिभुवन विमानस्थल (९%),

रसुवा (४%), नेपालगञ्ज (४%) र मेची (३%) रहेका छन्। कुल निकासी पैठारी मूल्यमा यी सात भन्सारहरूको योगदान करिब ९१ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/०८२ को निकासी पैठारी प्रज्ञापन पत्र सङ्ख्याको दृष्टिकोणबाट नेपालका प्रमुख भन्सार कार्यालयहरू वीरगञ्ज (३२%), भैरहवा (२०%), विराटनगर (१३%), त्रिभुवन विमानस्थल (१३%), नेपालगञ्ज (५%), मेची (४%) र कृष्णनगर (३%) रहेका छन्। यी ७ भन्सार कार्यालयहरूको कुल प्रज्ञापन पत्र सङ्ख्यामा करिब ९० प्रतिशत हिस्सा रहेको छ।

आर्थिक वर्ष २०८१/०८२ मा कुल ५२६४ भन्सार उपशीर्षक अन्तर्गतका मालवस्तुहरू पैठारी भएकोमा वीरगञ्जबाट ४३२५ (८२%), भैरहवाबाट ४००२ (७६%), त्रिभुवन विमानस्थलबाट ३७३२ (७१%), विराटनगरबाट ३४०३ (६५%) र रसुवाबाट २८६१ (५४%) भन्सार उपशीर्षकका मालवस्तु पैठारी भएको देखिन्छ।

यी प्रमुख भन्सार कार्यालयहरू मध्ये वीरगञ्ज, भैरहवा, विराटनगर, त्रिभुवन विमानस्थल, मेची, तातोपानी र नेपालगञ्जमा भन्सारको भौतिक पूर्वाधार राम्रो रहेको छ भने रसुवा भन्सारमा भौतिक पूर्वाधार पुनर्निर्माण भइरहेको छ। त्यसै गरी भैरहवा एकीकृत जाँच चौकी निर्माणको अन्तिम चरणमा रहेको छ भने चाँदनी दोधारामा नयाँ भौतिक पूर्वाधार निर्माणको कार्य प्रारम्भ भएको छ।

नेपाल र भारतबीचको व्यापार सन्धिले २७ वटा नाकाहरूलाई द्विपक्षीय व्यापार नाकाका रूपमा स्वीकृत गरेको छ। नेपाल भारतबीचको पारवहन सन्धिले १५ वटा नाकाहरूबाट तेस्रो मुलुकसँग व्यापार गर्न पारवहनको सुविधा उपलब्ध गराएको छ। नेपाल र भारतबीचको पारवहन सन्धिबाट नेपाललाई तेस्रो मुलुकसँगको व्यापारका लागि कलकत्ता/हल्दिया बन्दरगाह, विशाखापट्नम बन्दरगाह र फुलबारी (भारत)-बंगलाबन्द (बङ्गलादेश) स्थल मार्ग उपलब्ध छन्।

नेपाल र जनवादी गणतन्त्र चीन बीच सम्पन्न व्यापार एवम् भुक्तानी सम्झौताले नेपाल र चीन बीच द्विपक्षीय व्यापारका लागि ६ वटा नाका स्वीकृत गरेको छ। नेपाल र जनवादी गणतन्त्र चीन बीच सम्पन्न बन्दरगाह व्यवस्थापन सम्बन्धी सम्झौता (२०१२) ले स्वीकृत छ वटा नाकाहरू मध्ये तीनवटा नाकाहरू- यारी/पुलान, रसुवा/जिलोङ र कोदारी/जाङ्मुलाई अन्तर्राष्ट्रिय व्यापारको लागि समेत उपयोग गर्न सक्ने नाका र बाँकी तीन नाकाहरू- नेचुङ/लिजी, ओलाङचुङगोला/रियु, किमाथान्का/छेन्ताङलाई द्विपक्षीय व्यापार गर्ने नाकाका रूपमा स्थापित गरेको छ।

नेपाल र चीनबीच सम्पन्न पारवहन यातायात सम्झौता (२०१६) र तत्सम्बन्धी प्रोटोकल (२०१८) ले समुद्रसम्मको पहुँचका लागि चारवटा सामुद्रिक बन्दरगाहहरू- Tianjin, Shenzhen, Lianyungang and Zhanjiang र तीनवटा सुक्खा बन्दरगाहहरू- Lanzhou, Lhasa and Xigatse उपलब्ध गराएको छ।

नेपालको बङ्गलादेशसँग हुने द्विपक्षीय तथा तेस्रो मुलुकसम्मको व्यापारका लागि ६ वटा स्वीकृत नाका र बन्दरगाहहरू छन्। यी ६ वटा विन्दुहरू मध्ये बिरोल, बंगलाबन्द, चिलहाटी र बेनापोल नाकाहरू हुन् भने खुलना र चटगाउँ बन्दरगाह हुन्।

## १.३ भन्सार सुधारको योजनाबद्ध विकास

नेपालको भन्सार प्रशासनको सुधार तथा आधुनिकीकरण यात्रा वि.सं. २०६० सालमा तीन वर्षे कार्य योजना (२०६०/६१-२०६२/६३) बाट संस्थागत रूपमा अघि बढेको हो। करिब तेइस वर्षको अवधिमा कार्यान्वयन भएका ६ वटा सुधार योजना तथा रणनीतिहरूले भन्सार प्रशासनलाई क्रमशः कानुनी एवम् प्रक्रियागत सुधार, पूर्वाधार विकास, स्वचालन र जोखिममा आधारित आधुनिक प्रणालीतर्फ रूपान्तरण गर्न योगदान दिएका छन्। हालसम्मका योजनाहरू र तिनबाट प्राप्त मुख्य उपलब्धिहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छः

### १.३.१ पहिलो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०६०/६१-०६२/६३)

भन्सार प्रशासनको सुधार र आधुनिकीकरणलाई योजनाबद्ध रूपमा अगाडि बढाउने यो पहिलो प्रयास थियो। यस योजनाको कार्यान्वयनबाट भन्सार मूल्याङ्कन प्रणालीमा सुधार, भन्सार प्रक्रियाको सरलीकरण र सामञ्जस्यीकरण, भौतिक पूर्वाधार विकास, सदाचारिता प्रवर्द्धन तथा यात्रु जाँचपास प्रक्रियामा सुधार जस्ता आधारभूत उपलब्धि हासिल भएको थियो। यसले भावी सुधार योजनाहरूका लागि प्रारम्भिक संस्थागत आधार समेत तयार गरेको थियो।

### १.३.२ दोस्रो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०६३/६४-०६५/६६)

दोस्रो योजनाले भन्सार सुधारलाई कानुनी, प्रक्रियागत र सूचना व्यवस्थापनको तहमा थप व्यवस्थित बनाएको थियो। विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कन सम्झौताको कार्यान्वयन, अन्तर्राष्ट्रिय असल अभ्यासहरू समेटेर नयाँ भन्सार ऐन तथा नियमावली तर्जुमा, मूल्याङ्कन प्रणालीको सरलीकरणका लागि मूल्याङ्कन डेटाबेस सफ्टवेयर विकास, प्रत्येक दुई महिनामा भन्सार कार्यालयहरूलाई अन्तर्राष्ट्रिय मूल्य सूची उपलब्ध गराउने अभ्यास, भन्सार कार्यालयहरूमा व्यापार सहजीकरण समितिको गठन, भन्सार विभागको वेब पेज निर्माण, भन्सारसम्बन्धी परिपत्रहरूको सङ्कलन र प्रकाशन, सुक्खा बन्दरगाह भन्सार कार्यालयमा मोबाइल स्क्यानरको प्रयोग, सशस्त्र फ्लाइङ स्क्वाडको कार्यान्वयन, मालवस्तु घोषणा भएको दुई घण्टाभित्र जाँचपास गर्ने व्यवस्था तथा कार्यसम्पादन सूचकहरूको विकास र कार्यान्वयन यस योजनाका प्रमुख उपलब्धि हुन्।

### १.३.३ तेस्रो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०६६/६७-०६९/७०)

तेस्रो योजनाले स्वचालन, जोखिम व्यवस्थापन र भौतिक पूर्वाधार विकासलाई थप विस्तार गर्‍यो। मेची, तातोपानी, कृष्णनगर, गौर, सुक्खा बन्दरगाह र नेपालगञ्ज भन्सार कार्यालयहरूमा आशिकुडा प्रणाली सुरु भएको थियो। त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा ब्रोकर मोड्यूल, जोखिम व्यवस्थापन र सेलेक्टिभिटी मोड्यूल कार्यान्वयनमा ल्याइएको थियो। विराटनगर, वीरगञ्ज, भैरहवा र नेपालगञ्ज भन्सार कार्यालयहरूमा एकीकृत जाँचचौकी निर्माणका लागि सम्झौता सम्पन्न भएको थियो भने वीरगञ्जमा सुक्खा बन्दरगाह सञ्चालनमा आएको र भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना भएको थियो।

### १.३.४ चौथो भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना (२०७०/७१-०७३/७४)

चौथो योजना अवधिमा भन्सार स्वचालन र संस्थागत संरचना विकासमा उल्लेखनीय प्रगति भयो। आशिकुडा++ प्रणालीलाई स्तरोन्नती गरी भन्सार जाँचपास प्रक्रियामा आशिकुडा वर्ल्ड प्रणाली कार्यान्वयनमा ल्याइयो। विभागमा भन्सार सुधार तथा आधुनिकीकरण शाखा र सूचना प्रविधि शाखा स्थापना गरियो। संशोधित क्योटो महासन्धिको नेपाल पक्ष राष्ट्र बन्ने तयारी पूरा भयो। हस्तलिखित प्रज्ञापन पत्र हटाई विद्युतीय प्रणालीबाटै प्रज्ञापन पत्र जारी गर्ने व्यवस्था सुरु गरियो। ब्रोकर मोड्यूललाई १० प्रमुख भन्सार कार्यालयहरूमा विस्तार गरियो र गौर, जलेश्वर, जनकपुर, सर्लाही तथा सुनसरी गरी थप पाँच भन्सार कार्यालयहरूमा आशिकुडा प्रणाली लागू गरियो। विभागमा इन्टेलिजेन्स इकाई र जोखिम व्यवस्थापन समिति गठन गर्नुका साथै प्रमुख भन्सार कार्यालयहरूमा जोखिम व्यवस्थापन इकाई स्थापना गरियो। छ वटा प्रमुख भन्सार कार्यालयहरूमा जोखिममा आधारित जाँचपास अर्थात् आशिकुडाको सेलेक्टिभिटी मोड्यूल लागू गरियो। समकक्षी भन्सार कार्यालयहरूमा कार्य समयमा एकरूपता कायम गर्ने प्रयास गरियो। एकीकृत जाँच चौकीहरूको निर्माणको सुरुवात र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरियो। यसै अवधिमा १० भन्सार कार्यालयहरू इन्ट्रानेटमा आबद्ध भए, चार भन्सार कार्यालयमा इन्टरनेट प्रोटोकल क्यामरा जडान गरी विभागबाटै अवलोकन गर्न थालियो। आशिकुडासँग आबद्ध १० भन्सार कार्यालयमा विभागबाटै प्रज्ञापन पत्रको प्रत्यक्ष अनुगमन सुरु गरियो। भन्सार विभाग, विराटनगर, वीरगञ्ज, भैरहवा, मेची र त्रिभुवन विमानस्थल भन्सार कार्यालयहरूमा सेवाग्राही सेवा कक्ष स्थापना गरिए।

### १.३.५ पाँचौं भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना (२०७४/७५-०७७/७८)

पाँचौं योजना अवधिमा आशिकुडा वर्ल्ड प्रणाली लागू भएपछि विभिन्न मोड्यूलहरूको विस्तारमार्फत स्वचालित भन्सार प्रणालीको ठोस आधार तयार भयो। आशिकुडा वर्ल्डअन्तर्गत १३ भन्सार कार्यालयहरूमा छनोट प्रणाली, आठ भन्सार कार्यालयहरूमा कार्गो प्रवेश तथा निष्कासन नियन्त्रण प्रणाली, २४ भन्सार कार्यालयहरूमा मूल्याङ्कन मोड्यूल र २५ भन्सार कार्यालयहरूमा बैङ्क ग्यारेन्टी

व्यवस्थापन तथा बैङ्कमार्फत राजस्व सङ्कलन गर्ने मोड्यूल कार्यान्वयन गरियो। त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा मालवस्तु डिपोजिट/जफत व्यवस्थापन मोड्यूल र म्यानिफेस्ट मोड्यूल लागू गरियो। यससँगै नेपालको ९९.८ प्रतिशत वैदेशिक व्यापार आशिकुडा वर्ल्ड प्रणालीको दायरामा समेटिएको थियो।

यस अवधिमा भन्सार पूर्वाधार विकासमा पनि महत्त्वपूर्ण उपलब्धि हासिल भए। भन्सार विभाग र त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा अत्याधुनिक भवन निर्माण भई सञ्चालनमा आए। तातोपानी, सती, कैलाली र जलेश्वर भन्सार कार्यालयहरूमा भवन निर्माण सम्पन्न भई सञ्चालनमा ल्याइए। वीरगञ्ज र विराटनगरका एकीकृत जाँच चौकी निर्माण सम्पन्न भई सञ्चालनमा आए।

भन्सार विभागको प्रयोगशालामा अत्याधुनिक मेसिनरी जडान गरियो। पूर्वादेश प्रणाली कार्यान्वयन गरी व्यवसायीहरूलाई पूर्वानुमानयोग्य सेवा उपलब्ध गराइयो। तीन भन्सार कार्यालयमा मालवस्तु छुटाउन लाग्ने समयको अध्ययन (Time Release Study) सम्पन्न गरियो। नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विकास र प्रारम्भिक कार्यान्वयन सुरु भयो। यसै अवधिमा मित्रराष्ट्र चीनको भन्सार प्रशासनसँग भन्सारसम्बन्धी पारस्परिक सहयोग सम्झौता सम्पन्न भयो।

### १.३.६ छैटौं भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना (२०७७/७८-०८२/८३)

छैटौं योजनाको अवधिमा हासिल भएका प्रमुख उपलब्धिहरू देहाय बमोजिम रहेका छन्:

- व्यापार सहजीकरण सम्झौता तथा संशोधित क्योटो महासन्धिका महत्त्वपूर्ण प्रावधानहरूलाई समेटी भन्सार ऐन, २०८२ जारी भएको छ।
- भन्सार नियमावली, २०८३ तर्जुमा गरी लागू गरिएको छ।
- भन्सार महसुल ऐन, २०८१ र भन्सार महसुल नियमावली, २०८१ लागू (Enacted) गरिएको छ।
- नेपाल राष्ट्रिय एकद्वार प्रणालीअन्तर्गत ३३ निकायका लागि मोड्यूलहरू तयार भएका छन्। LPCO जारी गर्ने निकायहरू मध्ये १४ निकायहरू एकद्वार प्रणालीमा आबद्ध भई सेवा प्रवाह गरिरहेका छन्। यस प्रणालीबाट निकासीका लागि Country of Origin प्रमाणपत्र जारी गर्ने कार्यसमेत सुरु भएको छ।
- नेपाल भन्सार स्वचालित प्रणाली ३० भन्सार कार्यालयहरूमा विस्तार गरिएको छ। २७ भन्सार कार्यालयहरूमा विद्युतीय माध्यमबाट राजस्व भुक्तानी सुविधा उपलब्ध भएको छ। २४ कार्यालयहरूमा कागजरहित निकासी प्रणाली सुरु गरिएको छ। २७ कार्यालयहरूमा छनोट प्रणाली (Selectivity Module) र Gate entry Module कार्यान्वयन भएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा Manifest Module लागू गरिएको छ भने २९ भन्सार कार्यालयहरूमा Bank Guarantee Management Module कार्यान्वयन गरिएको छ।

- प्रज्ञापन पत्रसँगै भौतिक रूपमा बुझाउनुपर्ने धेरै कागजातहरू आशिकुडा वर्ल्ड प्रणालीमा अपलोड गर्न सकिने भएकाले कागजातविहीन भन्सार जाँचपासका लागि आवश्यक आधार तयार गरी निकासीको हकमा पेपरलेस निकासी कार्यान्वयन गरिएको छ।
- विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयन भएको छ।
- भन्सारको लागि GESI Action Plan तयार गरी कार्यान्वयनमा ल्याइएको छ।
- भन्सार मूल्याङ्कन डाटाबेस प्रणाली कार्यान्वयन गरिएको छ।
- भन्सार नियमावली २०८३ मार्फत निकासी पैठारी गर्दा आवश्यक पर्ने कागजातहरूको सङ्ख्या घटाइएको छ।
- अधिकृत व्यावसायिक व्यक्ति (Authorized Business Person) सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।
- कानुन, व्यापार तथ्याङ्क, बुलेटिन, वार्षिक प्रतिवेदन, सूचना तथा अन्य सामग्रीहरू भन्सार विभागको वेबसाइटमा नियमित रूपमा अद्यावधिक हुँदै आएका छन्।
- केन्द्रीय तथा स्थानीय व्यापार सहजीकरण समितिका बैठकहरू सञ्चालन भइरहेको र बैठकबाट भएका निर्णयहरू कार्यान्वयन हुँदै आएका छन्।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण वार्षिक रूपमा सम्पन्न गरिएको छ।
- भन्सार जाँचपास परीक्षण निर्देशिका, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- व्यापार सहजीकरण समिति, राजस्व चुहावट नियन्त्रण समिति र समकक्षी भन्सार प्रशासनबीच केन्द्र तथा स्थानीय स्तरमा बैठकहरू सञ्चालन गरिएको छ।
- पशु, खाद्य तथा प्लान्ट क्वारेन्टाइनले जारी गर्ने अनुमति पत्र, इजाजत पत्र, प्रमाणपत्र र अन्य कागजातसमेत समेट्ने नेपाल राष्ट्रिय एकद्वार प्रणाली सन् २०२१ जनवरी २६ मा शुभारम्भ भई हाल देशभरका प्रमुख भन्सार कार्यालयहरूमा विस्तार गरिएको छ।
- भन्सार विभागमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका कार्य गर्न अनुसन्धान शाखालाई जिम्मेवार बनाइएको र अनुसन्धान कार्यविधि समेत तयार गरिएको छ।
- UV Visible Spectrophotometer, FTIR, GCMS Pyrolizer जस्ता प्रयोगशाला उपकरणहरू खरिद गरी प्रयोगमा ल्याइएको छ।
- विभागमा सहित एघारवटा भन्सार प्रयोगशालाहरू सञ्चालनमा ल्याइएको छ।
- छोटी भन्सार कार्यालयहरू समायोजन गरी १८ वटा कायम गरिएको छ।
- भन्सारका दरहरूलाई ७ तहमा सीमित गरिएको छ।
- वीरगञ्ज तथा नेपालगञ्ज भन्सार कार्यालयमा Time Release Study सम्पन्न गरिएको छ।

- नेपाल र भारतबीच निकासी हुने वस्तुहरूको तथ्याङ्क आदानप्रदान गर्ने सम्बन्धमा MoU सम्पन्न भएको छ।
- भन्सार जाँचपास प्रतिनिधिका लागि १५ वटा अभिमुखीकरण तथा तालिम कार्यक्रमहरू आयोजना गरिएको छ।
- भन्सार सुधार तथा आधुनिकीकरण योजनाको अनुगमन र प्रगति प्रतिवेदनका लागि सफ्टवेयर विकास गरी कार्यान्वयन सुनिश्चित गरिएको छ।

## १.४ भन्सार प्रशासनका विद्यमान चुनौतीहरू (Challenges)

देशको करिब ४१ प्रतिशत कर राजस्व सङ्कलन गर्ने, वैध व्यापारलाई सहजीकरण गर्ने, समाज र सीमा सुरक्षामा योगदान पुऱ्याउने तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनमा अग्रणी भूमिका निर्वाह गर्ने भएकाले भन्सार प्रशासनको जिम्मेवारी अत्यन्त व्यापक र संवेदनशील छ। तर सीमित स्रोत, अपर्याप्त पूर्वाधार, दक्ष र विशिष्टीकृत जनशक्तिको कमी तथा तीव्र रूपमा बदलिँदो व्यापारिक परिवेशका कारण यो जिम्मेवारी निर्वाह गर्नु क्रमशः थप चुनौतीपूर्ण बन्दै गएको छ। विश्व व्यापारको स्वरूपमा आएको परिवर्तन, बदलिँदो वैश्विक परिवेश, खुला सीमा, अनौपचारिक सीमापार कारोबार, लागूऔषध, नार्कोटिक्स तथा निषेधित र नियन्त्रित वस्तुको अवैध ओसारपसारमा देखिएको वृद्धि, साथै व्यापारिक छलीमा नवीन प्रविधिको प्रयोगले भन्सार प्रशासनमाथि थप चुनौती सिर्जना गरेका छन्। यस पृष्ठभूमिमा भन्सार प्रशासनले सामना गर्नुपर्ने प्रमुख चुनौतीहरू देहायबमोजिम रहेका छन्:

### व्यापार सहजीकरणको क्षेत्रमा रहेका मुख्य चुनौती

१. जोखिम व्यवस्थापनको उच्चतम प्रयोग गर्दै नियन्त्रण र व्यापार सहजीकरणबीच सन्तुलन कायम गर्नु,
२. विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौताको अनुपालन स्तर वृद्धि गर्नु,
३. भन्सार महसुल दरहरूलाई WTO Bound Rate को सीमा भित्र सीमित गर्नु,
४. निर्यात प्रवर्द्धनका लागि अनुकूल वातावरण निर्माण गर्नु,
५. जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढ गरी रातो मार्गबाट जाँचपास हुने वस्तुको मात्रालाई कम गर्नु,
६. व्यापार सहजीकरणका अन्तर्राष्ट्रिय मापदण्ड र असल अभ्यासको अवलम्बन गरी कार्यान्वयन गर्नु,
७. E-Commerce मार्फत हुने व्यापारलाई व्यवस्थापन गर्नु,
८. अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप CBM कार्यान्वयन गर्नु,
९. यात्रु जाँचपासलाई व्यवस्थित गर्नु।

**राजस्व सङ्कलन र व्यवस्थापनको क्षेत्रमा रहेका मुख्य चुनौती**

१. महसुल छुटलाई व्यवस्थित बनाउनु,

२. परिमाणगत दरलाई मूल्यगत दरमा रूपान्तरण गर्नु,

३. भन्सार महसुल दरको सङ्ख्यालाई कम गर्नु,

४. भन्सार मूल्याङ्कन डाटाबेस प्रणालीको प्रभावकारी उपयोग गरी GATT Valuation का सिद्धान्तअनुसार विश्वसनीय र पारदर्शी मूल्याङ्कन व्यवस्था स्थापित गर्नु।

**सामाजिक सुरक्षा र नियन्त्रणको क्षेत्रमा रहेका मुख्य चुनौती**

१. खुला सीमाका कारण हुन सक्ने चोरी निकासी पैठारी नियन्त्रण गर्नु,

२. लागूऔषध, नार्कोटिक्स, समाज र मानव स्वास्थ्यमा हानि पुऱ्याउने वस्तु तथा Prohibited and Controlled Goods को ओसारपसार नियन्त्रण गर्नु,

३. Trade Based Money Laundering नियन्त्रण गर्नु,

४. भन्सार जाँचपासपछिको परीक्षणलाई जोखिममा आधारित बनाउँदै जाँचपासपछिको परीक्षण एकाइहरूलाई सुदृढीकरण गर्नु,

५. जोखिम व्यवस्थापनलाई व्यवस्थित र प्रणालीमा आधारित बनाउनु।

**भन्सार स्वचालनको क्षेत्रमा रहेका मुख्य चुनौती**

१. भन्सारका सबै प्रक्रिया तथा जाँचपासलाई स्वचालित बनाई Paperless, Faceless and Contactless सेवा प्रवाह सुनिश्चित गर्नु,

२. सरोकारवाला निकायहरूले प्रयोगमा ल्याएका स्वचालित प्रणालीहरूबीच अन्तरआबद्धता (Interoperability) कायम गर्नु,

३. सूचना प्रविधि प्रणालीको सुरक्षा गर्नु,

४. सूचना प्रविधिमा आधारित प्राविधिक जनशक्तिको स्थायित्व सुनिश्चित गर्नु,

५. NECAS तथा नेपाल राष्ट्रिय एकद्वार प्रणालीको विस्तार तथा दिगोपन सुनिश्चित गर्नु।

**संस्थागत संरचना, भौतिक पूर्वाधार र जनशक्ति व्यवस्थापनको क्षेत्रको मुख्य चुनौती**

१. वैदेशिक व्यापारको उचित व्यवस्थापन र भन्सार प्रशासनको सुधारलाई व्यवस्थित गर्न आवश्यक पर्ने सङ्गठनात्मक संरचना कायम गर्नु,

२. उच्च व्यावसायिक दक्षता भएका जनशक्ति तयार गर्नु,

३. सेवा प्रवाह प्रभावकारी हुने गरी भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु,

४. कन्टेनर स्क्यानर लगायतका आधुनिक Non Intrusive Inspection Equipment को व्यवस्थापन गर्नु,

५. भन्सार प्रशासन प्रति सकारात्मक जनविश्वास अभिवृद्धि गर्नु।

# परिच्छेद २ - भन्सार सुधार तथा आधुनिकीकरण योजना

## २.१ औचित्य

वि.सं. २०६०/६१ देखि भन्सार सुधार तथा आधुनिकीकरणका ६ वटा योजना तर्जुमा गरी कार्यान्वयन गरिएको छ। यी योजनाहरूले भन्सार प्रशासनमा कानुनी, प्रक्रियागत, प्रविधिगत र संस्थागत सुधारका महत्त्वपूर्ण आधार प्रदान गरेका छन्। विगतका सुधारका प्रयासलाई निरन्तरता दिँदै व्यापार सहजीकरणलाई थप प्रभावकारी बनाउन, राजस्व व्यवस्थापन एवम् समाजको संरक्षण गर्ने भूमिकालाई थप सुदृढ गर्न, भन्सारले दिने सेवालाई पूर्ण स्वचालित बनाउन, जोखिम व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउन तथा राष्ट्रिय दायित्व र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न थप सुधार आवश्यक देखिएको छ। वर्तमान अवस्थामा क्षेत्रीय व्यापारको विस्तार, विद्युतीय सीमापार व्यापारको सहजीकरण, विश्व व्यापारमा बढ्दै गएको संरक्षणवादबाट उत्पन्न चुनौतीको सामना, वातावरणीय प्रभावको न्यूनीकरण तथा दैवी प्रकोप, महामारी वा अन्य आकस्मिक अवस्थामा आपूर्ति शृङ्खलाको निरन्तरता सुनिश्चित गर्न भन्सार प्रशासनको भूमिका अझ बढ्दै गएको छ। यस सन्दर्भमा भन्सार सुधारलाई निरन्तरता दिई बढ्दो भूमिका निर्वाह गर्न मापनयोग्य उपलब्धि सहितको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु अपरिहार्य छ।

## २.२ सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाको खाका तथा कार्यान्वयन समयावधि

यस रणनीतिक योजनाको खाकाले सुधार योजनाका विभिन्न अवयवहरूबीचको सम्बन्धलाई सरल, स्पष्ट र तार्किक रूपमा प्रस्तुत गरेको छ। यस खाका भित्र दूरदृष्टी (Vision), ध्येय (Mission), आधारस्तम्भ (Pillar), रणनीति (Strategy), उद्देश्य (Objective), क्रियाकलाप (Activity) र कार्य (Task) लाई व्यवस्थित रूपमा राखिएको छ। प्रत्येक कार्यको उपलब्धि सूचक, समयसीमा, जिम्मेवार निकाय र लागतलाई समेत व्यवस्थित रूपमा उल्लेख गरिएको छ। यस भन्सार सुधार तथा आधुनिकीकरण योजनाको कार्यान्वयन समयावधि आ.व. २०८३/८४ देखि २०८७/८८ सम्म रहने छ।

यस भन्सार सुधार तथा आधुनिकीकरण योजनाको खाका तल प्रस्तुत गरिएको छ। साथै, यस भन्सार सुधार तथा आधुनिकीकरण योजनाको विस्तृत कार्य योजना अनुसूची १ मा समावेश गरिएको छ।




## २.३ दूरदृष्टि

अन्तर्राष्ट्रिय व्यापारलाई सहज र सुरक्षित बनाउँदै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्न योगदान पुऱ्याउने अग्रणी भन्सार प्रशासन।

## २.४ ध्येय

सूचनामा आधारित जोखिम व्यवस्थापनका आधारमा वैदेशिक व्यापार तथा यात्रु आवागमनमा पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस सेवालाई प्रवर्द्धन गर्ने।

## २.५ मूल्य मान्यताहरू

संशोधित क्योटो महासन्धि (RKC), व्यापार सहजीकरण सम्झौता (TFA), संशोधित आरुषा घोषणापत्र (Revised Arusha Declaration) लगायतका अन्तर्राष्ट्रिय प्रबन्धहरूले संस्थागत मूल्य मान्यतालाई सक्षम र विश्वसनीय भन्सार प्रशासनको आधार मानेका छन्। यसै सन्दर्भमा सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाले देहायका मूल्य मान्यताहरूलाई आफ्नो कार्यसम्पादनका मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरेको छ।

१. सदाचारिता (Integrity)

सदाचारिता भन्सार प्रशासनको आधारभूत मूल्य हो। यसले कानुन, नैतिकता र सार्वजनिक हितप्रति प्रतिबद्ध रही निष्पक्ष, इमानदार र उत्तरदायी ढङ्गले कार्य गर्ने संस्कृतिलाई प्रतिबिम्बित गर्दछ। भन्सार

प्रशासनले राजस्व सङ्कलन, व्यापार सहजीकरण र समाजको संरक्षणजस्ता संवेदनशील जिम्मेवारी निर्वाह गर्ने भएकाले उच्च स्तरको सदाचारिता अनिवार्य हुन्छ।

२. सेवा उत्कृष्टता (Service Excellence)

सेवा उत्कृष्टताले सेवाग्राही, व्यवसायी तथा अन्य सरोकारवालालाई समयमै गुणस्तरीय, सहज, पारदर्शी र विश्वसनीय सेवा प्रदान गर्ने प्रतिबद्धतालाई जनाउँछ। यस मूल्यले व्यापार सहजीकरण, सेवाग्राही सन्तुष्टि, स्वैच्छिक अनुपालन र प्रतिस्पर्धी व्यावसायिक वातावरण निर्माणमा प्रत्यक्ष सहयोग पुऱ्याउँछ।

३. व्यावसायिक दक्षता (Professional Competency)

भन्सार प्रशासनको प्रभावकारिता कर्मचारीको ज्ञान, सीप, अनुभव र व्यावसायिक क्षमतामा निर्भर रहेको हुँदा भन्सार प्रशासनको सुधारका लागि दक्ष र अद्यावधिक जनशक्ति अझ आवश्यक छ। व्यावसायिक दक्षताले सही निर्णय, गुणस्तरीय सेवा प्रवाह, उत्तरदायी कार्यसम्पादन र सुधार कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दछ।

४. नवप्रवर्तन (Innovation)

परिवर्तनशील व्यापारिक वातावरण र बढ्दो सेवाग्राही अपेक्षालाई सम्बोधन गर्न नवप्रवर्तन अपरिहार्य छ। नवप्रवर्तनले नयाँ सोच, प्रविधि र कार्य पद्धतिको प्रयोगमार्फत कार्यसम्पादनलाई अझ प्रभावकारी, सरल, पारदर्शी र परिणाममुखी बनाउँछ। स्वचालन, डिजिटल रूपान्तरण, तथ्याङ्क विश्लेषण, कृत्रिम बुद्धिमत्ता, कागजरहित सेवा र सम्पर्करहित जाँचपासजस्ता पहलहरू नवप्रवर्तनका व्यावहारिक उदाहरण हुन्। आधुनिक र भविष्य उन्मुख भन्सार प्रशासन निर्माणका लागि नवप्रवर्तनशील सोचलाई संस्थागत संस्कृतिको अभिन्न अङ्ग बनाउनु आवश्यक छ।

५. पारदर्शिता (Transparency)

पारदर्शिताले भन्सारका निर्णय, प्रक्रिया, नियम, सेवा र अधिकार-कर्तव्यसम्बन्धी जानकारीलाई स्पष्ट, खुला र सहज रूपमा उपलब्ध गराउने अभ्यासलाई जनाउँछ। यसले सेवाग्राहीको विश्वास बढाउनुका साथै उत्तरदायित्व, पूर्वानुमानयोग्यता र स्वैच्छिक अनुपालनलाई प्रोत्साहित गर्दछ। सूचना प्रविधिको प्रयोग, डिजिटल सेवा विस्तार, कानुनी तथा प्रक्रियागत स्पष्टता, नियमित प्रकाशन र सूचनामा सहज पहुँचमार्फत पारदर्शितालाई थप सुदृढ गर्न सकिन्छ।

६. पारस्परिक सम्मान तथा शिष्टाचार (Mutual Respect and Courtesy)

भन्सार प्रशासनको सफलता प्रविधि र प्रक्रियामा मात्र निर्भर हुँदैन; कर्मचारी, सेवाग्राही, व्यवसायी तथा अन्य सरोकारवालाबीचको सम्बन्ध पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। पारस्परिक सम्मान तथा शिष्टाचारले

सम्मानजनक, सभ्य, सहयोगात्मक र जिम्मेवार व्यवहारको संस्कृतिलाई प्रवर्द्धन गर्दछ। यसले सकारात्मक कार्य वातावरण सिर्जना गर्नुका साथै विश्वास, सहकार्य र साझेदारीलाई सुदृढ बनाउँछ। भन्सार सुधार तथा आधुनिकीकरण योजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्गठनभित्र र बाहिरका सबै पक्षबीच आपसी सम्मान, संवाद र सहयोग आवश्यक हुन्छ।

## २.६ रणनीतिक आधारस्तम्भ (उपलब्धि)

समग्र भन्सार सुधार तथा आधुनिकीकरण योजना पाँचवटा रणनीतिक आधारस्तम्भमा आधारित छ। यी आधारस्तम्भहरू व्यापार सहजीकरण, राजस्व व्यवस्थापन, नियन्त्रण तथा समाजको संरक्षण, भन्सार स्वचालन तथा नवप्रवर्तन, र संस्थागत विकास हुन्। योजनामा समावेश रणनीति, उद्देश्य, क्रियाकलाप तथा कार्यहरू यिनै आधारस्तम्भबाट निर्देशित छन्। रणनीतिक आधारस्तम्भ, रणनीति, उद्देश्य तथा मुख्य क्रियाकलापहरूलाई तल प्रस्तुत गरिएको छ।

### २.६.१ रणनीतिक आधारस्तम्भ (उपलब्धि) १ः व्यापार सहजीकरण

यस रणनीतिक आधारस्तम्भको प्रमुख उद्देश्य नेपालको सीमापार व्यापारलाई छिटो, पूर्वानुमानयोग्य, पारदर्शी र व्यवसायमैत्री बनाउनु हो। यसका लागि भन्सार कानुन, प्रक्रिया र कार्य प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यास अनुरूप सुदृढ गरिनेछ। कानुनी तथा नीतिगत सुधार, प्रणालीगत आधुनिकीकरण, अन्तर-निकाय समन्वय र प्रतिस्पर्धात्मक व्यापार प्रवर्द्धन मार्फत यस आधारस्तम्भले नेपालको व्यापार वातावरणलाई थप सक्षम, प्रभावकारी र अन्तर्राष्ट्रिय अभ्यास अनुकूल बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

### रणनीति (प्रतिफल) १ः अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल वैदेशिक व्यापार सहजीकरण गर्ने

यस रणनीतिको मुख्य उद्देश्य नेपालको भन्सार प्रशासनलाई विश्व व्यापार सङ्गठन (WTO) को Trade Facilitation Agreement (TFA) तथा विश्व भन्सार सङ्गठन (WCO) को Revised Kyoto Convention (RKC) लगायतका अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल पारदर्शी, प्रविधिमैत्री तथा सेवामुखी संस्थाका रूपमा विकास गर्नु हो। यस रणनीतिले वैध व्यापार प्रवर्द्धन, प्रक्रिया सरलीकरण, गुनासो व्यवस्थापन, समन्वयात्मक सीमा व्यवस्थापन तथा अन्तर्राष्ट्रिय व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धिलाई केन्द्रमा राखेको छ।

यस रणनीति अन्तर्गत सातवटा प्रमुख उद्देश्य रहेका छन्।

- उद्देश्य १. व्यापार सहजीकरण अनुकूल हुने गरी कानुनी प्रबन्ध सुदृढ गर्ने।
- उद्देश्य २ः भन्सार प्रक्रिया सरलीकरण, सूचना सम्प्रेषण तथा गुनासो व्यवस्थापन गर्ने।
- उद्देश्य ३ः भन्सार जाँचपास सहजीकरण स्तर मापन गर्ने।
- उद्देश्य ४ः डिजिटल व्यापार (ई-कमर्स) र द्रुत जाँचपास प्रवर्द्धन गर्ने।

- उद्देश्य ५: आन्तरिक समन्वयात्मक सीमा व्यवस्थापन सुदृढ गर्ने।
- उद्देश्य ६: अन्तर्राष्ट्रियस्तरमा समन्वयात्मक सीमा व्यवस्थापन प्रवर्द्धन गर्ने।
- उद्देश्य ७: विपद्को अवस्थामा समेत भन्सारले दिने सेवा सुनिश्चित गर्ने।

उल्लिखित उद्देश्य अन्तर्गतका मुख्य क्रियाकलापमा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनेका भन्सार कानुनको प्रभावकारी कार्यान्वयन, स्वैच्छिक अनुपालन अभिवृद्धि तथा आन्तरिक परिवहन व्यवस्थाको आधुनिकीकरण गर्ने, भन्सार प्रक्रियाको पुनर्संरचना (Business Process Re-engineering), कागजरहित जाँचपास, प्रभावकारी सूचना सम्प्रेषण तथा प्रविधिमैत्री गुनासो व्यवस्थापन प्रणाली मार्फत सेवाग्राहीमैत्री सेवा प्रवाह सुनिश्चित गर्ने, नियमित Time Release Study (TRS) तथा अन्तर्राष्ट्रिय कार्यसम्पादन सूचकहरूको प्रयोगबाट तथ्यमा आधारित कार्यसम्पादन मापन गर्ने विषयहरू समावेश रहेका छन्।

त्यसैगरी, सीमापार ई-कमर्स व्यवस्थापन तथा द्रुत जाँचपास प्रणालीमार्फत डिजिटल व्यापार प्रवर्द्धन गर्ने, सीमा क्षेत्रमा कार्यरत निकायहरूबीच Coordinated Border Management (CBM) सुदृढ गरी जाँचपास प्रक्रिया, सूचना आदान-प्रदान तथा कार्य समन्वयलाई प्रभावकारी बनाउने, व्यापार साझेदार राष्ट्रहरूसँग सूचना आदान-प्रदान गर्ने, ECTS, BBIN MVA लगायतका क्षेत्रीय पहलहरूको कार्यान्वयनमार्फत अन्तर्राष्ट्रिय सहकार्य सुदृढ गर्ने, विपद् तथा आकस्मिक अवस्थामा समेत भन्सार सेवा निरन्तर सञ्चालन गर्न Business Impact Analysis (BIA) तथा Business Continuity Plan (BCP) लागू गरी संस्थागत पुनर्उत्थानशीलता (Resilience) अभिवृद्धि गर्ने लगायतका क्रियाकलापहरू यस रणनीति अन्तर्गत समेटिएका छन्।

समग्रमा, यस रणनीतिले भन्सार जाँचपास समय तथा व्यापार लागतमा उल्लेखनीय कमी ल्याउने, डिजिटल तथा कागजरहित सेवा विस्तार गर्ने, अनुपालन र राजस्व संरक्षणलाई सुदृढ गर्ने, सीमा व्यवस्थापनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय अभिवृद्धि गर्ने तथा नेपाललाई अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास अनुकूल आधुनिक, उत्तरदायी, प्रविधिमैत्री र परिणाममुखी भन्सार प्रशासनका रूपमा विकास गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

### रणनीति (प्रतिफल) २: आर्थिक रूपान्तरणमा भन्सारको योगदान अभिवृद्धि गर्ने

यस रणनीतिले नेपालको भन्सार प्रशासनलाई आर्थिक रूपान्तरण, औद्योगिक विकास तथा निर्यात प्रवर्द्धनमा सक्रिय योगदान गर्ने आधुनिक संस्थाका रूपमा विकास गर्ने लक्ष्य राखेको छ। यस रणनीतिले कच्चा पदार्थको पैठारी तथा निर्यात प्रक्रियामा सहजीकरण गरी उद्योगको उत्पादन क्षमता, प्रतिस्पर्धात्मकता र वैध व्यापारको विस्तारमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ।

यस रणनीति अन्तर्गत एक उद्देश्य रहेको छ।

• उद्देश्य १: उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न योगदान पुऱ्याउने।

यस उद्देश्य अन्तर्गत निकासी प्रक्रियालाई सरलीकरण गर्ने, साना तथा मझौला उद्यमी र उद्योगले गर्ने पैठारीलाई थप सहजीकरण गर्ने मुख्य क्रियाकलाप रहेका छन्। यस अन्तर्गत निकासी सहजीकरण डेस्क स्थापना, निकासी लागत तथा समय न्यूनीकरण, बन्डेड वेयरहाउस तथा विशेष आर्थिक क्षेत्रको सुविधा पाउने उद्योगले गर्ने निकासी पैठारीको जाँचपास सरलीकरण, अन्य सरकारी निकायसँग समन्वय मार्फत कार्यालय समय बाहिर र सार्वजनिक बिदाका दिनमा समेत जाँचपास सुविधा उपलब्ध गराइनेछ। साथै, साना तथा मझौला उद्यमी (SMEs) का लागि छुट्टै भण्डारण सुविधा र क्षमता विकास कार्यक्रम सञ्चालन गरी उनीहरूको निर्यात क्षमता सुदृढ गरिनेछ। उद्योगले पैठारी गर्ने कच्चा पदार्थलाई प्राथमिकताका साथ शीघ्र जाँचपास गर्ने तथा निजी क्षेत्रसँग नियमित संवादमार्फत उद्योगमैत्री भन्सार वातावरण समेत निर्माण गरिनेछ।

उल्लिखित व्यवस्थाहरूको कार्यान्वयनबाट उत्पादन तथा व्यापार लागत न्यूनीकरण, आपूर्ति शृङ्खलाको विश्वसनीयता अभिवृद्धि, उद्योग तथा निर्यातमुखी व्यवसायलाई आवश्यक सहजीकरण, वैधानिक व्यापार विस्तार तथा नेपालको औद्योगिक उत्पादन र निर्यात प्रतिस्पर्धात्मकतामा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। यस रणनीतिले नेपालको भन्सार प्रशासनलाई आर्थिक रूपान्तरण, औद्योगिक विकास तथा निर्यात प्रवर्द्धनमा उत्प्रेरकको रूपमा स्थापित गर्दै सेवामुखी, आधुनिक तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूपको भन्सार प्रशासन निर्माण गर्न महत्त्वपूर्ण आधार प्रदान गर्नेछ।

## रणनीति (प्रतिफल) ३: यात्रु जाँचपास सुदृढ गर्ने

यस रणनीति अन्तर्गत यात्रुले साथमा ल्याउने/लैजाने वस्तु जाँचपासमा सहजीकरण गर्ने उद्देश्य रहेको छ। विशेषतः अन्तर्राष्ट्रिय विमानस्थल तथा प्रमुख सीमा नाकाहरूमा पूर्वाधार, प्रविधि, जोखिम व्यवस्थापन र सेवा प्रणालीको आधुनिकीकरणमार्फत यात्रु जाँचपासलाई थप व्यवस्थित गर्ने लक्ष्य राखिएको छ।

यस रणनीति अन्तर्गत एक उद्देश्य रहेको छ।

• उद्देश्य १: यात्रुले साथमा ल्याउने/लैजाने वस्तु जाँचपासमा सहजीकरण गर्ने।

यस अन्तर्गत यात्रुले साथमा ल्याउने वा लैजाने वस्तुको जाँचपास सहजीकरण गर्ने क्रियाकलाप रहेको छ। अग्रिम यात्रु सूचना (API/PNR), अग्रिम भन्सार घोषणा प्रणाली तथा भन्सार सोधपुछ केन्द्र स्थापना गरी यात्रुसम्बन्धी सूचना व्यवस्थापनलाई सुदृढ गर्ने, जोखिममा आधारित हरित तथा रातो लेन प्रणाली, छुट्टाछुट्टै प्रवेश तथा बहिर्गमन लेन, यात्रु टर्मिनल तथा पूर्वाधारको विकास, Passenger Risk Management प्रणाली कार्यान्वयन तथा सरोकारवाला निकायबीच समन्वय सुदृढ गरी यात्रु जाँचपासलाई थप व्यवस्थित बनाउने, Scanner, Walk-through Metal Detector, Handheld Scanner, CCTV, Body-

worn Camera लगायतका आधुनिक उपकरण, QR आधारित भुक्तानी प्रणाली तथा डिजिटल अभिलेखको प्रयोगमार्फत जाँचपास प्रक्रियालाई प्रविधिमैत्री बनाउने मुख्य क्रियाकलापहरू यस रणनीति अन्तर्गत समेटिएका छन्।

यस क्रियाकलापहरूको कार्यान्वयनबाट यात्रु तथा यात्रुले साथमा ल्याउने वस्तुको जाँचपास थप छिटो, सरल, सुरक्षित र पारदर्शी हुने अपेक्षा गरिएको छ। जोखिममा आधारित नियन्त्रण, आधुनिक स्क्रिनिङ प्रविधि तथा डिजिटल सेवाको प्रभावकारी प्रयोगबाट उच्च जोखिमका गतिविधिमाथि प्रभावकारी निगरानी कायम भई यात्रुहरूले सहज आवागमनको अनुभूती समेत गर्नेछन्। साथै, भन्सार, अध्यागमन, सुरक्षा निकाय तथा अन्य सरोकारवालाबीचको समन्वय, सेवा गुणस्तर र कार्यदक्षता अभिवृद्धि भई नेपालको भन्सार प्रशासन अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूपको आधुनिक, सुरक्षित, यात्रुमैत्री तथा जोखिममा आधारित प्रशासनका रूपमा स्थापित हुनेछ।

### २.६.२ रणनीतिक आधारस्तम्भ (उपलब्धि) २: राजस्व व्यवस्थापन

नेपालको कुल कर राजस्वमा भन्सारले सङ्कलन गर्ने राजस्वको योगदान महत्त्वपूर्ण रहेको छ। यसै पृष्ठभूमिमा रणनीतिक आधारस्तम्भ २ ले नेपालको भन्सार राजस्व प्रणालीलाई सुदृढ, निष्पक्ष, पूर्वानुमानयोग्य तथा अन्तर्राष्ट्रिय दायित्वहरूसँग अनुकूल हुने गरी अघि बढाउने लक्ष्य राखेको छ।

#### रणनीति (प्रतिफल) ४: राजस्व व्यवस्थापन सुदृढ गर्ने

यस रणनीतिले नेपालको भन्सार प्रशासनको राजस्व व्यवस्थापन प्रणालीलाई न्यायसङ्गत, पारदर्शी, उत्तरदायी, डिजिटल तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गर्दै दिगो राजस्व परिचालन, वैधानिक व्यापार प्रवर्द्धन र आर्थिक विकासबीच सन्तुलन कायम गर्ने एवम् राजस्व नीति, व्यापार सहजीकरण र अन्तर्राष्ट्रिय प्रतिबद्धताबीच सन्तुलन कायम गर्दै यथार्थपरक, निष्पक्ष र विश्वसनीय राजस्व प्रणाली निर्माणलाई विशेष जोड दिएको छ।

यस रणनीति अन्तर्गत राजस्व व्यवस्थापनलाई सुदृढ बनाउन चार प्रमुख उद्देश्यहरू कार्यान्वयन गरिनेछन्।

- उद्देश्य १: महसुल दर व्यवस्थापन गर्ने।
- उद्देश्य २: मूल्याङ्कन प्रणाली सुदृढ गर्ने।
- उद्देश्य ३: महसुल छुटलाई व्यवस्थित गर्ने।
- उद्देश्य ४: राजस्व सङ्कलन प्रणाली सुदृढ गर्ने।

यस रणनीति अन्तर्गत महसुल दर व्यवस्थापनलाई यथार्थपरक, वैज्ञानिक, पारदर्शी तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउन पैठारी तथा निकासी महसुल संरचनाको नियमित पुनरावलोकन, WTO

प्रतिबद्धताअनुरूप महसुल दर समायोजन, HS 2028 संस्करणको कार्यान्वयन तथा डिजिटल Tariff Enquiry System सञ्चालन गरिनेछ। यस्तै, भन्सार मूल्याङ्कन प्रणालीलाई अन्तर्राष्ट्रिय अभ्यास अनुरूप बनाउन WTO Customs Valuation Agreement (ACV) को प्रभावकारी कार्यान्वयन, वस्तुको किटानी घोषणालाई संस्थागत गर्ने, Customs Valuation Database System (CVDS) को सुदृढीकरण, अन्तर्राष्ट्रिय सन्दर्भ मूल्य स्रोतको उपयोग, महसुल छुट व्यवस्थालाई व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउन कानुनी तथा प्रणालीगत सुधार, डिजिटल अभिलेखीकरण, महसुल छुटको वित्तीय प्रभावको नियमित मूल्याङ्कन र राजस्व सङ्कलन प्रणालीलाई आधुनिक तथा विश्लेषणमुखी बनाउन Revenue Forecast Model, Revenue Dashboard, विद्युतीय भुक्तानी प्रणाली, धरौटी तथा बक्यौता व्यवस्थापन र राजस्व विश्लेषण प्रणाली विकास गर्ने जस्ता कार्यहरू सम्पादन गरिनेछ।

समग्रमा, यस रणनीति अन्तर्गत कार्यान्वयन गरिने सुधारहरूले महसुल निर्धारण, मूल्याङ्कन, महसुल छुट व्यवस्थापन तथा राजस्व सङ्कलन प्रक्रियालाई थप पारदर्शी, यथार्थपरक, डिजिटल, जोखिम तथा तथ्यमा आधारित बनाउनेछन्। डिजिटल प्रविधि, विश्लेषणात्मक प्रणाली, अन्तरआवद्ध सूचना व्यवस्थापन तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासको अवलम्बनबाट राजस्व चुहावट न्यूनीकरण, वैध व्यापार सहजीकरण तथा राजस्व व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि हुनेछ।

## २.६.३ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ३: नियन्त्रण तथा समाजको संरक्षण

रणनीतिक आधारस्तम्भ ३ ले भन्सार नियन्त्रण प्रणालीलाई अझ व्यवस्थित, सूचना तथा जोखिममा आधारित बनाउने लक्ष्य राखेको छ। यस आधारस्तम्भ अन्तर्गत सूचना विश्लेषणमा आधारित नियन्त्रणका लागि आधार निर्माण गर्ने लगायत ४ वटा रणनीति समावेश गरिएको छ।

### रणनीति (प्रतिफल) ५: सूचना विश्लेषणमा आधारित नियन्त्रणको लागि आधार निर्माण गर्ने

यस रणनीतिले नेपालको भन्सार प्रशासनलाई तथ्याङ्कद्वारा निर्देशित (Data-driven), विश्लेषणमुखी, नवप्रवर्तनशील तथा भविष्य उन्मुख आधुनिक भन्सार प्रशासनका रूपमा विकास गर्न डाटा व्यवस्थापन तथा कृत्रिम बुद्धिमत्तामा आधारित विश्लेषणात्मक क्षमताको विकासबाट नियन्त्रणलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ।

यस रणनीति अन्तर्गत एक उद्देश्य रहेको छ।

- उद्देश्य १: Data Governance and Analytics को पूर्वाधार विकास गर्ने

यस उद्देश्य अन्तर्गत डाटा सुशासन खाका (Data Governance Framework) तयार गरी तथ्याङ्कको स्वामित्व, गुणस्तर, पहुँच अधिकार, सुरक्षा, गोपनीयता, अभिलेखीकरण तथा डाटा व्यवस्थापन सम्बन्धी स्पष्ट मापदण्ड स्थापना गर्ने, तथ्याङ्कको सुरक्षित, व्यवस्थित तथा दीर्घकालीन भण्डारण सुनिश्चित गर्न

आधुनिक Data Warehouse विकास तथा डाटा भण्डारण क्षमताको क्रमिक विस्तार गर्ने एवम् कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) को प्रयोग मार्फत डाटा विश्लेषण क्षमता अभिवृद्धि गर्दै जोखिम विश्लेषण गर्ने लगायतका कार्यहरू रहेका छन्।

यी सुधारहरूको कार्यान्वयनबाट डाटाको गुणस्तर, विश्वसनीयता, सुरक्षा, गोपनीयतामा अभिवृद्धि हुने अपेक्षा गरिएको छ। एकीकृत डाटा व्यवस्थापन, सुरक्षित भण्डारण तथा विश्लेषणात्मक क्षमताको विकासबाट जोखिम व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ। यस रणनीतिले नेपालको भन्सार प्रशासनलाई तथ्याङ्कद्वारा निर्देशित (Data-driven), विश्लेषणमुखी, नवप्रवर्तनशील तथा भविष्य उन्मुख आधुनिक भन्सार प्रशासनका रूपमा विकास गर्न सहयोग पुग्नेछ।

## रणनीति (प्रतिफल) ६ः भन्सारको नियन्त्रण क्षमता सुदृढ गर्ने

यस रणनीतिको उद्देश्य नेपालको भन्सार प्रशासनको नियन्त्रण प्रणालीलाई रूपान्तरण गरी जोखिम विश्लेषण तथा सूचनामा आधारित समन्वयात्मक, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूपको आधुनिक प्रणालीका रूपमा विकास गर्नु हो। व्यापार सहजीकरण, राजस्व व्यवस्थापन र कानुन कार्यान्वयनबीच आवश्यक सन्तुलन कायम गर्दै जोखिमयुक्त कारोबारमाथि प्रभावकारी नियन्त्रण स्थापना गर्नु यस रणनीतिको मूल लक्ष्य हो।

यस रणनीति अन्तर्गत ३ उद्देश्य रहेका छन्।

- उद्देश्य १ः आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने।
- उद्देश्य २ः चोरी निकासी पैठारी नियन्त्रण गर्ने।
- उद्देश्य ३ः भन्सारमा आधुनिक उपकरण तथा प्रविधिको प्रवर्द्धन गर्ने।

यस रणनीति अन्तर्गत जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढ गर्न कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) तथा Machine Learning को प्रयोग, जोखिम प्रोफाइल निरन्तर अद्यावधिक, स्वचालित Selectivity प्रणालीको कार्यान्वयन, Post Clearance Audit (PCA) को सुदृढीकरण, व्यापारिक छली (Commercial Fraud) नियन्त्रणका लागि Anti Commercial Fraud Unit स्थापना, व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering-TBML) नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय, सूचना आदानप्रदानलाई संस्थागत गर्ने, भन्सार बिन्दु तथा प्रक्रियाको पुनरावलोकन गर्ने लगायतका मुख्य क्रियाकलापहरू रहेका छन्।

साथै, चोरी निकासी तथा पैठारी नियन्त्रणलाई थप प्रभावकारी बनाउन सरोकारवाला निकायबीच समन्वय सुदृढीकरण, सीमा क्षेत्रमा अनौपचारिक व्यापार तथा तस्करीका प्रवृत्तिको विश्लेषण, सूचना सङ्कलन तथा आदानप्रदान, स्थानीय राजस्व चुहावट नियन्त्रण संयन्त्रको सक्रियता, उच्च जोखिम क्षेत्रमा संयुक्त गस्ती

परिचालन, CCTV, Drone, K9 लगायतका आधुनिक निगरानी साधनको प्रयोग तथा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि गर्ने लगायतका कार्यहरू रहेका छन्।

भन्सार नियन्त्रणलाई प्रविधिमा आधारित बनाउन प्रमुख भन्सार कार्यालयहरूमा Non-Intrusive Inspection (NII) उपकरणको प्रयोग विस्तार, आधुनिक स्क्यानिङ प्रविधिबाट प्राप्त सूचनालाई जोखिम व्यवस्थापन प्रणालीसँग एकीकृत गरी जोखिमयुक्त मालवस्तुको प्रभावकारी पहिचान, गलत घोषणा, तस्करी तथा अन्य गैर कानुनी गतिविधिमाथि लक्षित नियन्त्रण कायम गर्ने जस्ता क्रियाकलाप कार्यान्वयन गरिनेछ।

समग्रमा, यस रणनीति अन्तर्गत कार्यान्वयन गरिने सुधारहरूले नेपालको भन्सार प्रशासनको नियन्त्रण प्रणालीलाई जोखिममा आधारित, सूचनामुखी, प्रविधिद्वारा सञ्चालित तथा विश्लेषणात्मक बनाउनेछन्। कृत्रिम बुद्धिमत्ता, आधुनिक निरीक्षण प्रविधि, डिजिटल निगरानी, अन्तरनिकाय समन्वय तथा तथ्यमा आधारित नियन्त्रण प्रणालीको प्रभावकारी प्रयोगबाट राजस्व चुहावट, तस्करी, व्यापारिक छली तथा वित्तीय अपराधको जोखिम उल्लेखनीय रूपमा न्यूनीकरण हुनेछ।

### रणनीति (प्रतिफल) ७: समाजको संरक्षण तथा हरित भन्सारका उपायहरू अवलम्बन गर्ने

यस रणनीतिको उद्देश्य नेपालको भन्सार प्रशासनलाई समाज, सार्वजनिक स्वास्थ्य, राष्ट्रिय सुरक्षा, जैविक विविधता, वातावरण तथा सांस्कृतिक सम्पदाको संरक्षणमा सक्रिय योगदान गर्ने जिम्मेवार संस्थाका रूपमा विकास गर्नु हो। विश्वव्यापी व्यापार विस्तार, अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलाको जटिलता, बढ्दो आपराधिक क्रियाकलाप तथा प्रविधिको विकाससँगै लागूऔषध, मनःप्रभावी पदार्थ, नक्कली वस्तु, प्रतिबन्धित सामग्री, वन्यजन्तुजन्य स्रोत, खतरनाक रसायन, पुरातात्त्विक सम्पदा तथा वातावरणीय रूपमा संवेदनशील वस्तुको अवैध कारोबार बढ्दै गएको सन्दर्भमा भन्सारको नियन्त्रण क्षमता अभिवृद्धि गर्नु यस रणनीतिको प्रमुख लक्ष्य रहेको छ। साथै, हरित भन्सार (Green Customs) को अवधारणा अवलम्बन गर्दै दिगो विकास, वातावरण संरक्षण तथा अन्तर्राष्ट्रिय वातावरणीय प्रतिबद्धताको कार्यान्वयनमा भन्सारको भूमिका सुदृढ गरिनेछ।

यस रणनीति अन्तर्गत दुई वटा उद्देश्य रहेका छन्।

- उद्देश्य १: निषेधित, प्रतिबन्धित र हानिकारक वस्तुबाट समाजको सुरक्षाका लागि भन्सारको क्षमता अभिवृद्धि गर्ने।
- उद्देश्य २: हरित भन्सारको अवधारणा अवलम्बन गर्ने।

उल्लेखित उद्देश्य प्राप्तिका लागि लागूऔषध, Psychotropic Substances तथा Precursor Chemicals को नियन्त्रणलाई सुदृढ गर्ने, बौद्धिक सम्पत्तिको अधिकार (IPR) लाई सुनिश्चित गर्ने तथा नक्कली वस्तुको

नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, जैविक विविधता, वन्यजन्तु तथा वनस्पतिजन्य वस्तुहरू, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको अवैध ओसारपसार नियन्त्रण गर्न सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय, सूचना आदानप्रदान तथा विशेष तालिम कार्यक्रम गर्ने, विश्व भन्सार सङ्गठन (WCO) को Green Customs अवधारणा अनुसार हरित भन्सारका उपायहरू अवलम्बन गर्न हरित भन्सार कार्य योजना कार्यान्वयन गर्ने, बहुपक्षीय वातावरणीय सम्झौताहरू (Multilateral Environmental Agreements-MEA) का व्यापारसम्बन्धी प्रावधानहरूलाई कार्यान्वयन गर्ने, रासायनिक, जैविक, विकिरण तथा परमाणु (CBRN) प्रकृतिका वस्तुको जाँचपासका लागि स्पष्ट कार्यविधि (SOP) लागू गर्ने लगायत क्रियाकलापहरू कार्यान्वयन गरिनेछ।

समग्रमा, यस रणनीति अन्तर्गत कार्यान्वयन गरिने सुधारहरूले नेपालको भन्सार प्रशासनलाई समाज तथा वातावरण संरक्षणमा अझ प्रभावकारी र उत्तरदायी संस्थाका रूपमा विकास गर्नेछन्। जोखिममा आधारित नियन्त्रण, अन्तरनिकाय समन्वय, हरित भन्सार अवधारणा तथा वातावरणीय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयनबाट सुरक्षित व्यापार, समाजको संरक्षण तथा दिगो विकासका लक्ष्यहरू समेत प्राप्त गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ।

## रणनीति (प्रतिफल) ८ः भन्सार प्रयोगशालाको आधुनिकीकरण र सेवाहरूको विस्तार गर्ने

यस रणनीतिको उद्देश्य भन्सार प्रयोगशालालाई वैज्ञानिक, आधुनिक, प्रविधिमैत्री तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको संस्थाका रूपमा विकास गर्नु हो। निषेधित तथा जोखिमयुक्त वस्तुको पहिचान, सही वस्तु वर्गीकरण, जोखिम विश्लेषण र प्रभावकारी नियामकीय नियन्त्रणका लागि गुणस्तरीय प्रयोगशाला सेवाको विकासमा यस रणनीतिले विशेष जोड दिएको छ।

यस रणनीति अन्तर्गत तीन प्रमुख उद्देश्यहरू कार्यान्वयन गरिनेछन्।

- उद्देश्य १- प्रयोगशालाको पूर्वाधार स्तरोन्नति गर्ने।
- उद्देश्य २- प्रयोगशालाको कार्यहरूलाई स्वचालित बनाउने।
- उद्देश्य ३- सञ्चालन तथा विश्लेषणात्मक क्षमता अभिवृद्धि गर्ने।

उल्लिखित उद्देश्य प्राप्तिका लागि प्रयोगशालाको पूर्वाधार तथा प्राविधिक क्षमता स्तरोन्नति गर्ने, प्रयोगशाला सञ्चालन, नमुना सङ्कलन, परीक्षण, सुरक्षा तथा गुणस्तर सम्बन्धी मापदण्ड र कार्यविधि (SOP) तयार गरी कार्यान्वयन गर्ने, प्रमुख भन्सार कार्यालयका प्रयोगशालाको स्तरोन्नति गर्ने, लागूऔषध पहिचान किट तथा CITES सम्बन्धी परीक्षण उपकरणजस्ता आधुनिक उपकरणको प्रयोग गर्ने, प्रयोगशाला सूचना व्यवस्थापन प्रणाली (Laboratory Information Management System-LIMS) विकास गरी नमुना दर्ता, परीक्षण, ट्र्याकिङ, प्रतिवेदन तथा अभिलेखीकरणलाई पूर्ण रूपमा स्वचालित बनाउने, LIMS लाई जोखिम व्यवस्थापन प्रणालीसँग एकीकृत गर्ने, प्रयोगशालाको Accreditation प्राप्त गर्ने, उपकरणहरूको

नियमित Calibration गर्ने, दक्ष जनशक्ति विकासका लागि विशिष्टिकृत तालिम सञ्चालन गर्ने, WCO, UNODC, INTERPOL, शैक्षिक संस्थाहरू र अन्य सम्बन्धित निकायसँग सहकार्य विस्तार गर्ने, विशेष अवस्थामा निजी प्रयोगशालाबाट परीक्षण गर्ने गरी मापदण्ड विकास गर्ने लगायतका कार्यहरूको कार्यान्वयन गरिनेछ।

समग्रमा, यस रणनीति अन्तर्गत कार्यान्वयन गरिने सुधारहरूले नेपालको भन्सार प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप आधुनिक, डिजिटल तथा विश्वसनीय संस्थाका रूपमा विकास गर्नेछन्।

### २.६.४ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ४: भन्सार स्वचालन तथा नवप्रवर्तन

स्वचालित, एकीकृत, सुरक्षित र अन्तरआवद्ध डिजिटल भन्सार प्रणालीको विकास गर्नु पर्ने आवश्यकता रहेको सन्दर्भमा यस रणनीतिक स्तम्भले भन्सार प्रशासनको प्रभावकारिता, पारदर्शिता र सेवा प्रवाहलाई सुधार गर्दै भन्सार स्वचालन, प्रणालीगत अन्तरआवद्धता, तथ्याङ्कमा आधारित निर्णय तथा नवप्रवर्तनमुखी सेवा प्रवाह गर्ने उद्देश्य र क्रियाकलापहरूलाई समेटेको छ।

### रणनीति (प्रतिफल) ९: स्वचालन तथा अन्तरआवद्ध प्रणालीको विकास गर्ने

व्यापारको बढ्दो परिमाण, जटिलता र अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलाको विकाससँगै कागजी प्रक्रिया तथा सीमित सूचना प्रणालीबाट आधुनिक भन्सार प्रशासन सञ्चालन गर्न कठिन हुने भएकाले यस रणनीतिले स्वचालन, प्रणालीगत अन्तरआवद्धता, डाटा विश्लेषण तथा साइबर सुरक्षालाई भन्सार सुधारको प्रमुख आधारका रूपमा अवलम्बन गरेको छ। यसमार्फत सेवाग्राहीलाई छिटो, पारदर्शी, पूर्वानुमानयोग्य र प्रविधिमैत्री सेवा प्रदान गर्दै भन्सार प्रशासनको कार्यदक्षता, सुशासन र निर्णय क्षमतामा गुणात्मक सुधार गर्ने लक्ष्य राखिएको छ।

यस रणनीति अन्तर्गत चारवटा उद्देश्य रहेका छन्:

- उद्देश्य १: पेपरलेस, कन्टयाक्टलेस र फेसलेस भन्सार सेवा उपलब्ध गराउने।
- उद्देश्य २: स्वचालित रूपमा सूचना तथा तथ्याङ्क आदान प्रदान गर्न प्रणालीहरूबिच अन्तरआवद्धता गर्ने।
- उद्देश्य ३: Customs Business Intelligence मा आधारित विश्लेषण तथा प्रतिवेदन क्षमता विकास गर्ने।
- उद्देश्य ४: भन्सारका प्रणालीको सुरक्षा सुनिश्चित गर्ने।

उल्लिखित उद्देश्यहरू प्राप्ति गर्नको लागि NECAS र नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW) को पूर्ण कार्यान्वयन तथा अन्तरआवद्धता सुनिश्चित गर्दै भन्सार प्रशासनलाई पेपरलेस, कन्टयाक्टलेस तथा फेसलेस बनाइने, डिजिटल हस्ताक्षर (Digital Signature) को कार्यान्वयन, प्रयोगशाला तथा गोदाम

व्यवस्थापन मोड्युल कार्यान्वयन तथा विद्यमान प्रणालीले नसमेटेका भन्सार प्रक्रियाहरू स्वचालित बनाउने, भन्सार प्रणालीलाई अन्य सरकारी निकाय, वित्तीय संस्था तथा अन्य मुलुकका भन्सार प्रशासनहरूसँग अन्तरआवद्ध गरिने, Customs Business Intelligence (BI) मा आधारित विश्लेषणात्मक प्रणाली विकास, वैदेशिक व्यापार तथ्याङ्कलाई थप व्यवस्थित, भन्सार सूचना प्रणालीहरूको साइबर सुरक्षा सुदृढीकरण गर्ने जस्ता क्रियाकलाप कार्यान्वयन गरिनेछ।

समग्रमा, यस रणनीति अन्तर्गत कार्यान्वयन गरिने सुधारहरूले नेपालको भन्सार प्रशासनलाई पूर्ण रूपमा डिजिटल, अन्तरआवद्ध, विश्लेषणमुखी भन्सार प्रशासनका रूपमा रूपान्तरण गर्नेछन्।

### २.६.५ रणनीतिक आधारस्तम्भ (उपलब्धि) ५: संस्थागत विकास

भन्सार सुधारको दिगोपना केवल कानुनी सुधार, प्रविधि विकास वा कार्य प्रणालीको आधुनिकीकरणबाट मात्र सुनिश्चित हुँदैन। यी सुधारहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्षम संस्था, दक्ष जनशक्ति, उत्तरदायी नेतृत्व, पर्याप्त स्रोतसाधन, आधुनिक पूर्वाधार र सुदृढ संस्थागत सुशासन अपरिहार्य हुन्छ। अन्तर्राष्ट्रिय व्यापारको विस्तार, सूचना प्रविधिको तीव्र विकास, बढ्दो सुरक्षा चुनौती र सेवाग्राहीको अपेक्षामा आएको परिवर्तनसँगै भन्सार प्रशासनले आफ्नो संस्थागत क्षमता पनि निरन्तर अभिवृद्धि गर्नुपर्छ। यस रणनीतिक आधारस्तम्भको उद्देश्य भन्सार प्रशासनलाई सक्षम, उत्तरदायी, व्यावसायिक, समावेशी र भविष्यका चुनौती सामना गर्न सक्ने आधुनिक संस्थाका रूपमा विकास गर्नु रहेको छ।

#### रणनीति (प्रतिफल) १०: सक्षम, उत्तरदायी तथा भविष्य उन्मुख भन्सार सङ्गठन निर्माण गर्ने

यस रणनीतिको उद्देश्य नेपालको भन्सार प्रशासनलाई सक्षम, उत्तरदायी, व्यावसायिक तथा भविष्य उन्मुख सङ्गठनका रूपमा विकास गर्नु हो। अन्तर्राष्ट्रिय व्यापार तथा प्रविधिमा भइरहेको तीव्र परिवर्तनसँग अनुकूलन गर्न सक्ने लचकदार, परिणाममुखी तथा ज्ञानमा आधारित सङ्गठन निर्माण गर्दै भन्सार सुधारका उपलब्धिलाई दिगो रूपमा संस्थागत गर्न यस रणनीतिले पाँचवटा उद्देश्यहरू अघि सारेको छ।

- उद्देश्य १: पूर्वाधार विकास गर्ने।
- उद्देश्य २: कार्यात्मक सङ्गठन निर्माण गर्ने।
- उद्देश्य ३: भन्सार प्रशासनलाई व्यावसायिक बनाउन जनशक्तिको उचित व्यवस्थापन गर्ने।
- उद्देश्य ४: सङ्गठनात्मक कार्य संस्कृतिमा सुधार गर्ने।
- उद्देश्य ५: सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

यस रणनीतिक आधारस्तम्भले लिएका उद्देश्य प्राप्तिको लागि भन्सार प्रशासनको भौतिक तथा प्राविधिक पूर्वाधारलाई स्तरोन्नति गर्ने, GESI मैत्री तथा सेवाग्राहीमैत्री सुविधा विस्तार गर्ने, प्रमुख भन्सार

कार्यालयहरूमा Cold Storage लगायत आवश्यक भण्डारण पूर्वाधार निर्माण गर्ने, प्रयोगशाला तथा सूचना प्रविधि उपकरणको व्यवस्थापन गर्ने, AI/ML आधारित निरीक्षण प्रणालीको प्रयोग गर्दै भन्सार प्रशासनको संस्थागत क्षमता अभिवृद्धि गर्ने, भन्सार प्रशासनको सङ्गठनात्मक संरचनालाई पुनर्संरचना गर्ने, जनशक्तिको समग्र क्षमता विकास गर्ने, सङ्गठनात्मक कार्य संस्कृतिलाई इमानदारिता, पारदर्शिता, उत्तरदायित्व, समावेशिता तथा सेवामुखी मूल्यमा आधारित बनाइने तथा भन्सार जाँचपास प्रतिनिधि, अन्य सरकारी निकाय तथा निजी क्षेत्रका सरोकारवालाहरूको क्षमता विकास गरिने लगायतका कार्यहरू कार्यान्वयन गरिनेछ।

समग्रमा, यस रणनीति अन्तर्गत कार्यान्वयन गरिने सुधारहरूले नेपालको भन्सार प्रशासनलाई सक्षम, व्यावसायिक, उत्तरदायी, नवप्रवर्तनमुखी तथा भविष्य उन्मुख संस्थाका रूपमा रूपान्तरण गर्नेछन्।

## २.७ प्रमुख उपलब्धि सूचकहरू

| आधार स्तम्भ | रणनीति | कार्यसम्पादन सूचक (KPI) | आधार सूचक | २०८८ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| **१ः व्यापार सहजीकरण** | **१. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल वैदेशिक व्यापार सहजीकरण गर्ने** | WTO TFA कार्यान्वयन प्रतिशत | ३९.१ (२०८३ असार) | ९०% वा सोभन्दा बढी |
| | | निर्यात जाँचपासको औसत समय भन्सार क्षेत्रमा आगमनदेखि निष्कासन सम्म लाग्ने समय (पैठारी) | १९ घण्टा ३६ मिनेट (२०८३ असार- BRJ03) | १०% कटौती |
| | | प्रज्ञापन पत्र जाँचपासको लागि लेन छनौट भएदेखि Re-route to Green सम्म लाग्ने समय | २ घण्टा १२ मिनेट (२०८३ असार -BRJ03) | १०% कटौती |
| | | मूल्यका आधारमा भौतिक परीक्षण हुने वस्तुको प्रतिशत | ३७.३% (२०८२असार) | २०% भन्दा कम |
| | **२. आर्थिक रूपान्तरणमा भन्सारको योगदान अभिवृद्धि गर्ने** | भन्सार क्षेत्रमा आगमनदेखि निष्कासन सम्म लाग्ने समय (निकासी) | १५ घण्टा ३० मिनेट (२०८३ असार- BRJ03) | १०% ले कमी |
| | **३. यात्रु जाँचपास सुदृढ गर्ने** | यात्रु जाँचपासको व्यवस्थित पूर्वाधार विकास | व्यवस्थित पूर्वाधार नभएको | १० वटा भन्सार कार्यालय |
| **२ः राजस्व व्यवस्थापन** | **४. राजस्व व्यवस्थापन सुदृढ गर्ने** | राजस्व सङ्कलन | रू. ४८४ अरब (आ.व. २०८१/८२) | निर्धारित लक्ष्य अनुरूप |
| **३ः नियन्त्रण तथा समाजको संरक्षण** | **५. सूचना विश्लेषणमा आधारित नियन्त्रणको लागि आधार निर्माण गर्ने** | जोखिम सूचकको आधारमा स्वचालित छनौट (Auto-Selectivity) कार्यान्वयन | नभएको | कार्यान्वयन हुने। |

| आधार स्तम्भ | रणनीति | कार्यसम्पादन सूचक (KPI) | आधार सूचक | २०८८ सम्मको लक्ष्य |
|---|---|---|---|---|
| | **६. भन्सारको नियन्त्रण क्षमता सुदृढ गर्ने** | व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण (TBML) अभियोजन भएको सङ्ख्या | NA | वार्षिक कम्तीमा दुईवटा |
| | | Post Clearance Audit (PCA) अन्तर्गत परीक्षण भएका घोषणाको प्रतिशत | ०.०३% (२०८३असार) | कम्तीमा ०.०५% |
| | **७. समाजको संरक्षण तथा हरित भन्सारका उपायहरू अवलम्बन गर्ने** | वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन | नभएको | कार्यान्वयन हुने। |
| | **८. भन्सार प्रयोगशालाको आधुनिकीकरण र सेवाहरूको विस्तार** | सञ्चालनमा रहेका आधुनिक प्रयोगशाला सङ्ख्या | ११ वटा (२०८३असार) | १४ वटा |
| **४: भन्सार स्वचालन तथा नवप्रवर्तन** | **९. स्वचालन तथा अन्तरआवद्ध प्रणालीको विकास गर्ने** | पूर्ण विद्युतीय (Paperless) जाँचपास | निकासीमा मात्र कार्यान्वयन रहेको (२०८३ असार) | प्रमुख १० वटा भन्सार कार्यालयहरूमा पैठारीतर्फ समेत पूर्ण कार्यान्वयन |
| | | National Single Window मा आबद्ध LPCO जारी गर्ने अन्य निकायको सङ्ख्या | १४ (२०८३ असार) | २८ |
| **५: संस्थागत विकास** | **१०. सक्षम, उत्तरदायी तथा भविष्य उन्मुख भन्सार सङ्गठन निर्माण गर्ने** | जाँचपासमा संलग्न सबै कर्मचारीलाई तालिम प्राप्त हुने | अभिलेख नभएको | १००.००% |

# परिच्छेद ३ - भन्सार रूपान्तरणका क्षेत्रहरु

यो सुधार योजनाको कार्यान्वयनबाट भन्सार प्रशासनमा उल्लेख्य सुधार आउने छ। मुख्यतः डिजिटल रूपान्तरण, सूचनामा आधारित जोखिम व्यवस्थापन, व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धि र अनौपचारिक व्यापार नियन्त्रण गर्ने क्षेत्रमा अनुभूत हुने गरी सुधार हुने भएकोले यी चार क्षेत्रहरूलाई रूपान्तरणका क्षेत्र (Areas of Transformation) का रूपमा समावेश गरिएको छ। प्रत्येक क्षेत्रले वर्तमान अवस्थाबाट योजनाका रणनीति तथा क्रियाकलापहरूले पुऱ्याउन खोजेको भावी अवस्थासम्मको आधारभूत परिवर्तनलाई देखाउँछ। समग्रमा, यी चार क्षेत्रले नेपालको भन्सार प्रशासनलाई कागजरहित र सम्पर्करहित प्रक्रिया, जोखिम व्यवस्थापनमा सूचना तथा विश्लेषणको प्रयोग, निर्यातकर्ता तथा साना मझौला उद्यमलाई थप सहजीकरण, र समन्वयात्मक सीमा व्यवस्थापन प्रभावकारी भएको उत्कृष्ट भन्सार प्रशासनको रूपमा स्थापित गर्ने छ। तलका खण्डहरूमा प्रत्येक रूपान्तरण क्षेत्रलाई विस्तृत रूपमा उल्लेख गरिएको छ।

## १. डिजिटल रूपान्तरणः भन्सार प्रशासन पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस प्रशासनको रूपमा रूपान्तरण




नेपालको भन्सार प्रशासनलाई पेपरलेस, कन्ट्याक्टलेस र फेसलेस प्रशासनको रूपमा रूपान्तरण गर्न भन्सारका सबै प्रक्रियाहरूलाई पूर्ण रूपमा डिजिटल बनाइनेछ। यसबाट भन्सार प्रशासनले प्रदान गर्ने सम्पूर्ण सेवामा भौतिक कागजात पेस गर्नुपर्ने र कर्मचारीसँग प्रत्यक्ष सम्पर्क गर्नुपर्ने अवस्था न्यून हुने र सेवा प्रवाह छिटो, पारदर्शी, पूर्वानुमानयोग्य र लागत प्रभावकारी हुनेछ।

भन्सार प्रशासनलाई पेपरलेस बनाउनका लागि सेवाग्राहीहरूले सेवा प्राप्त गर्न प्रणाली मार्फत कागजातहरू पेस गर्न सक्ने तथा भन्सार प्रशासनबाट जारी हुने कागजात समेत प्रणालीबाट नै प्राप्त गर्न सकिने व्यवस्था सुनिश्चित हुनेछ। साथै, भन्सार सम्बद्ध सम्पूर्ण प्रक्रियाहरू स्वचालित बनाउँदै NNSW मा आबद्ध गर्नु पर्ने सबै निकायलाई उक्त प्रणालीमा आबद्ध गरी प्रणालीहरूका बिच अन्तरआबद्धता समेत कायम हुनेछ।

यसै गरी, भन्सार प्रशासनलाई कन्ट्याक्टलेस बनाउनका लागि सेवाग्राहीको भौतिक उपस्थितिको आवश्यकतालाई न्यून बनाउँदै स्वचालित सेवा प्रदान गरिने छ। सेवाग्राहीहरूले सेवाको चरणहरूको जानकारी प्रणाली मार्फत प्राप्त गर्न सकिने र भन्सार प्रशासनसँग प्रत्यक्ष सम्पर्क बिना नै सेवा लिन सकिने वातावरण निर्माण गरिने छ।

भन्सार प्रक्रियालाई फेसलेस बनाउन भन्सार प्रक्रियामा संलग्न अधिकारीहरूको व्यक्तिगत पहिचान र सेवाग्राहीसँगको प्रत्यक्ष सम्पर्क हटाई सेवा प्रवाहलाई निष्पक्ष र पारदर्शी बनाइनेछ।

## २. सूचनामा आधारित जोखिम व्यवस्थापनः कृत्रिम बुद्धिमत्तामा र डेटामा आधारित प्रशासनतर्फ रूपान्तरण




नेपालको भन्सार प्रशासन कृत्रिम बुद्धिमत्तामा तथा डेटामा आधारित प्रशासनका रूपमा रूपान्तरण हुनेछ। सो को लागि भन्सार जाँचपासका प्रक्रियाहरूमा रहेका जोखिमहरूलाई विश्लेषण गर्न सक्ने Risk Engine को विकास मार्फत जोखिमको पूर्वानुमान तथा न्यूनीकरण गर्न सक्ने व्यवस्थालाई नीतिगत, प्रणालीगत तथा संस्थागत रूपमा स्थापित गरिने छ। Risk Scoring, Selectivity System, Predictive Analytics, Intelligence-based Enforcement, Risk Based PCA, Business Intelligence (BI), Scanner Image Analysis, Intelligence based Cross-Border Control लगायतका नवीन विधि अपनाइनेछ।

## ३. व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धिः निर्यात प्रवर्द्धन, SME सहजीकरण तथा उत्पादनशील उद्योग सहजीकरणतर्फ रूपान्तरण



नेपालको भन्सार प्रशासन निर्यात प्रवर्द्धन, उत्पादनमूलक उद्योगहरूले गर्ने पैठारीलाई सहजीकरण र साना तथा मझौला एवम् महिला उद्यमीहरूले गर्ने अन्तर्राष्ट्रिय व्यापारमा भन्सार सम्बद्ध प्रक्रियाहरूमा सरलीकरण र सेवामा सहज पहुँच सुनिश्चित हुने गरी सहभागिता बढाउने र प्रवर्द्धन गर्ने संस्थाका रूपमा रूपान्तरण हुनेछ। साथै, महसुल दरबन्दी सुधारलाई व्यापार प्रतिस्पर्धात्मकतासँग प्रत्यक्ष रूपमा आबद्ध गरिनेछ। त्यसैगरी ABP को व्यवस्था कार्यान्वयन गरी यसको मान्यता पाउने व्यवसायीलाई कानुन बमोजिमको सुविधा सुनिश्चित गरिनेछ।

## ४. अनौपचारिक व्यापार नियन्त्रण: सुदृढ समन्वयात्मक सीमा व्यवस्थापनतर्फ रूपान्तरण



नेपालको भन्सार प्रशासनलाई समन्वयात्मक सीमा व्यवस्थापनको Focal निकायतर्फ रूपान्तरण गरी अनौपचारिक व्यापार नियन्त्रण प्रभावकारी बनाइनेछ। सीमा व्यवस्थापन र व्यापार सहजीकरणमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग संयुक्त संयन्त्र विकास गरी सूचना आदानप्रदान, प्रक्रिया Harmonization तथा संयुक्त Enforcement मार्फत अनौपचारिक व्यापारलाई नियन्त्रण गरिनेछ। साथै, अनौपचारिक व्यापार नियन्त्रणका लागि व्यापार प्रवाहको अनुगमन, अवैध ओसारपसारका सम्भावित मार्गको पहिचान र नियन्त्रण, व्यवसायी तथा सर्वसाधारणमा वैध व्यापारको लाभसम्बन्धी सचेतना अभिवृद्धि हुनेछ।

# परिच्छेद ४ - बजेट अनुमान तथा स्रोत व्यवस्थापन

## ४.१ बजेट अनुमान

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाका कार्यक्रमहरू कार्यान्वयनका लागि यस योजना अवधिमा कूल रू. ७ अर्ब ५६ लाख रकम लाग्ने अनुमान गरिएको छ। यसमा पुँजीगत खर्च रु. ५ अरब ९१ करोड १२ लाख (करिब ८४%) र भन्सार विभागको कूल वार्षिक बजेट मध्येबाट कार्यक्रममा रु. १ अर्ब ०९ करोड ४४ लाख (करिब १६%) खर्च परिचालन हुने अनुमान गरिएको छ। बजेटको संरचना र आधारस्तम्भ अनुसार बजेट विभाजन तल तालिकामा दिइएको छ।

### क) बजेट संरचना

| विवरण | जम्मा रु. करोड |
|---|---|
| भाग १ पुँजीगत खर्च | ५९१.१२ |
| भाग २ साधारण खर्च | १०९.४४ |
| **कुल अनुमानित खर्च जम्मा** | **७००.५६** |

### ख) रणनीतिक आधारस्तम्भगत बजेट

| रणनीतिक आधारस्तम्भ | रु. करोड | प्रतिशत |
|---|---|---|
| आधारस्तम्भ १- व्यापार सहजीकरण | ११०.१८ | १५.७३% |
| आधारस्तम्भ २ - राजस्व व्यवस्थापन | १८.९८ | २.७१% |
| आधारस्तम्भ ३- नियन्त्रण तथा समाजको संरक्षण | ६६.६२ | ९.५१% |
| आधारस्तम्भ ४ - भन्सार स्वचालन तथा नवप्रवर्तन | १६८.०९ | २३.९९% |
| आधारस्तम्भ ५ - संस्थागत विकास | ३३६.६५ | ४८.०६% |
| **जम्मा** | **७००.५६** | **१००.०%** |

*आधारस्तम्भ ५ मा कुल बजेटको करिब ४८% रहनुको मुख्य कारण गैर-अवरोधक जाँच (NII) स्क्यानर खरिद हो।*

### ग) रणनीतिगत बजेट

| रणनीति | रु. करोड | प्रतिशत |
|---|---|---|
| रणनीति १- अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप वैदेशिक व्यापार तथा यात्रु आवागमन सहजीकरण | १८.२९ | २.६१% |
| रणनीति २- आर्थिक रूपान्तरणमा भन्सारको योगदान अभिवृद्धि | १०.१५ | १.४५% |
| रणनीति ३- यात्रु जाँचपास सुदृढीकरण | ८१.७३ | ११.६७% |

| रणनीति | रु. करोड | प्रतिशत |
|---|---|---|
| रणनीति ४- राजस्व व्यवस्थापन सुदृढीकरण | १८.९८ | २.७१% |
| रणनीति ५- सूचनामा आधारित कारबाहीको जग निर्माण | १७.७५ | २.५३% |
| रणनीति ६- भन्सार कारबाही क्षमता सुदृढीकरण | ३०.६३ | ४.३७% |
| रणनीति ७- समाज संरक्षण तथा हरित भन्सार उपायको अवलम्बन | ४.१२ | ०.५९% |
| रणनीति ८- भन्सार प्रयोगशाला आधुनिकीकरण तथा सेवा विस्तार | १४.१२ | २.०२% |
| रणनीति ९- स्वचालित तथा अन्तरआबद्ध प्रणाली विकास | १६८.०९ | २३.९९% |
| रणनीति १०-सक्षम, जवाफदेही र भविष्य उन्मुख भन्सार सङ्गठन निर्माण | ३३६.६५ | ४८.०६% |
| **जम्मा** | **७००.५६** | **१००.००%** |

यो बजेट अनुमान बस्तुनिष्ठ आधारमा तयार गरिएको हो। वार्षिक रूपमा भएको यथार्थ खर्चको आधारमा पछिल्ला वर्षहरूमा लाग्न सक्ने बजेट अनुमान आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ। बजेट अनुमानको गणना विधिको विवरण अनुसूची २ मा प्रस्तुत गरिएको छ।

## ४.२ स्रोत व्यवस्थापन

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयन गर्न योजना अवधिको खर्च करिब रू. ७ अर्ब ५६ लाख लाग्ने अनुमान गरिएको छ। यो रकम मध्ये कार्यक्रम भित्र पर्ने Intangible प्रकारका खर्चहरू (समूह २ का खर्चहरू) रु. १ अर्ब ०९ करोड ४४ लाख भन्सार विभागलाई विनियोजन हुँदै आएको बजेट भित्रबाट पूर्ति हुने अनुमान गरिएको छ। यस बाहेकको समूह १ मा पर्ने पुँजीगत खर्च रु. ५ अरब ९१ करोड १२ लाख भन्सार विभागले थप परिचालन गर्नु पर्ने देखिन्छ।

भन्सार विभागले भन्सारको वार्षिक बजेट मध्येबाट सञ्चालन हुने कार्यक्रम बाहेकमा विगतका योजना कार्यान्वयनमा प्राप्त सहयोगको आधारमा देहाय अनुसार स्रोत परिचालन गर्नेछ।

- एसियाली विकास बैङ्क र नेपाल सरकारबीच सम्पन्न Customs and Logistics Reform Program अन्तर्गत नेपाल सरकारले हालसम्म Subprogram १ र २ सम्पन्न गरिसकेको र Subprogram २ बमोजिमको सहयोग प्राप्त गर्ने सम्झौता समेत सम्पन्न भई सकेको छ। विगतमा नेपाल सरकार र एसियाली विकास बैङ्कबीच सम्पन्न दुईवटा नीति सुधार कार्यक्रमबाट प्राप्त भएको सहयोग भन्सार सुधारका कार्यक्रममा परिचालन गरिएको परिप्रेक्ष्यमा Customs and Logistics Reform Program अन्तर्गत Subprogram २ को नीति सुधार कार्यहरू पुरा भइसकेकोले सो पुरा गरे बापत प्राप्त हुने

USD 50 million मध्येबाट यो सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयन गर्न स्रोत परिचालन गर्ने अपेक्षा गरिएको छ। साथै, भविष्यमा Subprogram ३ को नीति सुधारमा सम्झौता भई प्राप्त हुने रकम मध्येबाट समेत भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनमा थप स्रोत व्यवस्थापन गर्न सकिने छ।

- एसियाली विकास बैङ्क र नेपाल सरकारबीच सम्पन्न Customs and Logistics Reform Program अन्तर्गत प्राप्त हुने प्राविधिक सहायतालाई भन्सार सुधार तथा आधुनिकीकरण योजना भित्र परेका महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्न परिचालन गर्ने अपेक्षा गरिएको छ।
- South Asia Subregional Economic Cooperation (SASEC) अन्तर्गत प्राप्त हुने प्राविधिक सहयोग क्षेत्रीय तहमा सञ्चालन गरिने भन्सार सुधारका कार्यक्रम कार्यान्वयनमा परिचालन गरिनेछन्।
- विश्व भन्सार सङ्गठन(WCO), IMF, World Bank, UNODC लगायतका दातृ निकायहरूले पनि भन्सार सुधारका विभिन्न पक्षहरूमा सहयोग उपलब्ध गराई आएको सन्दर्भमा यस योजनाको कार्यान्वयनमा पनि ती निकायहरूको सहयोग परिचालनलाई निरन्तरता दिइनेछ।
- नेपालका छिमेकी राष्ट्रहरूबाट भन्सारको भौतिक पूर्वाधार विकासमा प्राप्त हुँदै आएको द्विपक्षीय सहयोगलाई निरन्तरता दिन पहल गरिने छ।
- यसका अतिरिक्त भौतिक पूर्वाधार विकास तथा Non Intrusive Inspection Equipment उपलब्ध र सञ्चालन गर्न सरकारी तथा निजी क्षेत्रको साझेदारीलाई पनि प्रोत्साहन गरी स्रोतको परिचालन गरिनेछ।
- भन्सार विभागले अर्थ मन्त्रालयको समन्वयमा भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयन गर्न दातृ निकायहरू समक्ष सम्भाव्य सहयोगका क्षेत्रहरू पहिचान गरी आवश्यक पहल गर्नेछ।

सातौं भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना कार्यान्वयन गर्न माथि उल्लेखित क्षेत्रहरूबाट आवश्यक स्रोत सुनिश्चित गरिनेछ।

# परिच्छेद ५ - योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

आ.व. २०८३/८४ देखि आ.व. २०८७/८८ सम्मका लागि तयार गरिएको सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाको यस परिच्छेदले योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि आवश्यक कार्यान्वयन ढाँचा प्रस्तुत गर्दछ। यसले रणनीतिक उद्देश्यहरूलाई व्यवहारिक कार्य योजनामा रूपान्तरण गर्दै सुधार कार्यक्रमलाई प्रभावकारी, जवाफदेही र परिणाममुखी रूपमा सञ्चालन गर्न आवश्यक संस्थागत संरचना प्रदान गरेको छ।

वि.सं. २०६० देखि कार्यान्वयनमा आएका अघिल्ला ६ वटा भन्सार सुधार योजनाबाट प्राप्त अनुभव, सिकाइ र चुनौतीलाई आधार मानी संस्थागत समन्वय, डिजिटल माध्यमबाट अनुगमन, जबाफदेहिता र जोखिम व्यवस्थापनमा विशेष जोड दिइएको छ। विगतका योजनाहरूमा देखिएका कार्यान्वयन सम्बन्धी चुनौतीहरूलाई पुनरावृत्ति हुन नदिन यस योजनाले स्पष्ट संस्थागत जिम्मेवारी र अनुगमन गर्ने प्रणाली सुनिश्चित गरेको छ।

## ५.१ योजना तर्जुमा

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना सहभागितामूलक प्रक्रिया मार्फत तर्जुमा गरिएको हो। योजना निर्माणका क्रममा अघिल्ला सबै ६ वटा भन्सार सुधार तथा आधुनिकीकरण योजनाहरूको समीक्षा, छैटौं भन्सार सुधार तथा आधुनिकीकरण योजना को मध्यावधि समीक्षा, CRMSAP Approach Paper (2025), Time Release Study (TRS) प्रतिवेदन, राजस्व तथा व्यापार तथ्याङ्क, जोखिम विश्लेषण र सेवा प्रवाहसम्बन्धी कार्यसम्पादन सूचकहरूको अध्ययन गरिएको थियो। साथै, नेपालको सोह्रौं योजना (२०२४/२५-२०२८/२९), आन्तरिक राजस्व परिचालन रणनीति (२०२४-२०२९), नेपाल व्यापार एकीकरण रणनीति (२०२३), व्यापार नीति (२०२४), सुशासन सम्बन्धी नीतिगत दस्ताबेज तथा उच्चस्तरीय कर र आर्थिक सुधारसम्बन्धी प्रतिवेदनहरूलाई पनि आधार सामग्रीका रूपमा प्रयोग गरिएको छ।

यससँगै WCO Strategic Plan, Revised Kyoto Convention (RKC), WTO Trade Facilitation Agreement (TFA), SAFE Framework of Standards, SASEC Trade Facilitation Framework, ECTS, BBIN MVA लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मापदण्ड, सम्झौता र उत्कृष्ट अभ्यासहरूको अध्ययन गरी तिनलाई नेपालको आवश्यकता र सन्दर्भसँग समायोजन गरिएको छ। यसले सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनालाई राष्ट्रिय प्राथमिकता र अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समन्वित बनाएको छ।

योजना तर्जुमाको क्रममा विज्ञ र सरोकारवालाहरूसँग परामर्श गरिएको थियो। महानिर्देशक, उपमहानिर्देशक, शाखा प्रमुख, भन्सार कार्यालय प्रमुख र कर्मचारीहरूसँग Focus Group Discussion तथा

Key Informant Interview सञ्चालन गरिएको थियो। आयातकर्ता, निर्यातकर्ता, उद्योगी व्यवसायी, SMEs लगायतका निजी क्षेत्रका प्रतिनिधिसँग प्रश्नावलीका आधारमा अन्तर्क्रिया गरिएको थियो भने वीरगञ्ज, भैरहवा, विराटनगर, नेपालगञ्ज, तातोपानी लगायतका स्थानमा स्थलगत रूपमा अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएका थिए। निजी क्षेत्र तथा सरोकारवाला निकायहरूसँग संस्थागत रूपमा लिखित सुझाव लिइएको थियो भने भन्सार कार्यालय एवम् भन्सार विभागका शाखाहरूबाट समेत सुझाव लिइएको थियो।

महानिर्देशकको नेतृत्वमा गठित निर्देशन समितिले रणनीतिक मार्गदर्शन प्रदान गरेको थियो। भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाका निर्देशकको नेतृत्वमा रहेको प्राविधिक कार्य टोलीले वृहत् रूपमा अध्ययन तथा समीक्षा गरी एसियाली विकास बैङ्कका विज्ञ सल्लाहकारको प्राविधिक सहायता समेत लिई योजनाको मस्यौदा तयार गरेको र कार्यटोलीले तयार गरेको मस्यौदालाई सरोकारवाला निकायहरूसँग Brainstorming Session आयोजना गरी पृष्ठपोषण लिइएको र Validation Workshop मा बुँदागत रूपमा छलफल गरी योजनालाई अन्तिम रूप प्रदान गरिएको थियो। यस योजना तर्जुमाको लागि गठित निर्देशन समिति तथा कार्यटोलीको संरचना अनुसूची ४ मा समावेश गरिएको छ। भन्सार सुधार तथा आधुनिकीकरण योजनाको तर्जुमाका क्रममा गरेका छलफल तथा अन्तरक्रियामा सहभागीहरूको विवरण अनुसूची ५ मा राखिएको छ।

## ५.२ योजना कार्यान्वयन

भन्सार विभाग सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाको प्रमुख कार्यान्वयन निकाय हुनेछ। योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्पष्ट जिम्मेवारी, समन्वय र जबाफदेहितामा आधारित दुई तहको कार्यान्वयन संरचना अवलम्बन गरिनेछ।

### तह १: सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना निर्देशन समिति

सातौं सुधार योजनाको कार्यान्वयन, निर्देशन, अन्तर निकाय समन्वय र स्रोत परिचालन सम्बन्धमा मार्गदर्शन प्रदान गर्न महानिर्देशकको संयोजकत्वमा देहाय बमोजिमको निर्देशन समिति रहनेछ।

- महानिर्देशक, भन्सार विभाग — संयोजक
- उपमहानिर्देशकहरू, भन्सार विभाग — सदस्य
- प्रतिनिधि, अर्थ मन्त्रालय — सदस्य
- प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — सदस्य
- प्रतिनिधि, कृषि, वन तथा पर्यावरण मन्त्रालय — सदस्य
- प्रतिनिधि, पूर्वाधार विकास मन्त्रालय — सदस्य
- प्रतिनिधि, सूचना प्रविधि विभाग — सदस्य
- निर्देशक, भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा, भन्सार विभाग — सदस्य-सचिव

यस समितिको बैठकमा संयोजकले आवश्यकता बमोजिम अन्य निकायका प्रतिनिधि तथा विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

समितिको सचिवालयको कार्य भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाले गर्नेछ। समितिले कम्तीमा वर्षमा दुई पटक बैठक गरी प्रगति समीक्षा गर्ने, कार्यान्वयन सहजीकरण गर्ने र अन्तर निकाय समन्वयलाई सुदृढ गर्नेछ।

**तह २ः समन्वय तथा कार्यान्वयन एकाइ (Coordination and Implementation Unit - CIU)**

भन्सार विभागमा भन्सार सुधारका कार्यहरू हेर्ने महाशाखाका उपमहानिर्देशकको नेतृत्वमा देहायको समन्वय तथा कार्यान्वयन एकाइ (CIU) रहनेछ।

- उपमहानिर्देशक — संयोजक
- निर्देशक, सबै शाखा — सदस्य
- शाखा अधिकृत, भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा — सदस्य-सचिव

CIU ले योजनाको कार्यान्वयन, समन्वय, प्रगति अनुगमन, समस्या समाधान र प्रतिवेदन व्यवस्थापनको भूमिका निर्वाह गर्नेछ। CIU ले अर्धवार्षिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने, विकास साझेदारहरूसँग समन्वय गर्ने, बजेट तथा स्रोत उपयोग अनुगमन गर्ने र विभिन्न शाखा तथा भन्सार कार्यालयबीच सहकार्यलाई सहज बनाउनेछ।

## ५.३ व्याख्यात्मक टिप्पणी

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनामा समावेश भएका क्रियाकलाप तथा कार्यहरूको बुझाई र कार्यान्वयनमा एकरूपता लागि कार्ययोजनाको एक विस्तृत व्याख्यात्मक टिप्पणी तयार गरिनेछ।

## ५.४ अनुगमन तथा मूल्याङ्कन

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाले अनुगमनलाई सिकाइ, निर्णय र सुधार व्यवस्थापनसँग प्रत्यक्ष रूपमा जोड्ने लक्ष्य राखेको छ। यस योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

१. अर्धवार्षिक प्रगति समीक्षा,

२. वार्षिक प्रगति प्रतिवेदन,

३. वि.सं. २०८५ मा स्वतन्त्र मध्यावधि मूल्याङ्कन,

४. वि.सं. २०८८ मा अन्तिम मूल्याङ्कन।

अर्धवार्षिक समीक्षाले योजना कार्यान्वयनको प्रगति, बजेट उपयोग, ढिलाइ, जोखिम र कार्यान्वयन चुनौतीहरूको विश्लेषण गर्नेछ। सरोकारवालासँग वार्षिक रूपमा अन्तर्क्रिया गरी सुधारको प्रभाव र चुनौतीहरूको संयुक्त समीक्षा गरिनेछ।

योजनाको अनुगमनका लागि Real time Dashboard, Evidence Repository, Automated Alert System सहितको डिजिटल Monitoring Platform विकास गरिनेछ। अनलाइन अनुगमन प्रणालीको स्वरूप, विशेषता र कार्य प्रक्रियाको खाका अनुसूची ३ मा दिइएको छ।

## ५.५ कार्यान्वयनका चुनौती र मान्यताहरू

यस भन्सार सुधार तथा आधुनिकीकरण योजनाको पूर्ण कार्यान्वयनमा अवरोध पुऱ्याउन सक्ने चुनौतीहरूको पहिचान गरी तिनको न्यूनीकरणका लागि यस योजनाले आवश्यक मान्यता र उपायहरू समेटेको छ। योजना कार्यान्वयनका चुनौती र मान्यताहरू तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं. | चुनौती | क्षेत्र | जोखिमको स्तर | मान्यता र उपाय |
|---|---|---|---|---|
| १ | सुधार योजनाका कार्यहरूलाई सम्बोधन गर्ने गरी सङ्गठन पुनर्संरचनामा ढिलाइ हुँदा कार्यान्वयन प्रभावित हुनु। | संस्थागत | उच्च | सङ्गठन पुनर्संरचनालाई उच्च प्राथमिकतामा राखी सुधार योजना कार्यान्वयनमा सहयोग पुग्ने गरी भन्सार विभागको सङ्गठन पुनर्संरचना अध्ययन र सिफारिस गरिनेछ। |
| २ | पुँजीगत खर्चका लागि पर्याप्त सरकारी बजेट विनियोजन नहुनु। | वित्तीय | उच्च | बहुवर्षीय बजेटको सुनिश्चितता गरिनेछ; विकास साझेदारहरूसँग प्रारम्भिक समन्वय गरिनेछ; पूर्वाधार विकासका लागि सार्वजनिक निजी साझेदारी ढाँचा अवलम्बन गरिनेछ। |
| ३ | बारम्बार हुने कर्मचारी सरुवाले योजना कार्यान्वयनमा असर पार्नु। | संस्थागत | उच्च | पारदर्शी सरुवा मापदण्ड कार्यान्वयन गरिनेछ; पेसागत सीप, ज्ञानको हस्तान्तरणको व्यवस्था गरिनेछ। |
| ४ | अन्तर निकाय समन्वयमा कमजोरी हुनु। | समन्वय | उच्च | उच्चस्तरीय NNSW समन्वय समिति क्रियाशील बनाइनेछ; अनौपचारिक सीमा व्यापार नियन्त्रणमा संलग्न निकायहरूको संयुक्त कार्यविधि (SOPs) कार्यान्वयन गरिनेछ; प्रमुख निकायहरूसँग औपचारिक समझदारी पत्रमा हस्ताक्षर गरिनेछ। |
| ५ | सूचना प्रविधि प्रणालीमा प्राविधिक समस्या वा ढिलाइ हुनु। | प्रविधि | उच्च | प्रणालीको Downtime न्यून गर्ने उपाय अवलम्बन गरिनेछ; नयाँ प्रणालीमा स्तरोन्नति गर्दा शून्य अवरोध हुने चरणबद्ध माइग्रेसन रणनीति अपनाइनेछ; NECAS र NNSW को दिगोपनका लागि सक्षम निकायसँग SLA गरिनेछ; वार्षिक रूपमा DR अभ्यास र साइबर |

| क्र.सं. | चुनौती | क्षेत्र | जोखिमको स्तर | मान्यता र उपाय |
|---|---|---|---|---|
| | | | | सुरक्षा परीक्षण गरिनेछ। |
| ६ | राजस्व नीति तथा बजेटका प्राथमिकताहरू सुधार योजनाको मार्गचित्रसँग तादात्म्य नहुनु। | नीतिगत | मध्यम | भन्सार विभाग र अर्थ मन्त्रालयबीच समन्वय गरिनेछ; वार्षिक राजस्व नीतिसम्बन्धी अवधारणा पत्रमा सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाका उद्देश्यहरू समावेश गर्न सिफारिस गरिनेछ। |
| ७ | भन्सार ऐन, २०८२ र भन्सार नियमावली, २०८३ अनुरूप TFA तथा RKC सम्बन्धी व्यवस्थाहरू कार्यान्वयनमा ढिलाइ हुनु। | कानुनी | मध्यम | भन्सार कार्यालय तथा सरोकारवालालाई अभिमुखीकरण गरी TFA तथा RKC सम्बन्धी व्यवस्थाहरू चरणबद्ध रूपमा कार्यान्वयन हुने व्यवस्था सुनिश्चित गरिनेछ। |
| ८ | सुधारको अपनत्व अभिवृद्धि गर्ने चुनौती। | संस्थागत | मध्यम | Change Management का कार्यक्रमहरू सञ्चालन गरिनेछ; कर्मचारी सहभागिता मञ्च सञ्चालन गरिनेछ; सुधारका कार्यक्रमहरूको कार्यान्वयनमा भन्सार विभाग तथा मातहतका कार्यालयहरूको जवाफदेहिता सुनिश्चित गरिनेछ; सुधार कार्यमा उल्लेख्य योगदान पुऱ्याउने जनशक्तिलाई प्रोत्साहन तथा सम्मान गरिनेछ। |
| ९ | विपद्, महामारी, भू-राजनीतिक घटना तथा वैश्विक व्यापार वातावरणमा आउन सक्ने प्रतिकुलताका कारण वैदेशिक व्यापारमा असर पर्न सक्ने। | बाह्य | न्यून-मध्यम | मुख्य भन्सार कार्यालयहरूमा व्यवसाय निरन्तरता योजना कार्यान्वयन गरिनेछ; सूचना प्रणालीमा अवरोध आएमा तत्काल सञ्चालनका लागि Backup Plan कार्यान्वयन गरिनेछ; विपद्का समयमा वस्तु जाँचपासका लागि विशेष प्रक्रिया अवलम्बन गरिनेछ। |
| १० | विकास साझेदारहरूको प्राथमिकताका क्षेत्र र सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाका कार्यबीच तादात्म्यता कायम गर्नु। | वित्तीय | न्यून-मध्यम | विकास साझेदारसँग समन्वय गरिनेछ; लगानीको स्पष्ट रूपरेखा र साझेदारी मोडालिटी तय गरिनेछ; भन्सार सुधार तथा आधुनिकीकरण योजना अनुरूपका कार्यहरूको कार्यान्वयनका लागि विकास साझेदारको सहायता परिचालन गरिनेछ। |
| ११ | निजी क्षेत्रको अनुपालन स्तरमा अपेक्षित सुधार नहुनु। | बाह्य | न्यून-मध्यम | व्यापार सहजीकरण समन्वय समिति (CTFC/LCTFC) को नियमित बैठक आयोजना गरिनेछ; नियमित सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिनेछ; पारदर्शी सेवा तथा अनुपालन मापदण्ड सुनिश्चित गरिनेछ; भन्सार सम्बद्ध सूचनाहरूको प्रवाह हुने व्यवस्था गरिनेछ; |

| क्र.सं. | चुनौती | क्षेत्र | जोखिमको स्तर | मान्यता र उपाय |
|---|---|---|---|---|
| | | | | ABP कार्यान्वयन गरिनेछ। |
| १२ | सुधार योजनाले अघि सारेका प्रविधि तथा प्रणालीहरूको सञ्चालन गर्न दक्ष जनशक्तिको कमी तथा कर्मचारीहरूमा प्रविधिप्रतिको Preparedness न्यून हुनु। | संस्थागत | उच्च | स्पष्ट Retention Policy बनाएर दक्ष कर्मचारीहरूलाई टिकाउने नीति अवलम्बन गरिनेछ; दक्ष कर्मचारीहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली कार्यान्वयन गरिनेछ; कर्मचारीहरूको नियमित क्षमता अभिवृद्धि गरिनेछ; पेसागत विज्ञता विकासका लागि भन्सार विज्ञ समूह गठन गरिनेछ। |
| १३ | चोरी निकासी पैठारी गर्ने प्रवृत्तिमा सुधार नआउनु। | बाह्य | उच्च | राजस्व चुहावट नियन्त्रण समितिलाई सक्रिय गराइनेछ; जोखिम भएका क्षेत्रमा सिसिटिभी तथा ड्रोनजस्ता आधुनिक उपकरणमार्फत निगरानी गरी त्यस्तो क्षेत्रमा गस्तीलाई प्राथमिकता दिइनेछ; सुराकी परिचालन, संयुक्त गस्ती तथा बजार अनुगमन गरिनेछ; सरोकारवाला निकायहरूबीच सूचनाको आदानप्रदान र समन्वय गरिनेछ। |

# अनुसूची १ - भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना

## रणनीतिक आधारस्तम्भ (उपलब्धि) १ - व्यापार सहजीकरण

**रणनीति (प्रतिफल) १: अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बैदेशिक व्यापार सहजीकरण गर्ने।**

तलको तालिकामा रणनीतिक स्तम्भ (उपलब्धि) १ अन्तर्गतको रणनीति (प्रतिफल) १ मा उल्लिखित उद्देश्य पुरा गर्न आवश्यक क्रियाकलाप, कार्य, उपलब्धि सूचक (Milestone), समय सीमा तथा जिम्मेवारीहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य १. व्यापार सहजीकरण अनुकूल हुने गरी कानुनी प्रबन्ध सुदृढ गर्ने। | क्रियाकलाप १: WTO TFA तथा RKC को प्रावधान समेत समेटिएको भन्सार कानुन कार्यान्वयनलाई प्रभावकारी बनाउने। | उच्च | १. भन्सार ऐन तथा नियमावलीले गरेका प्रावधानहरुको बारेमा कर्मचारी र सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने। | नियमित | अभिमुखीकरण कार्यक्रम | २०८३ श्रावण | २०८४ असार | १.४४ | PTS |
| | | | २. भन्सार सम्बन्धी ऐन कानुनहरुको कार्यान्वयनमा सहजताका लागि नेपाली तथा अंग्रेजी संस्करण अद्यावधिक गरी प्रकाशन गर्ने। | वार्षिक | अद्यावधिक कानुन प्रकाशन | २०८३ श्रावण | २०८८ असार | १४.१७ | PTS |
| | | | ३. भन्सार कानुन कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने। | वार्षिक | अनुगमन प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ०.०० | PTS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | क्रियाकलाप २: WTO TFA तथा RKC को मापदण्ड र भन्सार कानुनहरुबीच अन्तर विश्लेषण गर्ने। | उच्च | १. WTO TFA तथा RKC का सामान्य मापदण्ड र भन्सार कानुनहरुबीच गरिएको अन्तर विश्लेषण प्रतिवेदनलाई अध्यावधिक गर्ने। | १ पटक | अध्यावधिक अन्तर विश्लेषण प्रतिवेदन | २०८४ श्रावण | २०८५ असार | ३७.७९ | PTS |
| | | | २. RKC का निर्दिष्ट (Specific Provision) मापदण्ड र भन्सार कानुनहरुमा भएको व्यवस्थाहरुबीच अन्तर विश्लेषण गर्ने। | १ पटक | अन्तर विश्लेषण प्रतिवेदन | २०८५ श्रावण | २०८६ असार | ३७.७९ | PTS |
| | | | ३. अन्तर विश्लेषणको आधारमा भन्सार कानुनहरु अद्यावधिक गर्न सिफारिश गर्ने। | वार्षिक | कानुन अद्यावधिक गर्न सिफारिश | २०८५ श्रावण | २०८८ असार | ६.०५ | PTS |
| | क्रियाकलाप ३: भन्सार सम्बन्धी कानुनी प्रावधानको कार्यान्वयनमा सहजता र एकरूपता कायम गर्न भन्सार हातेपुस्तिका (Customs Handbook) तयार गर्ने। | उच्च | १. भन्सार हातेपुस्तिका तयारीका लागि TOR सहित प्राविधिक टोली गठन गर्ने। | १ पटक | प्राविधिक टोली गठन | २०८३ असोज | २०८३ कार्तिक | ०.०० | PTS |
| | | | २. भन्सार हातेपुस्तिकाको रूपरेखा तथा चेकलिस्ट तयार गर्ने। | १ पटक | भन्सार हातेपुस्तिकाको रूपरेखा तथा चेकलिस्ट स्वीकृत | २०८३ मंसिर | २०८३ पौष | १८.१४ | PTS |
| | | | ३. भन्सार हातेपुस्तिकाको मस्यौदा तयार गर्ने। | १ पटक | भन्सार हातेपुस्तिका मस्यौदा | २०८३ माघ | २०८५ असार | ६.०५ | PTS |
| | | | ४. भन्सार हातेपुस्तिका स्वीकृत | १ पटक | भन्सार हातेपुस्तिका | २०८५ | २०८५ | ०.९५ | PTS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | गरी कार्यान्वयन गर्ने। | | कार्यान्वयन | असार | साउन | | |
| | क्रियाकलाप ४: स्वैच्छिक अनुपालन प्रवर्द्धन गर्ने। | मध्यम | १. Authorized Business Person (ABP) सम्बन्धी कार्यविधि अद्यावधिक गर्ने। | नियमित | अद्यावधिक कार्यविधि | २०८३ श्रावण | २०८८ असार | १५.११ | PTS |
| | | | २. अद्यावधिक कार्यविधि बमोजिम Authorized Business Person (ABP) कार्यक्रम कार्यान्वयनमा ल्याउने। | वार्षिक | ABP कार्यक्रम कार्यान्वयन | २०८३ श्रावण | २०८८ असार | १.८९ | PTS |
| | | | ३. व्यापार साझेदार मुलुकहरूसँग ABP को Mutual Recognition Agreement (MRA) सम्बन्धी प्रारम्भिक कार्य गर्ने। | कम्तीमा १ मुलुकसँग | MRA मस्यौदा | २०८३ पुष | २०८८ असार | ९.३६ | CRIRS |
| | | | ४. पूर्वादिश (Advance Ruling) को प्रभावकारी कार्यान्वयनका लागि कार्यविधिको मस्यौदा तयार गर्ने। | १ पटक | Advance Ruling सम्बन्धी कार्यविधिको मस्यौदा | २०८३ पुष | २०८४ असार | ६.०५ | CS |
| | | | ५. पूर्वादिश सम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्ने। | १ पटक | पूर्वादिश सम्बन्धी कार्यविधिको कार्यान्वयन | २०८४ श्रावण | २०८५ असार | ०.०० | CS |
| | | | ६. भन्सार सम्बन्धी कानुन, कार्यविधि, निर्देशिका, सूचना तथा | नियमित | भन्सारको वेबसाइटमा अद्यावधिक रूपमा | २०८३ श्रावण | २०८८ असार | ३०.२३ | ITISS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | विभागका अन्य प्रकाशनहरू प्रकाशन गर्ने। | | प्रकाशन | | | | |
| | | | ७. GESI को मूल्य मान्यता अनुरूप केन्द्रीय तथा जिल्लास्तरीय व्यापार सहजीकरण समन्वय समितिमा महिला उद्यमीहरू तथा SMEs को प्रतिनिधित्व गराउने। | नियमित | केन्द्रीय तथा जिल्लास्तरीय व्यापार सहजीकरण समन्वय समितिको पुनर्संरचना | २०८३ श्रावण | २०८८ असार | २५.५१ | CFS |
| | | | ८. Nepal Customs Compliance Improvement Strategy (NCCIS) को कार्य योजना कार्यान्वयन गर्ने। | नियमित | NCCIS कार्यान्वयन हुने | २०८३ श्रावण | २०८४ पौष | ३०.२३ | CFS |
| | क्रियाकलाप ५: ट्रान्ससिपमेन्ट मोडालिटी सहित आन्तरिक परिवहन सुविधा व्यवस्थित गर्ने | मध्यम | १. विद्यमान आन्तरिक परिवहन मोडालिटी र अन्तर्राष्ट्रिय असल अभ्यासबीच अन्तर विश्लेषण गर्ने। | १ पटक | अन्तर विश्लेषण प्रतिवेदन | २०८३ श्रावण | २०८४ असार | ३७.७९ | CRIRS |
| | | | २. Nepal Customs Automation System (NECAS) मा आन्तरिक पारवहन प्रक्रियालाई अद्यावधिक गर्ने। | १ पटक | NECAS मा ट्रान्जिट मोड्युल अद्यावधिक | २०८४ श्रावण | २०८४ चैत्र | ३.५९ | ITSADS |
| | | | ३. अन्तर्राष्ट्रिय अभ्यास बमोजिम निकासी तथा पैठारीका लागि आन्तरिक परिवहन सुविधा | नियमित | अन्तर्राष्ट्रिय अभ्यास अनुरुप आन्तरिक ट्रान्जिट सुविधा | २०८३ श्रावण | २०८८ असार | ०.०० | MS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | कार्यान्वयन गर्ने। | | सञ्चालन | | | | |
| | क्रियाकलाप ६: अन्तर्राष्ट्रिय पारवहन सुविधा व्यवस्थित गर्ने | मध्यम | १. अन्तर्राष्ट्रिय पारवहन सुविधा व्यवस्थित गर्न कार्यविधि तयार गर्ने। | १ पटक | कार्यविधि | २०८३ श्रावण | २०८४ असार | ३७.७९ | PTS |
| | | | २. Nepal Customs Automation System (NECAS) मा अन्तर्राष्ट्रिय पारवहन प्रक्रियालाई अद्यावधिक गर्ने। | १ पटक | NECAS मा अन्तर्राष्ट्रिय पारवहन सम्बन्धी व्यवस्था कार्यान्वयन | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | ITSADS |
| उद्देश्य २: भन्सार प्रक्रिया सरलीकरण, सूचना सम्प्रेषण तथा गुनासो व्यवस्थापन गर्ने। | क्रियाकलाप १: भन्सार प्रक्रियाको Re-engineering गर्ने। | उच्च | १. भन्सारका प्रक्रियाहरूको End-to-End Mapping गर्ने। | १ पटक | Business Process Mapping सम्पन्न | २०८३ श्रावण | २०८४ असार | ९४.४७ | GAHRDS |
| | | | २. भन्सारका प्रक्रियालाई थप सरलीकरण गर्न Business Process Re-engineering (BPR) सम्बन्धी अध्ययन गर्ने। | १ पटक | BPR अध्ययन प्रतिवेदन | २०८३ श्रावण | २०८४ असार | ९४.४७ | GAHRDS |
| | | | ३. BPR प्रतिवेदनको आधारमा कानुन, प्रक्रिया तथा कागजातको पुनरावलोकन गर्ने। | १ पटक | कानुन, प्रक्रिया तथा कागजातको पुनरावलोकन | २०८४ श्रावण | २०८५ असार | १२.०९ | PTS |
| | | | ४. पैठारीलाई आवश्यक सबै कागजात प्रणाली मार्फत पेस गर्ने व्यवस्था गरी कागजरहित भन्सार जाँचपास कार्यान्वयन गर्ने। | १० भन्सार कार्यालय | कागजरहित भन्सार जाँचपास | २०८४ श्रावण | २०८८ असार | ४७.२३ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ५. भन्सार प्रक्रियाको आवधिक समीक्षा गर्ने। | प्रत्येक २ वर्षमा | समीक्षा प्रतिवेदन | २०८३ श्रावण | २०८८ पुस | ११३.३६ | CRIRS |
| | क्रियाकलाप २: सूचना सम्प्रेषण गर्ने। | उच्च | १. वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने। | वार्षिक | प्रगति प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ३०.२३ | MS |
| | | | २. परिपत्र सङ्ग्रह प्रकाशन गर्ने। | वार्षिक | परिपत्र सङ्ग्रह | २०८३ श्रावण | २०८८ असार | ०.०९ | PTS |
| | | | ३. एकीकृत भन्सार महसुल दरबन्दी अद्यावधिक गरी प्रकाशन गर्ने। | वार्षिक | एकीकृत भन्सार महसुल दरबन्दी प्रकाशन | २०८३ श्रावण | २०८८ असार | ३०.२३ | PTS |
| | | | ४. वस्तु वर्गीकरण निर्णय सङ्ग्रह प्रकाशन गर्ने। | वार्षिक | वस्तु वर्गीकरण निर्णय सङ्ग्रह प्रकाशन | २०८३ श्रावण | २०८८ असार | ०.१९ | CS |
| | | | ५. फैसला सङ्ग्रह प्रकाशन गर्ने। | वार्षिक | फैसला सङ्ग्रह प्रकाशन | २०८३ श्रावण | २०८८ असार | ०.०९ | ARS |
| | क्रियाकलाप ३: गुनासो व्यवस्थापन, सरोकारवालाको प्रतिक्रिया तथा सेवाग्राही केन्द्रित सेवा प्रवाह संयन्त्र सुदृढ गर्ने। | मध्यम | १. सेवा प्रवाह तथा गुनासो समाधानको समय सीमा र जबाफदेहिता सुनिश्चित गर्न Service Standard तयार गर्ने। | १ पटक | Service Standard तयार | २०८३ श्रावण | २०८३ पौष | १.९८ | CFS |
| | | | २. केन्द्रीय तथा कार्यालयस्तरीय गुनासो तथा उजुरी व्यवस्थापन संयन्त्र स्थापना गर्ने। | १ पटक | विभाग तथा भन्सार कार्यालयहरूमा गुनासो व्यवस्थापन संयन्त्र | २०८३ श्रावण | २०८३ पौष | १.८९ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | | | सञ्चालन | | | | |
| | | | ३. विद्युतीय रूपमा गुनासो दर्ता, ट्र्याकिङ तथा फछ्यौंट गर्ने प्लेटफर्म विकास गर्ने। | १ पटक | अनलाइन गुनासो व्यवस्थापन प्रणाली सञ्चालन | २०८३ श्रावण | २०८५ असार | ३३.०६ | CFS |
| | | | ४. प्रमुख भन्सार कार्यालयहरूमा सेवाग्राही सेवा कक्ष स्थापना गर्ने। | १ पटक | सेवाग्राही सेवा कक्ष सञ्चालन | २०८३ श्रावण | २०८४ असार | ९४.४७ | CFS |
| | | | ५. भन्सार सम्बन्धी जिज्ञासाको सहज समाधानका लागि IVR तथा च्याटबोटजस्ता विधि कार्यान्वयन गर्ने। | १ पटक | IVR तथा च्याटबोट प्रणाली अवलम्बन | २०८३ श्रावण | २०८४ असार | १४.१७ | CFS |
| | | | ६. सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने। | वार्षिक | सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न | पौष | असार | ८.९७ | CFS |
| | | | ७. सेवा प्रवाह सम्बन्धमा सरोकारवालाबाट प्राप्त प्रतिक्रिया सम्बोधन गर्ने। | नियमित | आवधिक प्रतिक्रिया विश्लेषण प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ०.०० | CFS |
| उद्देश्य ३: भन्सार जाँचपास सहजीकरण स्तर मापन गर्ने। | क्रियाकलाप १: भन्सार जाँचपासमा लाग्ने समयको अध्ययन (Time Release Study-TRS) नियमित | उच्च | १. TRS लाई संस्थागत गर्न स्थायी प्राविधिक टोली गठन गर्ने। | १ पटक | स्थायी TRS टोली गठन | २०८३ श्रावण | २०८३ असोज | ०.०० | CRIRS |
| | | | २. TRS सञ्चालनका लागि वार्षिक कार्य तालिका तयार गर्ने। | वार्षिक | TRS वार्षिक कार्य तालिका स्वीकृत | श्रावण | असोज | १.३२ | CRIRS |
| | | | ३. TRS का लागि | वार्षिक | सरोकारवालाहरूसँग | मंसिर | माघ | ३७.७९ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | रूपमा गर्ने। | | सरोकारवालाहरूसँग अन्तरक्रिया गर्ने। | | अन्तरक्रिया | | | | |
| | | | ४. Time Release Study गर्ने। | वार्षिक | प्रति वर्ष कम्तीमा एक भन्सार कार्यालयमा TRS सञ्चालन | पौष | वैशाख | १८८.९४ | CRIRS |
| | | | ५. भन्सार जाँचपासमा लाग्ने समयको अध्ययन (TRS) को प्रतिवेदन प्रकाशन गर्ने। | वार्षिक | अध्ययन (TRS) को प्रतिवेदन प्रकाशन | जेठ | असार | ६.०५ | CRIRS |
| | | | ६. TRS प्रतिवेदनमा उल्लेख भएका भन्सारसँग सम्बन्धित सुझावहरू कार्यान्वयन गर्ने। | नियमित | TRS सिफारिस कार्यान्वयन | २०८३ श्रावण | २०८८ असार | ०.०० | CRIRS |
| | | | ७. स्वचालित TRS को लागि भन्सार जाँचपासका सबै तहहरुको Timestamp उपलब्ध हुने गरी प्रणाली अद्यावधिक गर्ने। | १ पटक | प्रणाली अद्यावधिक भएको | २०८४ श्रावण | २०८५ असार | ४७.२३ | ITSADS |
| | | | ८. स्वचालित प्रणालीको सूचनाको आधारमा वार्षिक Time Release Study गर्ने। | कम्तीमा १ पटक | प्रणालीमा उपलब्ध तथ्याङ्कको आधारमा TRS हुने | २०८५ श्रावण | २०८८ असार | १६.५३ | CRIRS |
| | क्रियाकलाप २: भन्सार जाँचपास सहजीकरण मापन | मध्यम | १. WTO TFA को अनुपालनस्तरको मूल्याङ्कन गरी उद्योग वाणिज्य तथा आपूर्ति | नियमित | WTO TFA को अनुपालनस्तरको मूल्याङ्कन प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ३७.७९ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | गर्ने अन्तर्राष्ट्रिय अभ्यासमा रहेका प्रमुख परिसूचकहरूको कार्यान्वयनको तुलनात्मक विश्लेषण गर्ने। | | मन्त्रालयमा सम्प्रेषित गर्ने। | | | | | | |
| | | | २. भन्सार सम्बद्ध OECD Trade Facilitation Indicators (TFI), Business Ready, Logistic Performance Index, WCO Performance Measurement Mechanism (PMM), UN Global Survey on Digital & Sustainable Trade Facilitation लगायतमा उल्लिखित परिसूचकहरूको आधारमा नेपालको भन्सारको कार्यान्वयन स्थिति विश्लेषण गरी सिफारिससहितको प्रतिवेदन पेस गर्ने। | प्रत्येक २ वर्षमा | सिफारिस प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ३७.७९ | CRIRS |
| उद्देश्य ४: डिजिटल व्यापार (ई-कमर्स) र द्रुत जाँचपास प्रवर्द्धन गर्ने। | क्रियाकलाप १: सीमापार E-Commerce व्यवस्थापन गर्ने। | मध्यम | १. WCO Cross-Border E-Commerce Standards अनुरूप E-Commerce Customs Regulatory Framework विकास गर्ने। | १ पटक | E-commerce Regulatory Framework | २०८४ श्रावण | २०८४ चैत्र | १५.८७ | PTS |
| | | | २. Parcel हरूका लागि AI-assisted HS Classification तथा Duty Calculation सहित E-commerce Module कार्यान्वयन गर्ने। | १ पटक | E-commerce Module कार्यान्वयन | २०८५ श्रावण | २०८६ असार | ४७.२३ | ITSADS |
| | | | ३. प्रेषक, प्रापक, घोषित मूल्य | १ पटक | ई-कमर्स जोखिम | २०८६ | २०८७ | ४७.२३ | ITSADS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | यकिन तथा de minimis सीमा समेत समेट्ने गरी हुलाक तथा कुरियर सेवाका लागि ई-कमर्सको जोखिम प्रोफाइलिङ मोड्युल विकास तथा कार्यान्वयन गर्ने। | | मोड्युल विकास तथा कार्यान्वयन | श्रावण | असार | | |
| | क्रियाकलाप २: द्रुत भन्सार जाँचपास (Expedited Shipment) सुविधा उपलब्ध गराउने। | मध्यम | १. हुलाक सेवा र कुरियर सेवा मार्फत निकासी पैठारी हुने वस्तुको जाँचपासलाई व्यवस्थित गर्न अध्ययन गरी प्रतिवेदन तयार गर्ने। | १ पटक | अध्ययन प्रतिवेदन | २०८४ श्रावण | २०८५ असार | ३७.७९ | CRIRS |
| | | | २. हुलाक सेवा, कुरियर सेवा र भन्सार जाँचपास प्रणालीबिच अन्तरआवद्धता विकास गर्ने। | १ पटक | प्रणाली अन्तरआवद्धता | २०८५ श्रावण | २०८६ असार | ४७.२३ | ITSADS |
| | | | ३. हुलाक तथा कुरियर मार्फत हुने निकासी पैठारीलाई शीघ्र जाँचपास सुविधा उपलब्ध गराउने। | नियमित | शीघ्र जाँचपास सुविधा प्रदान | २०८६ श्रावण | २०८८ असार | ०.०० | CRIRS/ Customs |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य ५. आन्तरिक समन्वयात्मक सीमा व्यवस्थापन सुदृढ गर्ने। | क्रियाकलाप १: सीमामा क्रियाशील वैदेशिक व्यापारसँग सम्बन्धित निकायहरू बीच कार्यगत समन्वय कायम गर्ने। | मध्यम | १. सीमामा क्रियाशील वैदेशिक व्यापारसँग सम्बन्धित निकायहरूको Business Process Analysis (BPA) का लागि अन्तर-निकायकार्यदल गठन गर्ने। | १ पटक | अन्तर-निकाय कार्यदल गठन | २०८३ श्रावण | २०८३ पौष | १.८९ | CRIRS |
| | | | २. सीमामा गरिने जाँचपास प्रक्रियालाई समन्वयात्मक स्तरमा असल अभ्यास अनुरूप सञ्चालन गर्न अध्ययन गर्ने। | १ पटक | अध्ययन प्रतिवेदन | २०८३ माघ | २०८४ पौष | ३७.७९ | CRIRS |
| | | | ३. सीमामा वैदेशिक व्यापार सहजीकरणका लागि निकायगत TOR सहितको आन्तरिक समन्वयात्मक सीमा व्यवस्थापनको मोडालिटी तयार गरी सार्वजनिक गर्ने। | १ पटक | निकायगत TOR सहितको आन्तरिक समन्वयात्मक सीमा व्यवस्थापनको मोडालिटी तयार | २०८४ माघ | २०८५ असार | १२.०९ | CRIRS |
| | | | ४. सीमा क्षेत्रमा CBRA सँग कार्यसमय र प्रक्रिया मिलान गर्ने। | ५ वटा प्रमुख कार्यालय | प्रमुख नाकाहरूमा कार्यसमय मिलान भएको | २०८५ श्रावण | २०८८ असार | ०.०० | CRIRS |
| | | | ५. सीमा व्यवस्थापनमा सम्बद्ध निकायहरूबिच समन्वय बैठक गर्ने। | चौमासिक | समन्वय बैठक आयोजना | २०८३ श्रावण | २०८८ असार | १.४४ | CRIRS / Customs Office |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य ६: अन्तर्राष्ट्रियस्तरमा समन्वयात्मक सीमा व्यवस्थापन प्रवर्द्धन गर्ने। | क्रियाकलाप १: व्यापार साझेदार राष्ट्रका भन्सार प्रशासनहरूसँग समन्वय र सहकार्य प्रवर्द्धन गर्ने। | मध्यम | १. व्यापार साझेदार राष्ट्रसँग CMAA गर्ने। | कम्तीमा १ राष्ट्र | CMAA सम्झौतामा हस्ताक्षर | २०८३ श्रावण | २०८८ असार | १.८९ | CRIRS |
| | | | २. नेपाल र भारतबीच केन्द्रीय स्तरमा भन्सार सहकार्य बैठक आयोजना गर्ने/सहभागिता जनाउने। | वार्षिक | प्रत्येक वर्ष एक पटक द्विपक्षीय बैठक सम्पन्न | श्रावण | असार | ५.९५ | CRIRS |
| | | | ३. नेपाल र चीनबीच केन्द्रीय स्तरमा भन्सार सहकार्य बैठक आयोजना गर्ने/सहभागिता जनाउने। | वार्षिक | प्रत्येक वर्ष एक पटक द्विपक्षीय बैठक सम्पन्न | श्रावण | असार | ५.९५ | CRIRS |
| | | | ४. नेपाल र बंगलादेशबीच केन्द्रीय स्तरमा भन्सार सहकार्य बैठक आयोजना गर्ने/सहभागिता जनाउने। | वार्षिक | प्रत्येक वर्ष एक पटक द्विपक्षीय बैठक सम्पन्न | श्रावण | असार | ५.९५ | CRIRS |
| | | | ५. समकक्षी भन्सार कार्यालयबीच सीमा बैठक सञ्चालन गर्ने। | त्रैमासिक | प्रमुख नाकाहरूमा प्रत्येक तीन महिनामा सीमा-स्तरीय समन्वय बैठक सम्पन्न | श्रावण | असार | २३.८१ | CRIRS / Customs Offices |
| | | | ६. बङ्गलादेश, भुटान, भारत र नेपालका भन्सार प्रशासनबीच सीमास्तरको बैठक आयोजना | वार्षिक | प्रत्येक वर्ष एक पटक बैठक सम्पन्न | श्रावण | असार | १०.२० | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | गर्ने/सहभागिता जनाउने। | | | | | | |
| | | | ७. SASEC अन्तर्गत भएका CBM सम्बन्धी विषयहरू कार्यान्वयन गर्ने। | नियमित | निर्णय कार्यान्वयन | २०८३ श्रावण | २०८८ असार | ५६.६८ | CRIRS |
| | | | ८. सीमावर्ती भन्सारसँग कार्य समयमा सामञ्जस्यता कायम गर्ने। | नियमित | कार्यसमय सामञ्जस्यता | २०८३ श्रावण | २०८८ असार | ०.०० | CRIRS/ Customs Offices |
| | | | ९. व्यापार साझेदार भन्सार प्रशासनसँग भन्सार प्रशासनका असल अभ्यास र अनुभव आदान प्रदान गर्ने। | वार्षिक | आदान प्रदान कार्यक्रम आयोजना/सहभागीता | श्रावण | असार | ६.८० | CRIRS |
| | क्रियाकलाप २: भन्सार प्रशासनहरूसँग सूचना आदानप्रदान संयन्त्र विकास गर्ने। | उच्च | १. प्रमुख व्यापार साझेदार मुलुकका भन्सार प्रशासनहरूसँग निर्यात घोषणाको अग्रिम सूचना आदानप्रदान सम्झौता (MoU) गर्ने। | कम्तीमा १ राष्ट्रसँग | अग्रिम सूचना आदानप्रदान सम्झौतामा हस्ताक्षर | २०८३ श्रावण | २०८८ असार | ८.९३ | CRIRS |
| | | | २. सम्झौता बमोजिम सूचना आदानप्रदानको मोडालिटि तयार गर्ने। | कम्तीमा १ राष्ट्रसँग | सूचना आदानप्रदानको मोडालिटि तयार हुने | २०८३ श्रावण | २०८८ असार | १२.०९ | CRIRS |
| | | | ३. क्षेत्रीय/द्विपक्षीय रूपमा सूचना आदानप्रदान गर्ने। | कम्तीमा १ राष्ट्रसँग | सूचना आदानप्रदान | २०८३ श्रावण | २०८८ असार | ०.०० | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | क्रियाकलाप ३: सीमापार तथा क्षेत्रीय ECTS कार्यान्वयनका लागि तयारी गर्ने। | न्यून | १. स्थलमार्गबाट हुने ढुवानीका साधनमा ECTS कार्यान्वयन गर्न MOU तथा सञ्चालन प्रक्रियाको पुनरावलोकन गर्ने। | १ पटक | MOU पुनरावलोकन भएको हुने | २०८४ श्रावण | २०८५ असार | ९.०७ | CRIRS |
| | | | २. ECTS कार्यान्वयन सहजीकरणका लागि भन्सार बिन्दुहरूमा गर्नु पर्ने तयारीहरूको अध्ययन गर्ने। | १ पटक | अध्ययन प्रतिवेदन | २०८४ श्रावण | २०८५ असार | १८.८९ | CRIRS |
| | | | ३. भन्सार बिन्दुहरूमा ECTS कार्यान्वयनका लागि मोडालिटी डिजाइन गर्ने। | १ पटक | ECTS मोडालिटी डिजाइन | २०८४ श्रावण | २०८५ असार | १८.८९ | CRIRS |
| | क्रियाकलाप ४: BBIN MVA कार्यान्वयनका लागि सहजीकरण गर्ने। | न्यून | १. भन्सार विन्दुमा BBIN MVA कार्यान्वयन सहजीकरणका लागि अध्ययन गर्ने। | १ पटक | अध्ययन प्रतिवेदन | २०८४ श्रावण | २०८५ असार | १८.८९ | CRIRS |
| | | | २. भन्सार बिन्दुहरूमा BBIN MVA कार्यान्वयनका लागि मोडालिटी डिजाइन गर्ने। | १ पटक | BBIN MVA मोडालिटी डिजाइन | २०८४ श्रावण | २०८५ असार | १८.८९ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य ७: विपद्को अवस्थामा समेत भन्सारले दिने सेवा सुनिश्चित गर्ने। | क्रियाकलाप १: विपद्को अवस्थामा भन्सारको सेवा सञ्चालनका लागि अनुकूलन योजना तयार गर्ने। | उच्च | १. विपद्को अवस्थामा जाँचपास प्रक्रिया र सूचना प्रविधि प्रणालीको अविच्छिन्नता र निकासी पैठारी आपूर्ति शृङ्खलाको पुनरुत्थान सुनिश्चित गर्न प्रमुख भन्सार बिन्दुहरूमा Business Impact Analysis (BIA) गर्ने। | १ पटक | BIA प्रतिवेदन | २०८३ श्रावण | २०८४ असार | ३७.७९ | CRIRS |
| | | | २. विभाग तथा प्रमुख भन्सार कार्यालयहरूका लागि विपद्को समयमा उपलब्ध हुने गरी भन्सार जाँचपास प्रक्रिया र सूचना प्रविधि प्रणालीको न्यूनतम सेवा स्तर, राहत सामग्री तथा अत्यावश्यक वस्तुका लागि शीघ्र जाँचपास प्रक्रियाको सहितको Business Continuity Plan (BCP) तयार गरी स्वीकृत गर्ने। | १ पटक | BCP विकास तथा स्वीकृत | २०८४ श्रावण | २०८५ असार | २.६४ | CRIRS |
| | | | ३. विपद्को समयमा Business Continuity Plans (BCP) कार्यान्वयन गर्ने। | विपद्को समयमा | विपद्को समयमा Business Continuity Plans (BCP) कार्यान्वयन | २०८४ श्रावण | २०८८ असार | ०.०० | CRIRS / Customs Offices |

## रणनीति (प्रतिफल) २: आर्थिक रूपान्तरणमा भन्सारको योगदान अभिवृद्धि गर्ने

तलको तालिकामा रणनीतिक स्तम्भ (उपलब्धि) १ अन्तर्गतको रणनीति (प्रतिफल) २ का प्रत्येक उद्देश्यका लागि क्रियाकलाप, कार्य, उपलब्धि सूचक (Milestone), समय सीमा तथा जिम्मेवारीहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य १: उद्योगको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न योगदान पुऱ्याउने। | क्रियाकलाप १: निकासीको प्रक्रिया सरलीकरण गर्ने। | उच्च | १. निकासी सहजीकरण डेस्क स्थापना गर्ने। | १ पटक | निकासी हुने प्रमुख ५ भन्सार कार्यालयमा निकासी सहजीकरण डेस्क स्थापना | २०८३ श्रावण | २०८३ पौष | ९४.४७ | GAHRDS |
| | | | २. निकासीको लागत तथा समय घटाउन बैङ्क ग्यारेन्टी, धरौटी, वण्डेड वेयरहाउस तथा विशेष आर्थिक क्षेत्रको प्रक्रिया सरलीकरण गर्ने र स्वचालित बनाउने। | १ पटक | प्रक्रिया स्वचालित हुने | २०८३ श्रावण | २०८६ असार | ४७.२३ | CFS |
| | | | ३. निकासी हुने वस्तुको भण्डारण तथा शीघ्र जाँचपासको लागि भन्सार यार्डमा छुट्टै स्थानको प्रबन्ध गर्ने। | १ पटक | भण्डारणको लागि छुट्टै स्थान | २०८३ श्रावण | २०८६ असार | ४७.२३ | GAHRDS / Customs Office |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ४. छिटो बिग्रिने वस्तुहरूको शीघ्र जाँचपासको व्यवस्था गर्ने। | नियमित | छिटो बिग्रिने वस्तुहरूको शीघ्र जाँचपास | २०८३ श्रावण | २०८८ असार | २३६.१७ | PTS/ Customs Offices |
| | | | ५. अन्य सरकारी निकाय (OGA) सँग सहकार्य गरी कार्यालय समय अघि, पछि तथा सार्वजनिक बिदाका दिन समेत निकासी हुने वस्तुको जाँचपासको व्यवस्था गर्ने। | नियमित | कार्यालय अघिपछि तथा सार्वजनिक बिदाका दिन समेत निकासी हुने वस्तु जाँचपास सुविधा उपलब्ध | २०८३ श्रावण | २०८८ असार | ८.५० | GAHRDS / Customs Office |
| | | | ६. निकासी सम्भावना भएका वस्तुहरूको राष्ट्रिय उपशीर्षक तोक्ने। | वार्षिक | राष्ट्रिय उपशीर्षक | २०८३ श्रावण | २०८८ असार | २.६४ | PTS |
| | क्रियाकलाप २: साना तथा मझौला उद्यमी (SMEs) लाई भन्सार जाँचपासमा सहजीकरण गर्ने। | उच्च | १. SMEs ले निकासी गर्ने वस्तुको लागि अलग्गै भण्डारण सुविधा उपलब्ध गराउने। | कम्तीमा ५ वटा भन्सार कार्यालय | भण्डारण सुविधा | २०८३ श्रावण | २०८८ असार | ५३१.३८ | GAHRDS / Customs Offices |
| | | | २. SMEs का लागि सार्वजनिक बिदा र कार्यालय समय अघिपछि समेत शीघ्र जाँचपासको सुविधा दिने। | नियमित | SMEs का लागि शीघ्र निकासी पैठारी सुविधा उपलब्ध हुने | २०८३ श्रावण | २०८४ असार | १८.८९ | PTS / Customs Offices |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ३. SMEs लक्षित सचेतना र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | सचेतना र क्षमता विकास कार्यक्रम सञ्चालन | श्रावण | असार | १७.९५ | CRIRS / Customs Offices |
| | क्रियाकलाप ३: उद्योगले गर्ने पैठारीलाई थप सहजीकरण गर्ने। | उच्च | १. उद्योगले पैठारी गर्ने कच्चा पदार्थहरूलाई कार्यालय समय अघि, पछि र सार्वजनिक बिदाको दिन समेत प्राथमिकता दिई शीघ्र जाँचपास गर्ने। | नियमित | शीघ्र जाँचपासको सुविधा | २०८३ श्रावण | २०८८ असार | १.८९ | PTS / Customs Offices |
| | | | २. उद्योग व्यवसायीसँग भन्सार प्रक्रिया लगायतका विषयमा अन्तरक्रिया गर्ने। | अर्ध वार्षिक | अन्तरक्रिया कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | ८.९७ | CRIRS/ Customs Offices |

## रणनीति (प्रतिफल) ३: यात्रु जाँचपास सुदृढ गर्ने

तलको तालिकामा रणनीतिक स्तम्भ (उपलब्धि) १ अन्तर्गतको रणनीति (प्रतिफल) ३ का प्रत्येक उद्देश्यका लागि क्रियाकलाप, कार्य, उपलब्धि सूचक (Milestone), समय सीमा तथा जिम्मेवारीहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य १: यात्रुले साथमा ल्याउने/लैजाने मालवस्तु जाँचपासमा सहजीकरण गर्ने। | क्रियाकलाप १: हवाई यात्रु सम्बन्धी सूचना व्यवस्थापनमा सुधार गर्ने। | मध्यम | १. हवाई मार्गबाट यात्रा गर्ने यात्रुहरूको सूचना (API/PNR) अग्रिम रूपमा प्राप्त गरी भन्सार प्रणालीमा आबद्ध गर्ने। | १ पटक | API/PNR को सूचना भन्सार प्रणालीमा आवद्ध | २०८३ श्रावण | २०८६ असार | २१४.७० | ITSADS |
| | | | २. हवाई मार्गबाट यात्रा गर्ने यात्रुहरूको लागि अग्रिम भन्सार घोषणा प्रणाली विकास गर्ने। | १ पटक | अग्रिम भन्सार घोषणा प्रणाली | २०८३ श्रावण | २०८४ असार | ९४.४७ | ITSADS |
| | | | ३. हवाई यात्रुहरूका लागि भन्सार सोधपुछ डेस्क स्थापना गर्ने। | १ पटक | विमानस्थल टर्मिनलहरूमा भन्सार सोधपुछ डेस्क | २०८३ श्रावण | २०८४ असार | १४१.७० | CFS / Airport Customs |
| | क्रियाकलाप २: यात्रु जाँचपासलाई थप व्यवस्थित गर्ने। | उच्च | १. भन्सार बिन्दुमा यात्रु जाँचपास सम्बन्धी पूर्वाधार तथा अन्य जोखिमहरूको मूल्याङ्कन गर्ने। | १ पटक | भन्सार बिन्दुहरूको मूल्याङ्कन प्रतिवेदन | २०८३ श्रावण | २०८४ असार | ३७.७९ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | २. प्रमुख भन्सार कार्यालयहरूमा पैदल यात्री र यात्रुवाहक सवारीका लागि छुट्टाछुट्टै प्रवेश तथा बहिर्गमन लेन स्थापना गर्ने। | कम्तीमा १० प्रमुख भन्सारमा | लेन स्थापना गरिएको | २०८३ श्रावण | २०८६ असार | ४,१३२.९८ | CRIRS/ Customs Offices |
| | | | ३. जोखिमका आधारमा यात्रु जाँचपासका लागि विमानस्थल भन्सारमा हरित लेन तथा रातो लेन प्रणाली विकास गर्ने। | ३ वटा विमानस्थल भन्सार | हरित/रातो लेन बाट यात्रु जाँचपास | २०८३ श्रावण | २०८५ असार | १४१.७० | CRIRS/ Customs Offices |
| | | | ४. यात्रु जाँचपासलाई व्यवस्थित गर्न यात्रु टर्मिनल, प्रतीक्षालय, सोधपुछ काउन्टर, सामान जाँच क्षेत्र तथा भन्सार निरीक्षण काउन्टर निर्माण/सुधार गर्ने। | नियमित | यात्रु जाँचपास पूर्वाधार स्तरोन्नति | २०८३ श्रावण | २०८८ असार | २,४७९.७९ | CRIRS/ Customs Offices |
| | | | ५. यात्रुहरूको सहजीकरणका लागि भन्सार विन्दुमा विभिन्न भाषामा डिजिटल माध्यमबाट सूचना तथा जानकारी उपलब्ध गराउने। | प्रमुख १० भन्सारमा | यात्रु सूचना उपलब्ध | २०८३ श्रावण | २०८४ असार | ३१.१८ | CRIRS/ Customs Offices |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ६. यात्रुको अभिलेख र जाँचपासलाई व्यवस्थित गर्न अध्यागमन र सुरक्षा निकायसँग समन्वय गर्ने। | नियमित | समन्वय भएको हुने | २०८३ श्रावण | २०८८ असार | ५६.६८ | CRIRS/ Customs Offices |
| | | | ७. Passenger Risk Management मोड्युल विकास तथा कार्यान्वयन गर्ने। | १ पटक | Passenger Risk Management मोड्युल कार्यान्वयन | २०८५ श्रावण | २०८६ असार | ४७.२३ | ITSADS |
| | | | ८. यात्रुहरूको जोखिम प्रोफाइलिङका लागि भन्सार कर्मचारीलाई तालिम प्रदान गर्ने। | वार्षिक | तालिम कार्यक्रम सञ्चालन | २०८३ श्रावण | २०८८ असार | ५९.५२ | GAHRDS |
| | क्रियाकलाप ३: यात्रु र यात्रुले साथमा ल्याउने वस्तु जाँचपासको लागि आधुनिक उपकरण तथा प्रविधि प्रयोगमा ल्याउने। | उच्च | १. Scanner, Walk-through, Metal Detector, Handheld Scanner, CCTV, Body-worn Camera जस्ता आधुनिक उपकरण व्यवस्थापन गर्ने। | नियमित | यात्रु जाँच उपकरण जडान र उपलब्धता | २०८३ श्रावण | २०८८ असार | ६८८.९६ | GAHRDS / Customs Offices |
| | | | २. यात्रुले तिर्नु पर्ने शुल्क तथा महसुल दाखिला गर्न QR-आधारित भुक्तानी सुविधा लागू गर्ने। | १ पटक | QR भुक्तानी प्रणाली सञ्चालन | २०८३ श्रावण | २०८४ असार | २८.३४ | ITSADS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ३. स्थल मार्गबाट यात्रा गर्ने यात्रुको डिजिटल अभिलेख राख्ने व्यवस्था गर्ने। | १ पटक | यात्रुको डिजिटल अभिलेख | २०८५ श्रावण | २०८६ असार | १८.८९ | ITSADS / Customs Offices |

## रणनीतिक आधारस्तम्भ (उपलब्धि) २: राजस्व व्यवस्थापन

### रणनीति (प्रतिफल) ४: राजस्व व्यवस्थापन सुदृढ गर्ने

| | | | २. अन्य सरकारी निकायहरूले जारी गरेको कागजातहरूमा उल्लेखित HS Code फरक परेको अवस्थामा भन्सार अधिकृतले परिवर्तन गर्ने सक्ने गरी प्रणाली अद्यावधिक गर्ने। | १ पटक | अद्यावधिक | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | PTS |
| | | | ३. NNSW मा कार्यान्वयनमा रहेका मोडयुलहरुको प्रभावकारिता अध्ययन गरी प्रणाली सुधार गर्ने। | नियमित | प्रणाली सुधार | २०८३ श्रावण | २०८८ असार | ३७.७९ | ITSADS |
| | | | ४. एकद्वार प्रणालीमा कार्यान्वयनमा ल्याईएको TIV लाई थप प्रभावकारी बनाई सुविधा पाससमेत प्रदान गर्ने प्रवन्ध गर्ने। | १ पटक | प्रभावकारी TIV | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | ITSADS |
| | | | ५. NNSW को नियमित र पूर्ण कार्यान्वयनका लागि Support Service Contract निरन्तर | १ पटक | SSC को निरन्तरता | २०८३ श्रावण | २०८८ असार | २,७९१.१० | ITSADS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | रूपमा गर्ने। | | | | | | |
| | क्रियाकलाप ३: NECAS तथा NNSW ले नसमेटेका भन्सार प्रक्रियाहरू स्वचालित बनाउने। | उच्च | १. NECAS तथा NNSW ले नसमेटेका भन्सार प्रक्रियाहरू Single Platform मार्फत स्वचालित बनाउनका लागि System Requirements पहिचान गर्न अध्ययन गर्ने। | १ पटक | Requirements Study सम्पन्न | २०८३ श्रावण | २०८३ चैत्र | ९४.४७ | CRIRS |
| | | | २. अध्ययन प्रतिवेदनको आधारमा भन्सार प्रक्रियाहरू स्वचालनको लागि आवश्यक प्रणाली विकास गरी कार्यान्वयन गर्ने। | कम्तीमा १ प्रणाली विकास | प्रणालीहरू कार्यान्वयन | २०८४ वैशाख | २०८८ असार | ४७.२३ | ITSADS |
| | | | ३. मुद्दा व्यवस्थापन प्रणालीलाई अद्यावधिक गरी पूर्ण कार्यान्वयन गर्ने। | १ पटक | मुद्दा व्यवस्थापन प्रणाली अद्यावधिक | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | MS |
| | | | ४. मुद्दा व्यवस्थापन प्रणाली अन्तर्गत प्रशासकीय पुनरावलोकन समेटी कार्यान्वयन गर्ने। | १ पटक | प्रशासकीय पुनरावलोकन प्रणाली विकास | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | ARS |
| | | | ५. मुद्दा व्यवस्थापन प्रणालीलाई कसुरजन्य सम्पत्ति व्यवस्थापन | १ पटक | प्रणाली अन्तरआवद्ध | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | MS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | विभागको प्रणालीसँग अन्तरआवद्ध गर्ने। | | | | | | |
| | | | ६. बेरुजु व्यवस्थापन सम्बन्धी प्रणाली विकास गरी कार्यान्वयन गर्ने। | १ पटक | बेरुजु व्यवस्थापन प्रणाली कार्यान्वयन | २०८४ श्रावण | २०८५ असार | ४७.२३ | AMS |
| | | | ७. भन्सार विभागको शाखागत तथा भन्सार कार्यालयहरूको Performance Monitoring का लागि WCO PMM मार्गदर्शनलाई समेत अवलम्बन गरी PBIMS स्तरोन्नति गर्ने। | १ पटक | PBIMS को स्तरोन्नति | २०८३ श्रावण | २०८५ असार | ४७.२३ | MS |
| | | | ८. घोषणा प्रशोधन समय, परीक्षण दर, जाँचपास समय, Pending Declarations, Dispute तथा Selectivity Performance को वास्तविक अवस्था देखिने गरी ड्यासबोर्ड विकास गर्ने। | १ पटक | ड्यासबोर्ड सञ्चालन | २०८३ श्रावण | २०८४ असार | ४७.२३ | ITSADS |
| | क्रियाकलाप ४: भन्सारमा सञ्चालनमा रहेका प्रणालीहरू सम्बन्धी निर्देशिका अद्यावधिक गर्ने। | उच्च | १. भन्सारमा सञ्चालित सबै प्रणालीहरूको व्यवस्थित कार्यान्वयनका लागि Business Unit, Procedure, Reference table लगायतका Feature | १ पटक | अद्यावधिक भन्सार स्वचालन प्रणाली निर्देशिका | २०८४ श्रावण | २०८५ असार | ३७.७९ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा |  | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  | देखि | सम्म |  |  |
|  |  |  | अद्यावधिक गर्ने अधिकार समेत समेटी "भन्सार स्वचालन प्रणाली निर्देशिका" अद्यावधिक गर्ने। |  |  |  |  |  |  |
| उद्देश्य २: स्वचालित रूपमा सूचना तथा तथ्याङ्क आदान प्रदान गर्न प्रणालीहरूबिच अन्तरआवद्धता गर्ने। | क्रियाकलाप १: आन्तरिक रूपमा सूचना तथा तथ्याङ्क आदान प्रदानको प्रबन्ध गर्ने। | मध्यम | १. सम्बद्ध निकायहरूसँग सूचना तथा तथ्याङ्क आदान प्रदान गर्न सम्झौता (MoU) गर्ने। | कम्तीमा १ निकाय | MoU सम्पन्न | २०८३ श्रावण | २०८८ असार | १७.०० | CRIRS |
|  |  |  | २. सूचना तथा तथ्याङ्क आदानप्रदानका लागि प्राविधिक मापदण्ड, आदान प्रदान गर्ने विषयहरू र मोडालिटी तय गर्ने। | १ पटक | आदानप्रदानको मोडालिटी | २०८४ श्रावण | २०८८ असार | ३५.९० | ITSADS |
|  |  |  | ३. सूचना आदान प्रदानको लागि प्रणालीहरूबिच अन्तरआवद्धता गर्ने। | १ पटक | प्रणालीबिच अन्तरआवद्धता | २०८४ श्रावण | २०८८ असार | २३.६२ | ITSADS |
|  |  |  | ४. तोकिए बमोजिम सूचना तथा तथ्याङ्क स्वतः प्रणाली मार्फत आदान प्रदान गर्ने। | १ पटक | सूचना तथा तथ्याङ्क आदानप्रदान | २०८४ श्रावण | २०८८ असार | २३.६२ | ITSADS |
|  | क्रियाकलाप २: अन्य मुलुकका भन्सार | मध्यम | १. अन्य मुलुकका भन्सार प्रशासनसँग सूचना तथा तथ्याङ्क | कम्तीमा १ भन्सार | MoU सम्पन्न | २०८३ श्रावण | २०८८ असार | ३५.७१ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | प्रशासनहरूसँग सूचना आदान प्रदान गर्ने। | | आदान प्रदान गर्न सम्झौता (MoU) गर्ने। | प्रशासन | | | | | |
| | | | २. सूचना तथा तथ्याङ्क आदानप्रदानका लागि प्राविधिक मापदण्ड, आदान प्रदान गर्ने विषयहरू र मोडालिटी तय गर्ने। | १ पटक | आदानप्रदानको मोडालिटी | २०८३ श्रावण | २०८८ असार | ३७.७९ | CRIRS |
| | | | ३. सूचना आदान प्रदानको लागि प्रणालीहरूबिच अन्तरआवद्धता गर्ने। | १ पटक | प्रणालीबिच अन्तरआवद्धता | २०८३ श्रावण | २०८८ असार | ११३.३६ | ITSADS |
| | | | ४. तोकिए बमोजिम सूचना तथा तथ्याङ्क स्वतः प्रणाली मार्फत आदान प्रदान गर्ने। | १ पटक | सूचना तथा तथ्याङ्क आदानप्रदान | २०८३ श्रावण | २०८८ असार | ४७.२३ | ITSADS |
| उद्देश्य ३: **Customs Business Intelligence** मा आधारित विश्लेषण तथा प्रतिवेदन क्षमता विकास गर्ने। | क्रियाकलाप १: भन्सार BI प्लेटफर्म स्थापना तथा कार्यान्वयन गर्ने। | उच्च | १. भन्सारमा BI कार्यान्वयनको लागि अध्ययन गर्ने। | १ पटक | अध्ययन प्रतिवेदन | २०८३ श्रावण | २०८४ असार | ९४.४७ | ITIS |
| | | | २. BI प्लेटफर्म कार्यान्वयनको आवश्यक पूर्वाधार सुनिश्चित गर्ने। | १ पटक | पूर्वाधार सुनिश्चित | २०८४ श्रावण | २०८५ असार | १८७.०५ | ITIS |
| | | | ३. भन्सार प्रशासनलाई आवश्यक BI प्लेटफर्म खरिद गर्ने। | १ पटक | प्लेटफर्म खरिद | २०८४ श्रावण | २०८५ असार | २०६.११ | ITIS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ४. भन्सार सम्बन्धी सूचना तथा तथ्याङ्कलाई BI प्लेटफर्ममा आवद्ध गर्ने। | नियमित | Data Integration | २०८५ श्रावण | २०८८ असार | ६८.०२ | ITSADS |
| | | | ५. भन्सारको कार्य प्रकृति अनुरूप Reporting System, Analytics तथा Intelligence Module विकास गरी कार्यान्वयन गर्ने। | १ पटक | BI प्लेटफर्म कार्यान्वयन | २०८५ श्रावण | २०८७ असार | ९४.४७ | ITSADS |
| | क्रियाकलाप २: वैदेशिक व्यापारको तथ्याङ्क व्यवस्थित गर्ने। | मध्यम | १. वैदेशिक व्यापारको तथ्याङ्क व्यवस्थापन सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने। | १ पटक | कार्यविधि कार्यान्वयन | २०८४ श्रावण | २०८५ असार | ९४.४७ | SMS |
| | | | २. वैदेशिक व्यापारको तथ्याङ्क विश्लेषण गरी तथ्याङ्कको शुद्धता कायम गर्ने। | वार्षिक | विश्लेषण प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ९४.४७ | SMS |
| | | | ३. महिला उद्यमी तथा SMES लगायतका क्षेत्रको disaggregated व्यापार तथ्याङ्क तयार गर्ने। | मासिक | disaggregated व्यापार तथ्याङ्क | २०८३ श्रावण | २०८८ असार | १२.०९ | SMS |
| | | | ४. वैदेशिक व्यापार सम्बन्धि तथ्याङ्क प्रकाशन गर्ने। | मासिक | तथ्याङ्क प्रकाशन | २०८३ श्रावण | २०८८ असार | ०.३८ | SMS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ५. वैदेशिक व्यापार तथा राजस्व संकलनको तथ्याङ्क विश्लेषण गरी उच्च व्यवस्थापनलाई पृष्ठपोषण दिने। | मासिक | पृष्ठपोषण प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | ०.०० | SMS |
| उद्देश्य ४: भन्सारका प्रणालीको सुरक्षा सुनिश्चित गर्ने | क्रियाकलाप १: भन्सारमा प्रयोगमा रहेका प्रणालीको साइबर सुरक्षा सुदृढ गर्ने। | उच्च | १. भन्सारमा कार्यान्वयनमा रहेका प्रणालीहरूको साइबर सुरक्षा जोखिम मूल्याङ्कन गर्ने। | १ पटक | भन्सार डिजिटल प्रणालीहरूको साइबर सुरक्षा जोखिम मूल्याङ्कन सम्पन्न गरिएको | २०८४ श्रावण | २०८५ असार | १८८.९४ | ITIS |
| | | | २. Data-at-rest, data-in-transit, access controls, and incident response समेटी साइबर सुरक्षा मापदण्ड विकास तथा कार्यान्वयन गर्ने। | १ पटक | साइबर सुरक्षा मापदण्ड कार्यान्वयन गरिएको | २०८४ श्रावण | २०८५ असार | ४५.३४ | ITIS |
| | | | ३. Security Audit तथा Penetration Testing नियमित रूपमा सम्पन्न गर्ने। | वार्षिक | नियमित रूपमा अडिट र परीक्षण भएको | २०८३ श्रावण | २०८८ असार | १,१३३.६२ | ITIS |
| | क्रियाकलाप २: भन्सार अन्तर्गत कार्यान्वयनमा रहेका सूचना प्रविधि प्रणालीहरूमा Central User Authentication | उच्च | १. Central User Authentication System विकास गर्ने। | १ पटक | प्रणाली विकास | २०८४ श्रावण | २०८५ असार | ४७.२३ | ITIS |
| | | | २. विद्यमान प्रणालीहरूको मूल्याङ्कन गरी | १ पटक | भूमिका (Role) तथा अधिकार | २०८४ श्रावण | २०८५ असार | ३७.७९ | ITIS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | System कार्यान्वयन गर्ने। | | आवश्यकताअनुसार भूमिका (Role) तथा अधिकार (Permission) को म्यापिङ गर्ने। | | (Permission) को म्यापिङ | | | | |
| | | | ३. भन्सारमा कार्यान्वयनमा रहेका प्रणालीहरूलाई Central User Authentication System सँग आबद्ध गर्ने। | १ पटक | प्रणाली आवद्ध | २०८५ श्रावण | २०८६ असार | ४७.२३ | ITIS |

## रणनीतिक आधारस्तम्भ (उपलब्धि) ५: संस्थागत विकास

### रणनीति (प्रतिफल) १०: सक्षम, उत्तरदायी तथा भविष्य उन्मुख भन्सार सङ्गठन निर्माण गर्ने

तलको तालिकामा रणनीतिक स्तम्भ (उपलब्धि) ५ अन्तर्गतको रणनीति (प्रतिफल) १० का प्रत्येक उद्देश्यका लागि क्रियाकलाप, कार्य, उपलब्धि सूचक (Milestone), समय सीमा तथा जिम्मेवारीहरू विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| उद्देश्य १: पूर्वाधार विकास गर्ने | क्रियाकलाप १: भन्सार कार्यालयहरूको पूर्वाधारको उचित व्यवस्थापन गर्ने। | उच्च | १. भन्सार कार्यालयहरूको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी अध्ययन गर्न अन्तर-निकाय टोली (अर्थ, वाणिज्य, कृषि, भौतिक पूर्वाधारसँग सम्बन्धित मन्त्रालय समेत) गठन गर्ने। | १ पटक | अन्तर-निकाय टोली गठन | २०८३ श्रावण | २०८३ असोज | १७.०० | GAHRDS |
| | | | २. भन्सार कार्यालयहरूमा आवश्यक पूर्वाधार (कार्यस्थल, भण्डारण, जाँच क्षेत्र, आवास, उपकरण लगायतका विषय) को कार्यालयगत रूपमा आवश्यकता यकिन गरी प्रतिवेदन तयार गर्ने। | १ पटक | अध्ययन प्रतिवेदन | २०८३ कार्तिक | २०८४ असार | ३७.७९ | GAHRDS |
| | | | ३. आवश्यकता अनुरूप भन्सार कार्यालयहरूमा GESI मैत्री भौतिक पूर्वाधार विकास तथा स्तरोन्नति गर्ने। | नियमित | पूर्वाधार विकास तथा स्तरोन्नति | २०८४ श्रावण | २०८८ असार | ५३१.३८ | GAHRDS/ Customs Offices |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ४. भन्सार विभाग तथा कार्यालयमा आवास, शिशुस्याहार एवं स्तनपानकक्ष, क्यान्टिन, Pantry, मनोरञ्जन तथा स्वास्थ्य सुविधा लगायतका कर्मचारी कल्याण सम्बन्धी सुविधा सुनिश्चित गर्ने। | नियमित | कर्मचारी कल्याण सुविधा उपलब्ध | २०८३ श्रावण | २०८८ असार | ५३१.३८ | GAHRDS/ Customs Offices |
| | | | ५. प्रमुख भन्सार कार्यालयहरूमा Perishable Goods तथा सुरक्षित राख्नु पर्ने वस्तुको उचित भण्डारणको लागि कोल्ड स्टोरेज जस्ता पूर्वाधार निर्माण गर्ने। | ५ वटा भन्सार कार्यालय | भण्डारण पूर्वाधार | २०८३ श्रावण | २०८८ असार | २३६.१७ | GAHRDS/ Customs Offices |
| | | | ६. कार्यालयमा सेवाग्राहीका लागि शौचालय, खानेपानी, विश्रामस्थाल लगायतका सुविधा व्यवस्था गर्ने। | नियमित | सुविधा विस्तार | २०८३ श्रावण | २०८८ असार | ४७२.३४ | GAHRDS |
| | | | ७. भैरहवा तथा चाँदनी दोधारामा आई.सि.पी. निर्माणको लागि समन्वय गर्ने। | नियमित | आईसिपी निर्माणमा समन्वय | २०८३ श्रावण | २०८८ असार | १,६५३.१९ | GAHRDS/ Customs Offices |
| | | | ८. छोटी भन्सार कार्यालयहरुको पूर्वाधार सुधार तथा स्तरोन्नति गर्ने। | ८ वटा | छोटी भन्सार कार्यालयको पूर्वाधार सुधार | २०८३ श्रावण | २०८८ असार | ३५४.२६ | GAHRDS/ Customs Offices |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | क्रियाकलाप २: भन्सारमा आधुनिक प्रविधियुक्त उपकरणको व्यवस्थापन गर्ने। | उच्च | १. भन्सार विभाग र कार्यालयमा आवश्यक पर्ने निरीक्षण उपकरण, NII उपकरण, प्रयोगशाला उपकरण तथा फिल्ड इन्फोर्समेन्ट किट समेतको आवश्यकता पहिचान गर्ने। | १ पटक | आवश्यकता सम्बन्धी प्रतिवेदन | २०८३ श्रावण | २०८३ पौष | १८.८९ | GAHRDS |
| | | | २. विभाग र कार्यालयमा आवश्यक उपकरण व्यवस्थापन (खरिद तथा प्रतिस्थापन लगायत) सम्बन्धी पञ्चवर्षीय योजना तयार गर्ने। | १ पटक | पञ्चवर्षीय उपकरण व्यवस्थापन योजना | २०८३ पौष | २०८४ असार | १८.८९ | GAHRDS |
| | | | ३. प्रमुख भन्सार कार्यालयहरूमा कार्गो इमेज विश्लेषणका लागि AI/ML आधारित सफ्टवेयरयुक्त NII स्क्यानर (सवारी स्क्यानर, एक्स-रे स्क्यानर) सञ्चालन गर्ने। | ५ वटा भन्सार | NII स्क्यानर सञ्चालन | २०८४ श्रावण | २०८८ असार | २६,४५१.०४ | GAHRDS/ Customs Offices |
| | | | ४. भन्सारमा सञ्चालनमा रहेको रेडियोधर्मी उपकरणहरुको विकिरण चुहावट अनुगमन गर्ने। | वार्षिक | रेडियोधर्मी उपकरणहरुको विकिरणको अनुगमन | २०८४ श्रावण | २०८८ असार | ९.४५ | LS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ५. प्राथमिक डाटा सेन्टर, Disaster Recovery लगायतका क्षेत्रमा रहेका प्रयोग अवधि समाप्त भएका सूचना प्रविधि उपकरणहरू प्रतिस्थापन गर्ने। | नियमित | EOL कम्प्युटर पूर्वाधार प्रतिस्थापन | २०८३ श्रावण | २०८८ असार | १८.८९ | ITIS |
| | | | ६. भन्सारमा प्रयोगमा रहेका सूचना प्रविधि पूर्वाधारहरूको DR failover drill गरी प्रतिवेदन तयार गर्ने। | अर्धवार्षिक | DR failover drill प्रतिवेदन | २०८३ श्रावण | २०८८ असार | १०.७७ | ITIS |
| | | | ७ भन्सारमा प्रयोगमा रहेका हार्डवेयर/सफ्टवेयरको इजाजत पत्र नियमित रूपमा अद्यावधिक गर्ने। | नियमित | हार्डवेयर/सफ्टवेयर इजाजत पत्र अद्यावधिक | २०८३ श्रावण | २०८८ असार | ५९७.७२ | ITIS |
| | | | ८. भन्सारमा सञ्चालनमा रहेका सूचना प्रविधि प्रणालीको नियमित Audit गर्ने। | वार्षिक | प्रणाली अडिट | २०८३ श्रावण | २०८८ असार | २२६.७२ | ITIS |
| | क्रियाकलाप ३: भन्सारलाई आवश्यक पर्ने वस्तु, तथा पूर्वाधारहरूको खरिद, मर्मत, विकास तथा सञ्चालनलाई व्यवस्थित गर्ने। | उच्च | १. विभाग तथा भन्सार कार्यालयहरूले वार्षिक खरिद योजना तयार गर्ने। | वार्षिक | वार्षिक खरिद योजना | २०८३ श्रावण | २०८८ असार | १४.१७ | GAHRDS/ Customs Office |
| | | | २. भन्सार विभाग तथा कार्यालयमा सञ्चालनमा रहेका उपकरणहरू (प्रयोगशाला, सूचना प्रविधि, स्क्यानर लगायत) को | १ पटक | Operational Handbook. | २०८४ श्रावण | २०८५ असार | ३.७८ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | सञ्चालन, सुरक्षा तथा व्यवस्थापनको लागि Operational Handbook तयार गर्ने। | | | | | | |
| | | | ३. भन्सार सुधार योजनासँग सामञ्जस्यता कायम हुने गरी विभाग तथा कार्यालयको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने। | वार्षिक | वार्षिक स्वीकृत कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | ०.०० | FAS |
| | | | ४. भन्सारको जिम्मामा रहेका जग्गा लगायतका चल अचल सम्पत्तिको डिजिटल अभिलेख अद्यावधिक गर्ने। | नियमित | अभिलेख | २०८३ श्रावण | २०८८ असार | ०.०० | GAHRDS |
| उद्देश्य २: कार्यात्मक सङ्गठन निर्माण गर्ने | क्रियाकलाप १: सङ्गठनात्मक पुनर्संरचना गर्ने। | मध्यम | १. भन्सार प्रशासनलाई विशिष्टिकृत संस्थाको रुपमा विकास गर्न दिर्घकालीन संगठन संरचनाको अवधारणा पत्र तयार गरि अर्थ मन्त्रालयमा पेश गर्ने। | १ पटक | अवधारणा पत्र | २०८३ श्रावण | २०८४ असार | २.६४ | GAHRDS |
| | | | २. नयाँ कार्यगत संरचनाहरू (जस्तै Anti-Commercial Fraud Unit, Green Customs Lab, Research and Innovation Unit) र सूचना प्रविधिलगायत नवीन | १ पटक | BPR प्रतिवेदन | २०८३ श्रावण | २०८४ असार | ९४.४७ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | सुधारलाई औपचारिक सङ्गठनात्मक संरचनामा समाहित गर्न Business Process Restructuring (BPR) सम्बन्धी अध्ययन गर्ने। | | | | | | |
| | | | ३. अध्ययन प्रतिवेदनको आधारमा भन्सार विभागको विद्यमान सङ्गठनात्मक संरचनाको पुनर्संरचना गर्ने। | आवश्यकता बमोजिम | सङ्गठनात्मक पुनर्संरचना | २०८३ श्रावण | २०८८ असार | ०.०० | GAHRDS |
| | | | ४. भन्सार विभागको सङ्गठनात्मक संरचनाभित्रका प्रत्येक पदका लागि ज्ञान, सीप तथा व्यवहार (KSA) ढाँचा सहित विस्तृत कार्य विवरण विकास गर्ने। | आवश्यकता बमोजिम | कार्य विवरण तथा KSA ढाँचा विकास | २०८३ श्रावण | २०८८ असार | १४.१७ | GAHRDS |
| | | | ५. आवश्यता अनुसार मुल भन्सार कार्यालय तथा छोटी भन्सार कार्यालयको पुनर्संरचना गर्ने। | १ पटक | पुनर्संरचना | २०८४ श्रावण | २०८८ असार | ५३१.३८ | GAHRDS |
| | | | ६. अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम क्वारेन्टाईन सेवा प्रदान गर्ने कर्मचारीहरुको दरबन्दी भन्सारको संगठन भित्र समावेश | १ पटक | अध्ययन प्रतिवेदन | २०८५ श्रावण | २०८६ असार | ५.६७ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | गरी सेवा प्रदान गर्ने सम्बन्धमा अध्ययन गर्ने। | | | | | | |
| | क्रियाकलाप २: भन्सार विभाग तथा कार्यालयहरूको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने। | उच्च | १. भन्सार सुधार योजना तथा वार्षिक कार्य योजनामा उल्लेखित क्रियाकलाप तथा कार्य सम्पादन सूचकहरू समेतलाई समेटी विभागका शाखा तथा कार्यालयहरूसँग वार्षिक कार्यसम्पादन सम्झौता गर्ने। | वार्षिक | कार्यसम्पादन सम्झौता | श्रावण | असोज | ०.०० | MS |
| | | | २. कार्यसम्पादन सम्झौताका सूचकहरूको PBIMS मार्फत अनुगमन गर्न सकिने गरी ड्यासबोर्ड विकास गर्ने। | १ पटक | अद्यावधिक PBIMS | २०८४ श्रावण | २०८५ असार | ४७.२३ | MS |
| | | | ३. PBIMS को आधारमा अर्धवार्षिक तथा वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी कार्यालयहरूको ग्रेडिङ गर्ने। | नियमित | अर्धवार्षिक तथा वार्षिक मूल्याङ्कन र ग्रेडिङ | २०८३ श्रावण | २०८८ असार | ०.०० | MS |
| | क्रियाकलाप ३: नवप्रवर्तनलाई संस्थागत गर्ने। | मध्यम | १. भन्सार विभागमा Research and Innovation Unit स्थापना गर्ने। | १ पटक | Research and Innovation Unit स्थापना | २०८३ श्रावण | २०८४ असार | १.८९ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | २. भन्सारसँग सम्बन्धित विषय समेटी भन्सार जर्नल प्रकाशन गर्ने। | वार्षिक | भन्सार जर्नल प्रकाशित | २०८४ श्रावण | २०८८ असार | ३०.२३ | CFS |
| | | | ३. बाह्य सरोकारवाला, शैक्षिक संस्था तथा विश्वविद्यालयहरूसँग भन्सार सम्बन्धित विचार आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | विचार आदान प्रदान | २०८३ श्रावण | २०८८ असार | १७.०० | CRIRS |
| | | | ४. भन्सारका नवीनतम प्रवृत्ति, प्रविधि तथा सुधारसम्बन्धी विषयमा विज्ञहरूसँग अन्तर्क्रिया गर्ने। | वार्षिक | विज्ञहरूसँग अन्तरक्रिया | २०८३ श्रावण | २०८८ असार | १२.७५ | CRIRS |
| उद्देश्य ३: भन्सार प्रशासनलाई व्यावसायिक बनाउन जनशक्तिको उचित व्यवस्थापन गर्ने। | क्रियाकलाप १: भन्सारमा कार्यरत जनशक्तिको दक्षता अभिवृद्धि गर्ने। | उच्च | १. भन्सार विभागको मानव संसाधन विकास (HRD) नीति तयार गरी कार्यान्वयन गर्ने। | १ पटक | HRD नीति विकास | २०८३ श्रावण | २०८४ असार | ०.०० | GAHRDS |
| | | | २. योग्यता, कार्य अनुभव, तालिम, कार्यसम्पादन मूल्याङ्कन लगायत सम्पूर्ण मानव स्रोत तथ्याङ्कलाई लैङ्गिक, जातीय तथा कार्यगत विवरणका आधारमा वर्गीकरण हुने गरी कर्मचारी अभिलेख प्रणाली विकास गर्ने। | १ पटक | कर्मचारी अभिलेख प्रणाली | २०८४ श्रावण | २०८५ असार | ४७.२३ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | ३. सेवा प्रवेश तालिम, कार्यगत तालिम, नेतृत्व विकास तालिम आदिका लागि पाठ्यक्रम विकास गर्ने। | १ पटक | भन्सार तालिम पाठ्यक्रम | २०८३ श्रावण | २०८४ असार | ०.०० | GAHRDS |
| | | | ४. भन्सारमा कार्यरत कर्मचारीहरूको तालिम आवश्यकता मूल्याङ्कन (TNA) गरी वार्षिक तालिम तालिका तयार गर्ने। | वार्षिक | TNA र वार्षिक तालिका | २०८३ श्रावण | २०८८ असार | ३.०२ | GAHRDS |
| | | | ५. मूल्याङ्कन, वर्गीकरण, जोखिम व्यवस्थापन, कानुनी व्यवस्था, NECAS, एकद्वार प्रणाली, प्रयोगशाला, जाँचपास पछिको परीक्षण, e-commerce, Data Centre Administration, Database Administration, Virtualization Management, Incident Response, Data analytics, CRMS, CVDS, नैतिक तथा सदाचारिता विकास लगायतका विषयमा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक तालिम तालिका बमोजिम | क्षमता विकास कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | ११९.०३ | GAHRDS / Related Sections |
| | | | ६. व्यापारसँग सम्बन्धित द्विपक्षीय, | वार्षिक | वार्ता गर्ने सीप | २०८३ | २०८८ | २८.७२ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | क्षेत्रिय र बहुपक्षिय तहमा हुने वार्तामा राष्ट्रिय हित कायम गर्न सक्ने गरी  कर्मचारीहरुको वार्ता गर्ने सीप अभिवृद्धि गर्ने। | | सञ्चालन भएको हुने | श्रावण | असार | | |
| | | | ७. भन्सारका प्रमुख विषयहरूमा “विज्ञ समूह” निर्माणका लागि WCO लगायतका निकायसँग समन्वय गर्ने। | नियमित | समन्वय स्थापना | २०८३ श्रावण | २०८८ असार | १४.०४ | CRIRS |
| | | | ८. HS Classification, Customs Valuation, e-commerce, Data Analytics Risk Management तथा Post-Clearance Audit,  Rules of Origin जस्ता प्रमुख विषयहरूमा WCO लगायतका संस्थाको सहयोगमा राष्ट्रिय कार्यशाला तथा तालिम कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | राष्ट्रिय कार्यशाला | २०८३ श्रावण | २०८८ असार | ६८.०२ | CRIRS |
| | | | ९. जनशक्तिको दक्षता अभिवृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रसँग समन्वय एवं सहकार्य गर्ने। | नियमित | MOU भएको | २०८३ श्रावण | २०८८ असार | २१.५४ | GAHRDS |
| | क्रियाकलाप २: | उच्च | १. कर्मचारीहरूको सरुवा तथा | १ पटक | मापदण्ड तयार | २०८३ | २०८४ | १२.०९ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | भन्सार प्रशासनमा कर्मचारीहरूको उचित व्यवस्थापन गर्ने। | | अवसरहरूलाई पारदर्शी, योग्यतामा आधारित तथा GESI-संवेदनशील बनाउन मापदण्ड तयार गर्ने। | | | श्रावण | असार | | |
| | | | २. कर्मचारी सरुवा/ जिम्मेवारी हेरफेर हुँदा संस्थागत स्मरण कायम गर्न सहयोग पुग्ने गरी handover/takeover प्रोटोकल तयार गरी कार्यान्वयन गर्ने। | १ पटक | हस्तान्तरण प्रोटोकल कार्यान्वयन | २०८३ श्रावण | २०८३ पौष | ०.०० | GAHRDS |
| | | | ३. Knowledge Transfer को लागि नयाँ कर्मचारीहरूलाई अनुभवी र दक्ष कर्मचारीहरूका साथ काम गर्ने वातावरण सुनिश्चित गर्ने। | नियमित | Knowledge Transfer मोडालिटी कार्यान्वयन | २०८३ श्रावण | २०८८ असार | ०.०० | GAHRDS |
| | | | ४. भन्सारमा रहेका कार्यालय सहयोगीहरुको वैकल्पिक व्यवस्थापनको मोडालिटि तयार गर्ने। | १ पटक | मोडालिटी तयार हुने | २०८३ श्रावण | २०८५ असार | २.६४ | GAHRDS |
| | | | ५. मोडालिटि अनुसारको जनशक्ति व्यवस्थापन गर्ने। | नियमित | जनशक्ति व्यवस्थापन हुने | २०८५ श्रावण | २०८८ असार | ०.०० | GAHRDS |
| | | | ६. वस्तुनिष्ठ कार्यसम्पादन सूचकहरूका आधारमा उत्कृष्ट कर्मचारीहरूलाई वार्षिक रूपमा | वार्षिक | सम्मान तथा पुरस्कार प्रदान | २०८३ श्रावण | २०८८ असार | ९.४५ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | सम्मान तथा पुरस्कार प्रदान गर्ने। | | | | | | |
| | क्रियाकलाप ३: भन्सार प्रशासनहरूबिच अनुभव आदानप्रदान तथा सहकार्य कार्यक्रम सञ्चालन गर्ने। | मध्यम | १. व्यापार सहजीकरण, जोखिम व्यवस्थापन, जाँचपास पछिको परीक्षण, भन्सार मूल्याङ्कन, AI, NII, हरित भन्सार तथा डिजिटल रूपान्तरण लगायतका विषयमा अनुभव आदानप्रदान कार्यक्रम आयोजना गर्ने वा सहभागिता जनाउने। | वार्षिक | आदानप्रदान कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | ५३.५० | CRIRS |
| | | | २. भन्सार प्रशासनमा अपनाइएका अन्तर्राष्ट्रिय असल अभ्यास अध्ययनका लागि Exposure भ्रमण तथा अवलोकन कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | Exposure भ्रमण तथा अवलोकन कार्यक्रम सञ्चालन | २०८३ श्रावण | २०८८ असार | ५३.५० | CRIRS |
| | | | ३. अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान कार्यक्रमबाट प्राप्त सिकाइलाई कार्यालय र विभागमा Knowledge Transfer गर्ने। | नियमित | Knowledge Transfer कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | ३.५९ | GAHRDS |
| | | | ४. नेपालका भन्सार कर्मचारीहरू | १ पटक | व्यावसायिक सञ्जाल | २०८७ | २०८८ | २३.४१ | CRIRS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | तथा अन्तर्राष्ट्रिय समकक्षीहरूबिच व्यावसायिक सञ्जाल(Forum)स्थापना गर्ने। | | स्थापना | श्रावण | असार | | |
| | क्रियाकलाप ४: भन्सार कर्मचारीहरूलाई कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्न सक्षम बनाउने। | उच्च | १. सबै भन्सार कर्मचारीहरूका लागि AI साक्षरता तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | AI साक्षरता तालिम सञ्चालन | २०८३ श्रावण | २०८८ असार | ७१.४२ | GAHRDS |
| | | | २. AI तथा डिजिटल दक्षता विकासका लागि विश्वविद्यालय तथा सम्बद्ध संस्थाहरूसँग साझेदारी गर्ने। | नियमित | विभिन्न संस्थाहरूसँग साझेदारी | २०८३ श्रावण | २०८८ असार | ९४.४७ | GAHRDS |
| उद्देश्य ४: सङ्गठनात्मक कार्य संस्कृतिमा सुधार गर्ने | क्रियाकलाप १: भन्सार प्रशासनमा सदाचारिता प्रवर्द्धन गर्ने। | उच्च | १. भन्सार प्रशासनमा इमानदारिता, तटस्थता, निष्ठा तथा सच्चरित्रता प्रवर्द्धन गर्न भन्सार विभागमा सदाचारिता प्रवर्द्धन इकाई (Integrity Promotion Unit) स्थापना गर्ने। | १ पटक | सदाचारिता प्रवर्द्धन इकाई स्थापना | २०८३ श्रावण | २०८४ असार | ९.४५ | GAHRDS |
| | | | २. राष्ट्रिय सदाचार नीति २०८३, WCO Revised Arusha Declaration तथा WCO Integrity Development Guide अनुकूल हुने | १ पटक | रणनीति तयार | २०८३ श्रावण | २०८३ पौष | ४७२.३४ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | गरी Customs Integrity Strategic Action Planतयार गर्ने। | | | | | | |
| | | | ३. कर्मचारी आचरण तथा गुनासो सुनुवाइको व्यवस्था सहितको मापदण्ड तयार गर्ने। | १ पटक | मापदण्ड तयार | २०८३ माघ | २०८४ असार | ९४.४७ | GAHRDS |
| | क्रियाकलाप २: भन्सार सम्बन्धी जानकारीहरू सरोकारवालहरू समक्ष सम्प्रेषण तथा ब्रान्डिङ गर्ने। | उच्च | १. भन्सार सञ्चार तथा कर्पोरेट ब्रान्डिङ रणनीति तर्जुमा गर्ने। | १ पटक | सञ्चार तथा ब्रान्डिङ रणनीति | २०८३ माघ | २०८४ असार | ९४.४७ | CFS |
| | | | २. भन्सार प्रशासनको विषयमा सरोकारवालाहरूलाई सुसूचित गर्न Information, Education, Communication सामग्री तयार गर्ने | नियमित | IEC सामग्री विकास | २०८३ माघ | २०८८ असार | ३७.७९ | CFS |
| | | | ३. भन्सार विभागको आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जाल मार्फत भन्सार सम्बन्धी जानकारी सम्प्रेषण गर्ने। | नियमित | सामाजिक सञ्जाल खाताहरू सक्रिय | २०८३ माघ | २०८८ असार | ३७.७९ | CFS |
| | | | ४. भन्सार विभागले तयार गरेको सचेतना अवधारणा पत्र पूर्ण कार्यान्वयन गर्ने | नियमित | सचेतना कार्यक्रम कार्यान्वयन | २०८३ माघ | २०८८ असार | ३५.७१ | CFS |
| | क्रियाकलाप ३: कर्मचारी कल्याण, **GESI** तथा | मध्यम | १. सङ्गठनात्मक एकता, अन्तर-कार्यालय सहकार्य तथा कर्मचारी उत्प्रेरणा अभिवृद्धिका लागि | वार्षिक | प्रत्येक वर्ष राष्ट्रिय Retreat तथा क्षेत्रीय Team-building | २०८३ श्रावण | २०८८ असार | ८९.२७ | GAHRDS/ Customs Office |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | सङ्गठनात्मक एकता प्रवर्द्धन गर्ने। | | Retreat तथा Team-building कार्यक्रम आयोजना गर्ने। | | कार्यक्रम सञ्चालन | | | | |
| | | | २. कर्मचारीहरूको Work Life Balance राखी कार्य सम्पादन गर्न Flexible Work Environment, तनाव व्यवस्थापन, Peer Support Mechanism जस्ता विधिहरू अपनाउने। | नियमित | कर्मचारीमा Work Life Balance विधि बनाइने | २०८३ श्रावण | २०८८ असार | २.१५ | GAHRDS |
| | | | ३. जोखिमका क्षेत्रमा(Lab, X-Ray) काम गर्ने कर्मचारीहरुका स्वास्थ्य परीक्षण, बीमाको व्यवस्था गर्ने। | नियमित | स्वास्थ्य परीक्षण, बीमाको | २०८३ श्रावण | २०८८ असार | ९४.४७ | GAHRDS |
| | | | ४. भन्सार विभागले तयार गरेको GESI Action Plan कार्यान्वयन गर्ने। | निरन्तर | GESI Action Plan कार्यान्वयन | २०८३ श्रावण | २०८८ असार | ०.०० | All Section & Offices |
| | | | ५. समावेशिता, व्यावसायिकता तथा व्यवहारिकता अनुरूप हुने गरी भन्सार पोसाक पुनः डिजाइन गर्ने। | १ पटक | पुनः डिजाइन गरिएको भन्सार पोसाक स्वीकृत | २०८४ श्रावण | २०८५ असार | ९४.४७ | GAHRDS |
| | | | ६. आन्तरिक सञ्चार अभिवृद्धि गर्न Town Hall, Discussion Forum | नियमित | कर्मचारी सहभागिता | २०८३ | २०८८ | १४.३६ | GAHRDS |

| उद्देश्य | क्रियाकलाप | प्राथमिकता | कार्यहरू | परिमाण सूचक | उपलब्धि सूचक (Milestone) | समय सीमा | | अनुमानित बजेट (रू. लाखमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | देखि | सम्म | | |
| | | | लगायतको व्यवस्था गर्ने। | | मञ्च सञ्चालन | श्रावण | असार | | |
| उद्देश्य ५: सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने। | क्रियाकलाप १: तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | उच्च | १. भन्सार सम्बन्धी विषयमा भन्सार जाँचपास प्रतिनिधिहरूलाई तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | तालिम तथा अभिमुखीकरण कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | १.४४ | CFS |
| | | | २. भन्सार सम्बन्धी विषयमा अन्य सरकारी निकाय तथा निजी क्षेत्रका सरोकारवालाहरूको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | वार्षिक | तालिम तथा अभिमुखीकरण कार्यक्रम | २०८३ श्रावण | २०८८ असार | ०.७२ | GAHRDS |

# अनुसूची २ - बजेट अनुमानको गणना विधि

## १. उद्देश्य र क्षेत्र

प्रस्तुत प्राविधिक टिप्पणीको उद्देश्य सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनामा समावेश प्रत्येक कार्यका लागि बजेट अनुमान कसरी गणना गरिएको छ भन्ने विषयलाई स्पष्ट गर्नु हो। यस टिप्पणीमा लागत अनुमान गर्ने पद्धति, लागत निर्धारण गर्दा लिइएका आधारभूत मान्यता, बजेट संरचनाको वर्गीकरण, वार्षिक लागत अनुमानको आधार र गणनाका लागि तयार गरिएको मोडेलहरूले अपनाएका मान्यतालाई कसरी पारदर्शी, परीक्षणयोग्य र युक्तिसङ्गत बनाउँछ भन्ने विषय समेटिएका छन्। यस टिप्पणीले सुधार योजना कार्यान्वयनका क्रममा स्रोत व्यवस्थापनलाई मार्गदर्शन गर्ने, परिस्थिति परिवर्तन भई प्रति-इकाई लागतमा फरक आएमा बजेट अनुमान परिमार्जन गर्न सहज बनाउने र आगामी सुधार योजना तर्जुमाका लागि समेत उपयोगी आधार उपलब्ध गराउने अपेक्षा गरिएको छ।

भन्सार सुधार तथा आधुनिकीकरण योजनाले ५ आधारस्तम्भ, १० रणनीति, ३१ उद्देश्य, ८० क्रियाकलाप र ३६९ कार्य समेटी सो को लागत अनुमान गरेको छ। लागत अनुमानलाई मुख्यतः दुई समूहमा वर्गीकरण गरिएको छ। पहिलो समूहमा योजना कार्यान्वयनका लागि आवश्यक प्रत्यक्ष तथा मूर्त (Tangible) खर्च पर्दछन्, जसलाई "पुँजीगत खर्च" भनिएको छ। दोस्रो समूहमा सुधार योजनाका कार्य सम्पन्न गर्न आवश्यक तर स्थायी सम्पत्ति सिर्जना नगर्ने अमूर्त (Intangible) प्रकृतिका खर्च पर्दछन्, जसलाई "साधारण खर्च" भनिएको छ। उदाहरणका रूपमा, पहिलो समूहमा भौतिक पूर्वाधार निर्माण वा उपकरण खरिदका खर्च समावेश हुन्छन् र दोस्रो समूहमा क्षमता विकास, नीतिगत सुधार, तालिम, अध्ययन र संस्थागत सुदृढीकरणसम्बन्धी खर्च पर्दछन्।

## २. लागत अनुमान गणना विधि

बजेट अनुमान गर्दा Cost Driver विधि प्रयोग गरिएको छ। यस विधिमा प्रत्येक बजेट लाइनको लागत सबैभन्दा तल्लो तहको कार्यबाट सुरु गरी माथिल्लो तहसम्म (Bottom-up) विश्लेषण गरेर निर्धारण गरिन्छ। यसका लागि लागत अभिलेखमा राखिएको एकाइ लागतलाई कार्य योजनामा उल्लेख गरिएको परिमाणसँग गुणन गरिएको छ। उदाहरणका रूपमा क्षमता विकासजस्ता कार्यक्रमको लागत गणना गर्दा कार्यक्रमको सङ्ख्या, सञ्चालन अवधि र सहभागी सङ्ख्यालाई आधार बनाइएको छ भने उपकरण खरिदजस्ता कार्यमा प्रति-एकाइ सङ्ख्या प्रयोग गरिएको छ। यसले लागत अनुमानलाई कार्यसँग प्रत्यक्ष रूपमा जोड्ने र बजेटको आधारलाई स्पष्ट बनाउने काम गरेको छ।

लागत अनुमानको लागि खर्चहरूलाई भ्रमण, कार्यशाला, परामर्श, सफ्टवेयर, हार्डवेयर, पूर्वाधार, जिन्सी, मुद्रण, वैदेशिक अनुभव आदानप्रदान, प्रशासन र मर्मत सम्भारजस्ता शीर्षकमा वर्गीकरण गरिएको छ।

यी शीर्षक अन्तर्गत ६० वटा गणना मापदण्ड तयार गरिएको छ। सार्वजनिक खरिदका मानक दर, विगतका वास्तविक खर्च र बजारमा उपलब्ध प्रमाणबीच तादात्म्य कायम हुने गरी देहायका तीन आधारमा मापदण्ड निर्धारण गरिएको छः

- अधिकतम र न्यूनतम बजार दरको औसत
- विगतको वास्तविक खर्च
- विकास साझेदारहरूले सामान्यतया प्रयोग गर्ने परामर्श दर

**३. आधारभूत मान्यताहरू**

- **विनिमय दरको आधारः** १ USD बराबर रु. १५२ मानिएको छ। यो दर नेपाल राष्ट्र बैङ्कले जारी गरेको विनिमय दरको मध्य दरलाई आधार मानेर लिइएको हो।
- **मूल्यवृद्धि गणनाको आधारः** USD लागतका लागि वार्षिक ३% मूल्यवृद्धि सन्दर्भ दर राखिएको छ। विभागीय वार्षिक बजेटबाट सञ्चालन हुने र "साधारण खर्च" अन्तर्गत पर्ने कार्यक्रमहरूमा मुद्रास्फीति समायोजन गर्न वार्षिक ६.५% दरले पाँच वर्षसम्म चक्रीय वृद्धि गरिएको छ। यसरी पाँच वर्षसम्म हरेक वर्ष ६.५% मुद्रास्फीति चक्रवृद्धि (compounding) रूपमा जोडिँदा कुल मूल्य करिब ३७% ले बढ्ने अनुमान गरिएको छ, अर्थात् पाँच वर्षसम्म वृद्धि गर्दा कुल गुणक १.३७०१ हुन आउँछ।
- **आकस्मिक रकमको गणनाः** लागत अनुमान गरिएको प्रत्येक लाइनको आधार लागतमा समान रूपमा १०% आकस्मिक रकम (Contingency) थपिएको छ।
- **पुँजीगत किसिमका खर्चहरूमा थप भारको व्यवस्थाः** जटिलता र प्रणाली एकीकरणको जोखिम बढी भएका १२ वटा पुँजीगत खर्चमा अन्तर्राष्ट्रिय अभ्यासअनुसार थप भार राखिएको छ। यस्तो भार १०% देखि ३०% सम्म छ। Business Intelligence तथा विश्लेषण प्लेटफर्म, डेटा वेयरहाउस र hypervisor इजाजत पत्र नवीकरणमा १०%; साना सफ्टवेयर मोड्युल विकास र GC-MS प्रयोगशाला उपकरणमा १५%; कार्यालय जीर्णोद्धार तथा फिट-आउट, IP क्यामेरा तथा निगरानी प्रणाली र एक्स-रे ब्यागेज स्क्यानरमा २०%; भौतिक पूर्वाधार निर्माण र प्रयोगशाला स्तरोन्नतिमा २५%; र ठुलो राष्ट्रिय प्रणाली विकास तथा प्रयोगशाला सूचना व्यवस्थापन प्रणालीमा ३०% थप भार राखिएको छ।
- **जीवनचक्र तथा स्वामित्व लागत गणनाः** सम्पत्ति निर्माण वा खरिदपछि सञ्चालन अवधिभर लाग्ने सम्भावित खर्चलाई ध्यानमा राखी जीवनचक्र तथा स्वामित्व लागत पनि समावेश गरिएको छ। सफ्टवेयर निर्माणमा ३०% थप गरिएको छ, जसले होस्टिङ र सुरक्षा प्याचिङलाई समेट्छ। हार्डवेयरमा १५% थप गरिएको छ, जसले वारेन्टी, स्पेयर पार्ट्स, क्यालिब्रेसन र मर्मत सम्भार

समेट्छ। पूर्वाधारमा ८% थप गरिएको छ, जसले उपयोगिता खर्च र सम्भारलाई समेट्छ। तालिममा १८% थप गरिएको छ, जसले पुनर्ताजगी तथा विशेषज्ञ तालिम चक्रलाई समेट्छ। पहिले नै बहुवर्षीय SLA भएका कार्यहरूमा दोहोरो गणना नहोस् भनी यो थप भार लागू गरिएको छैन।

- **मूल्य अभिवृद्धि कर (VAT) गणनाः** सामान, हार्डवेयर, निर्माण कार्य, सफ्टवेयर, मर्मत सम्भार, परामर्श, कार्यशाला, मुद्रण र प्रशासनिक खर्चमा १३% मूल्य अभिवृद्धि कर गणना गरिएको छ। वैदेशिक अनुभव आदानप्रदान र भ्रमण खर्च विदेशमै उपभोग हुने खर्च भएकाले, साथै प्रति दिन भत्ता वा अन्तर्राष्ट्रिय हवाई भाडामा VAT लागू नहुने भएकाले, ती खर्चमा VAT शून्य राखिएको छ।

## ४. बजेट संरचना

बजेटलाई देहायका दुई भागमा विभाजन गरिएको छः

- **भाग १ (B1): पुँजीगत खर्च** - स्थायी सम्पत्ति सिर्जना गर्ने वा विद्यमान सम्पत्तिमा सुधार गर्ने कार्य यस समूहमा पर्छन्। प्रणाली, पूर्वाधार, हार्डवेयर र एक वर्षभन्दा बढी प्रयोग हुने उपकरणहरू यस अन्तर्गत समावेश गरिएको छ।
- **भाग २ (B2): साधारण खर्च** — सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनाका निश्चित क्रियाकलाप सम्पन्न गर्न आवश्यक, तर स्थायी सम्पत्ति सिर्जना नगर्ने प्रकृतिका खर्च यस समूहमा पर्छन्। परामर्श, तालिम, कार्यशाला, अध्ययन र यस्तै कार्यसम्पादनसम्बन्धी खर्च यस अन्तर्गत समेटिएका छन्।

भाग १ र २ को समष्टि नै कार्यक्रम बजेट हो। अर्थात्, कार्यक्रम बजेट सुधार कार्यहरूको लागत अनुमानको कुल रकम हो। यसै रकमले सुधार योजनाका प्रत्यक्ष कार्यान्वयनयोग्य क्रियाकलापको वित्तीय आवश्यकता देखाउँछ।

## ५. वार्षिक वितरण

प्रत्येक बजेट लाइनको कुल रकमलाई पाँच आर्थिक वर्षमा वितरण गरिएको छ। आर्थिक वर्ष २०८३/८४ देखि आर्थिक वर्ष २०८७/८८ सम्मको लागत वितरण कार्य योजनामा तोकिएको कार्यान्वयन मितिका आधारमा तय गरिएको हो। एक वर्षमै सम्पन्न हुने कार्यको सम्पूर्ण लागत सोही वर्षमा राखिएको छ। बहुवर्षीय कार्यको लागत कार्यले समेट्ने वर्षहरूमा बाँडिएको छ। कार्य योजनामा मिति स्पष्ट नतोकिएको अवस्थामा लागतलाई पाँच वर्षमा समान रूपमा, अर्थात् प्रत्येक वर्ष २०%, वितरण गरिएको छ। यसरी वार्षिक वितरण गर्दा बजेट अनुमान कार्यान्वयन तालिकासँग मिल्ने र स्रोत व्यवस्थापन गर्न सहज हुने गरी संरचना तयार गरिएको छ।

### ६. गतिशीलता र गुणस्तर सुनिश्चितता

बजेट गणना प्रक्रियालाई पूर्ण रूपमा गतिशील (Dynamic) बनाइएको छ। विनिमय दर, मूल्यवृद्धि, लागत मापदण्ड, परिमाण, चरहरू (cyclical factor) र VAT जस्ता मुख्य आधार तथ्य परिवर्तन गरिँदा कार्यक्रम तहका सबै अङ्क स्वतः पुनः गणना हुने गरी मोडेल तयार गरिएको छ।

# अनुसूची ३ - भन्सार सुधार अनुगमन सूचना प्रणाली

## १. अनुगमन प्रणालीको आवश्यकता

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना आर्थिक वर्ष २०८३/८४ देखि २०८७/८८ सम्म कार्यान्वयन हुने पाँच वर्षे सुधार योजना हो। यस योजनामा ५ रणनीतिक स्तम्भ, १० रणनीति, ३१ उद्देश्य, ८० क्रियाकलाप र ३६९ कार्यहरू निर्धारण गरिएका छन्। यस योजनाको सफल कार्यान्वयन सुनिश्चित गर्न भन्सार विभागको स्वीकृत पद, भूमिका र जिम्मेवारीअनुसार सञ्चालन गर्न सकिने व्यवस्थित, स्वचालित र वेबमा आधारित अनुगमन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।

यस अनुगमन प्रणालीले भन्सार सुधार तथा आधुनिकीकरण योजनाको तीन मुख्य उद्देश्य पूरा गर्दछः

(क) योजना र वास्तविक कार्यान्वयनबीचको अन्तर पहिचान गरी समयमै सुधारात्मक कदम चाल्न सहयोग गर्नु;

(ख) भन्सार विभागको व्यवस्थापन तथा अर्थ मन्त्रालयलाई आवश्यक पर्ने भरपर्दो प्रतिवेदन उपलब्ध गराउनु; र

(ग) भन्सार विभागभित्र परिणाममुखी कार्यसम्पादन र जवाफदेहिताको संस्कार विकास गर्नु।

## २. CRMIS प्रणालीका विशेषता

भन्सार सुधार अनुगमन सूचना प्रणाली (Customs Reform Monitoring Information System - CRMIS) भन्सार सुधार तथा आधुनिकीकरण योजनाको अनुगमनका लागि विकास गरिने वेबमा आधारित प्रणाली हुनेछ। यस प्रणालीमा सुधार योजनाका आधारस्तम्भ, रणनीति, क्रियाकलाप र कार्यहरू समेटिनेछ। कार्यगतरूपमा बजेटको विस्तृत अनुमान, कुल विनियोजित तथा खर्च भएको रकम समेत प्रविष्टि गरी अनुगमन गर्न मिल्ने गरी प्रणाली विकास गरिनेछ। यस प्रणालीले योजना अन्तर्गत निर्धारित सबै कार्यहरूको प्रगति शाखास्तरदेखि महानिर्देशकस्तरसम्म एकीकृत रूपमा र वास्तविक समयमा देखाउनेछ। यसलाई योजनाको प्रगति सम्बन्धी एक मात्र आधिकारिक स्रोतका रूपमा प्रयोग गरिनेछ। प्रणाली भन्सार विभागको आन्तरिक सञ्जालमा मात्र सञ्चालन हुने गरी सुरक्षित रूपमा विकास गरिनेछ।

## ३. अनुगमन प्रणालीको मुख्य विशेषताहरू

### ३.१ जिम्मेवारीको आधारमा पहुँच

- प्रणालीमा कम्तीमा ५ प्रकारका प्रयोगकर्ता रहनेछन्: जिम्मेवार अधिकृत, शाखाका निर्देशक/अनुगमनकर्ता, उपमहानिर्देशक, महानिर्देशक, प्रणाली नियन्त्रक (Admin)। प्रत्येक भूमिकाका लागि अलग अलग ड्यासबोर्ड, अनुमति र प्रतिवेदन रहनेछन्।

- प्रत्येक कार्यको प्रगति विवरण अद्यावधिक गर्न तोकिएको शाखागत जिम्मेवारी अनुसार सम्बन्धित शाखाका अधिकृतलाई जिम्मेवार अधिकृतका रूपमा तोक्ने सुविधा प्रणालीमा रहनेछ।

## ३.२ अनुगमन प्रणालीमा प्रगतिको प्रविष्टि गर्ने तरिकाः

- जिम्मेवार अधिकृतले आफ्नो जिम्मेवारीमा रहेका कार्यहरूको प्रगति विवरण प्रणालीमा अद्यावधिक गर्न सक्नेछ।
- सहज अनुगमनका लागि प्रत्येक कार्यमा देहायका प्रगति चरणहरू रहनेछन्:
  - सुरु नभएका कार्यहरू (०%)
  - सुरु गरिएका कार्यहरू (१०%)
  - सुरु भई विभिन्न प्रगति चरणमा रहेका कार्यहरू (२५%, ५०%, ७५%)
  - सम्पन्न भएका कार्यहरू (१००%)
- जिम्मेवार अधिकृतले प्रगति अद्यावधिक गरेपछि सो विवरण स्वीकृतिका लागि स्वतः सम्बन्धित शाखाका निर्देशक/अनुगमनकर्ता समक्ष जानेछ। सम्बन्धित निर्देशकले स्वीकृत गरेपछि मात्र उक्त प्रगति प्रणालीमा आधिकारिक रूपमा अद्यावधिक हुनेछ।
- कुनै कार्य शतप्रतिशत सम्पन्न भएको अवस्थामा सोसँग सम्बन्धित प्रमाण वा कागजात अनिवार्य रूपमा प्रणालीमा अपलोड गर्नुपर्नेछ।

## ३.३ कार्यान्वयन अनुगमन

- योजनाको सफल तथा समयबद्ध कार्यान्वयनका लागि कुनै कार्य सम्पन्न गर्ने समय नजिकिँदै जाँदा प्रणालीले सम्बन्धित कर्मचारीलाई इमेल तथा In-app सूचना पठाउनेछ।

  यसबाट निकट भविष्यमा सम्पन्न गर्नुपर्ने, म्याद नजिकिएका वा म्याद गुज्रिसकेका कार्यहरूको अवस्था वास्तविक समयमा देखिनेछ।
- कुनै कार्यको म्याद नजिकिँदा (१५ र ७ दिन अगाडि), म्याद नाघेमा वा ३० दिनसम्म कुनै अद्यावधिक नभएमा प्रणालीले सम्बन्धित जिम्मेवार अधिकृत, शाखाका निर्देशक र आवश्यकता अनुसार उपमहानिर्देशक तथा महानिर्देशकलाई स्वचालित रूपमा सूचना पठाउनेछ। यसबाट ढिलाइ भइरहेका कार्यहरू पहिचान गरी आवश्यक सुधारात्मक कदम चाल्न सकिनेछ।

## ३.४ प्रणालीबाट प्रगतिको Dashboard र प्रतिवेदन प्राप्त हुने

- जिम्मेवार अधिकृत, शाखाका निर्देशक, उपमहानिर्देशक र महानिर्देशकका लागि भूमिका अनुसार फरक फरक ड्यासबोर्ड तथा प्रतिवेदन स्वतः उपलब्ध हुनेछन्।

- समग्र प्रगति, रणनीतिक आधारस्तम्भको छुट्टाछुट्टै प्रगति, ढिलो कार्यान्वयनमा रहेका दश कार्यहरू तथा जिम्मेवार शाखा अनुसारको प्रगति विवरण उपलब्ध हुनेछ। यसका साथै कार्यान्वयन हुन बाँकी कार्यहरू, शाखागत प्रगति, जिम्मेवार अधिकृतलाई तोकिएका कार्यहरू, प्रत्येक कार्यको बाँकी दिनको उल्टो गणना र पछिल्ला तीस दिनका उपलब्धि पनि देखिनेछन्।
- योजनाको खाका (रणनीतिक आधारस्तम्भ → रणनीति → उद्देश्य → क्रियाकलाप → कार्य) पाँच तहमा आधारित भएकाले प्रत्येक कार्यको प्रगति प्रतिशत स्वचालित रूपमा प्रत्येक तहमा समूहकृत हुनेछ। एउटा कार्य अद्यावधिक हुँदा त्यसको प्रभाव क्रियाकलाप, उद्देश्य, रणनीति र आधारस्तम्भको प्रगति प्रतिशतमा स्वतः प्रतिबिम्बित हुनेछ।

## ४. अनुगमन प्रणालीको ढाँचा

CRMIS वेब मार्फत सञ्चालन हुने प्रणाली हुनेछ। प्रत्येक प्रयोगकर्ताले लग इन गरेपछि आफ्नो भूमिका अनुसारको ड्यासबोर्ड देख्नेछ।

### महानिर्देशक/उपमहानिर्देशकको ड्यासबोर्ड

योजनाको समग्र प्रगति प्रतिशत, पाँचै आधारस्तम्भको अलग अलग प्रगति विवरण, सम्पन्न नभएका १० कार्यहरू, प्रगति स्तर र शाखाअनुसारको प्रगति देखिनेछ।

### शाखाका निर्देशकको ड्यासबोर्ड

आफ्नो शाखाबाट सम्पादन गर्नुपर्ने कार्यहरू, स्वीकृत गर्नुपर्ने कार्यहरूको सूची र शाखाको प्रगति विवरण देखिनेछ।

### कार्य जिम्मेवार अधिकृतको ड्यासबोर्ड

आफ्नो शाखाबाट सम्पादन गर्नुपर्ने कार्यहरू, आफूलाई तोकिएका कार्यहरू, प्रत्येक कार्यका लागि बाँकी दिनको उल्टो गणना र पछिल्ला तीस दिनका उपलब्धि जस्ता विवरणहरू देखिनेछ।

प्रत्येक कार्यको अवस्था रङ सङ्केतसहित देखाइनेछः हरियो (Completed), नीलो (In Progress), सुन्तले (Waiting Approval), रातो (Delayed) र खैरो (Not Initiated)। प्रणालीले PDF र Excel दुवै ढाँचामा प्रतिवेदन सृजना गर्ने सुविधा दिनेछ। सबै प्रगति प्रतिवेदनमा मिति नेपाली (बि.सं.) र अङ्ग्रेजी (इ.सं.) दुवैमा उपलब्ध हुनेछ।

# अनुसूची ४ - योजना तर्जुमा निर्देशन समिति तथा प्राविधिक कार्यटोली

**क) भन्सार सुधार योजना तर्जुमा निर्देशन समिति**

| | |
|---|---|
| • महानिर्देशक | संयोजक |
| • उपमहानिर्देशकहरू | सह-संयोजक |
| • उपसचिव, अर्थ मन्त्रालय | सदस्य |
| • सबै शाखाका निर्देशकहरू | सदस्य |
| • निर्देशक, भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | सदस्य-सचिव |

**ख) भन्सार सुधार योजना तर्जुमा प्राविधिक कार्यटोली**

| | |
|---|---|
| • निर्देशक ज्ञानेन्द्रराज ढकाल | संयोजक |
| • शाखा अधिकृत रमेश सुकमनी | सदस्य |
| • शाखा अधिकृत भरतमणि सापकोटा | सदस्य |
| • कम्प्युटर अधिकृत अरुण पौडेल | सदस्य |
| • तथ्याङ्क अधिकृत मोहन कुमार पुडासैनी | सदस्य |
| • शाखा अधिकृत प्रतिष्ठा कोइराला | सदस्य |
| • शाखा अधिकृत युजिन चापागाई | सदस्य-सचिव |

**विज्ञ सहायताः** भन्सार आधुनिकीकरण सल्लाहकार श्री श्यामप्रसाद दाहाल

# अनुसूची ५ - योजना तर्जुमाको चरणमा सम्पन्न अन्तरक्रिया र छलफलमा सहभागीहरुको सूची

**भन्सार विभागमा सरोकारवालाहरूसँग Brainstorming कार्यशाला**

**२०८३ असार ४ गते**

| क्र.सं. | नाम | पद | संस्थाको नाम |
|---|---|---|---|
| | | **भन्सार विभाग** | |
| १. | श्याम प्रसाद भण्डारी | महानिर्देशक | भन्सार विभाग |
| २. | भरत मणी पाण्डे | उपमहानिर्देशक | भन्सार विभाग |
| ३. | टंकनाथ लम्साल | उपमहानिर्देशक | भन्सार विभाग |
| ४. | भुपाल राज शाक्य | निर्देशक | भन्सार विभाग |
| ५. | ज्ञानेन्द्रराज ढकाल | निर्देशक | भन्सार विभाग |
